# सत्य धर्मको खोज

[ नेपाली - Nepali - نيبالي ]

संशोधक: अतीकुर्रहमान मो.इदरीस खान मक्की

2013 - 1434

IslamHouse.com

# يوم القيامة

« باللغة النيبالية »

مراجعة: عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

## भूमिका

اَلْحَمْدُ للهِ، وَالصَّلاَةُ وَالسَّلاَمُ عَلى رَسُوْلِ اللهِ، وَعَلى آلِهِ وَصَحْبِهِ وَمَنِ اهْتَدَى بِهُدَاهُ. أَمَّا بَعْدُ:

सौभाग्य र सदाचार एक प्रकारको अपेक्षित उद्देश्य वा लक्ष्य हो एवं यस धर्तीमा बसोबास गर्ने हर प्रकारका मानवले आफुलाई प्रसन्न राख्ने एवं दुःख र कष्टलाई आफूबाट पर राख्ने हर सक्दो प्रयास गर्दछ।

मनोवैज्ञानिक बुद्धिजीवी एवं दार्शनिक, सौभाग्य र सदाचारीताको प्राप्तीको साधनहरू र दुःख र कष्टलाई पर गर्ने कुराहरूको खोजमा यी मानव प्राणी रात र दीन लागी नै रहने गर्दछन र यस सिलसिलामा प्रत्येकको आफनो बेग्लै प्रकारको दृष्टिकोण रहन्छ र छ पनि, र प्रत्येक मानवहरू आ–आफना पथ र लक्ष्यको दिशाबाट राम्री नै बिज्ञ छन।

फेरि पनि अनेकौंको यो सपना अकांक्षा र सौभाग्य अधुरो नै रहन्छ, भ्रमित भई बसी राखेको हुन्छ। ठीक त्यसरी नै जसरी एक जना मानिस जसले मादक पदार्थको सेवन गरेको होस, सो अवस्थामा उ अत्यन्त प्रसन्नतामा रहन्छ र आफनो हर दुःखलाई बिर्सि दिएको हुन्छ। तर जब त्यो नशा क्रमशः उत्रिदै जान्छ त पुनः उसको दुःखको सौभाग्य पुन वापस फर्कि आउने गर्दछ। यसको अर्थ यो हो कि मानव वास्तविक र सांचो सौभाग्यको प्राप्तिको निम्ति जुन मौलिक कारण छन त्यसबाट अनभिज्ञ रहने गर्दछन, र त्यो मौलिक कारण हो अल्लाह तआलामा ईमान र पूर्ण विश्वास कायम गर्नु। एवं यही सौभाग्य र सदाचारको रहस्य उसको प्राप्तिको सबै भन्दा उत्तम बाटो हो। अतः अमर र सत्य सौभाग्य उसैलाई प्राप्तहुन सक्छ जसले अल्लाह पाकमा ईमान ल्याउने गर्दछ र उहांले भन्नु भएको बाटोलाई अपनाउने गर्दछ र यस्तै मानिस दुनियां र परलोक दुवैलोकमा भलो र सदाचारी हुने गर्दछ। यो पुस्तक ले जुन तपाईको हाथमा छ, तपाईलाई ठुलो सौभाग्य तर्फ बोलाउदछ, र त्यो सौभग्यको कुंजी हो जसले तपाईलाई तपाईको पालनहार तर्फ बोलाउदछ जसले तपाईलाई सृष्टि गर्नु भयो। र तपाईको विश्वास र आस्थालाई यस सत्य ईमान तर्फ उभारदै लाउंदछ, जसको पुष्टि तपाईको बुद्धि र तपाईको प्रकृतिले गर्दछ। र यस पुस्तकको अन्य पृष्टहरूले तपाईलाई मानवको उत्पतिको आरम्भ र अन्त र तिनलाई उतपतिमा ल्याउनुको रहस्य र लक्ष्यको सम्बन्धमा थाहा दिने गर्दछ। अर्थात यस पुस्तकले तपाईलाई इस्लाम धर्म सम्बन्धमा जानकारी गराउद छ। जुन अल्लाह स्वयंको धर्म हो। जसलाई उहांले आफनो रचनामा आएका विविध प्राणीहरूको निम्ति पसंद गर्नु भयो, र मानिसलाई यसमा प्रवेश गर्नुको आदेश दिनु भयो। यस पुस्तकको अध्ययनको समयमा तपाई सामु यो कुरा साबित हुन्छ कि यो धर्म जुन अल्लाह पाकले तपाईको निम्ति चुन्नु भयो यो हर युग र हर समयका मानिसको निम्ति उपयोगी थियो र रहने छ। यस धर्मको निम्न महत्वहरूले नै यस धर्मको सर्वश्रेष्ठ हुनुको प्रमाणलाई स्पष्ट पार्दछ। यस पश्चात पनि तपाई यदी कुनै पारदर्शी विवरण तर्फ जानचाहनु हुन्छ त तपाई स्वयं यसको खोज र पारखीपन तीर जानुहोस र जिज्ञास आएको अवस्थामा सोधनी गर्नु होस। किन कि इस्लाम एउटा सबैको लागी नै खुला धर्म हो। जसमा जो प्रवेश गर्दा पनि हुन्छ। र यो इस्लाम कुनै पनि मतभेदपूर्ण सवाल र सो सरहको कुराहरूबाट प्रवाहित हुने गर्दैन। इस्लाम धर्ममा हर प्रकारको सवालहरूको जवाफ र हर समस्याहरूको समाधान छ।

❀❀❀

**मानवताको कथा**

मानवताको कथासार तब देखी सुरू हुन्छ जुन समयमा अल्लाह पाकले आफनो स्वयंको सम्मानित हाथहरूले नै मनुलाई माटो द्वारा बनाउनु भयो र त्यसमा आत्मालाई हालनु भयो अनि संसारका सम्पूर्ण प्राणी र वस्तुहरू बारे जानकारी गराउनु भयो र मानव प्रति अधिक मान सम्मानलाई प्रतिष्ठित गराउनुको निम्ति उहांले स्वर्गदुतहरूलाई आदेशगरि बक्सनु भयो। सो आदेशको आज्ञानुदेशमा तिनले मानवलाई सज्दा गरून। यसरी अल्लाहको हुकुम बमोजिम सम्पूर्ण स्वर्गदुतहरू ले मानवलाई सजदा गरे तर शैतानहरूको सरदार इब्लीसले चाहीं गरेन। उ आफूमा नै घमण्डलाई कायम गरी नै रहयो त अल्लाह पाकले त्यसलाई आसमानबाट तल यस ब्रहमाण्डमा खसाली दिनु भयो। उसको निम्ति नरक नै स्थाई बासास्थान भई रहने छ। यस पश्चात जब तिनले अल्लाह संग प्रलयको दिन सम्मको निम्ति छूट मागे त अल्लाह पाकले भन्नु भयो :

﴿ إِنَّكَ مِنَ ٱلْمُنظَرِينَ ﴿١٥﴾ ﴾ الأعراف: ١٥

ठीक छ तलाई प्रलयको दीन सम्मलाई छूट छ।
त इब्लिसले भन्यो।

﴿ فَبِعِزَّتِكَ لَأُغْوِيَنَّهُمْ أَجْمَعِينَ ﴿٨٢﴾ إِلَّا عِبَادَكَ مِنْهُمُ ٱلْمُخْلَصِينَ ﴿٨٣﴾ ﴾ ص: ٨٢ـ٨٣

अर्थात मलाई तिम्रो ईज्जतको कसम छ कि म ति सम्पूर्णलाई बहकाउने छु तर तपाईको वास्तविक सेवकहरू माथि मेरो कुनै प्रभाव रहने छैन।
पुनः उसको भनाई थियोः-

﴿ قَالَ فَبِمَآ أَغْوَيْتَنِى لَأَقْعُدَنَّ لَهُمْ صِرَٰطَكَ ٱلْمُسْتَقِيمَ ﴿١٦﴾ ثُمَّ لَءَاتِيَنَّهُم مِّنۢ بَيْنِ أَيْدِيهِمْ وَمِنْ خَلْفِهِمْ وَعَنْ أَيْمَٰنِهِمْ وَعَن شَمَآئِلِهِمْ ۖ وَلَا تَجِدُ أَكْثَرَهُمْ شَٰكِرِينَ ﴾ الأعراف: ١٦ ـ١٧

तिमिले मलाई भटकाई दिएका छौ। यसैले तिनलाई रोक्नुको निम्ति म तपाईको सोझो बाटोमा बसी रहने छु। तिनको अघी पछी दाहिने देब्रेबाट तिनलाई गुमराहीमा पार्नुको निम्ति आउने छु र तपाईले तिनीहरू मध्येमा अनेकौंलाई तिम्रो आज्ञाकारीतामा नरहेका पाउने छौ।
त अल्लाहपाकको भनाई थियो।

﴿ قَالَ ٱخْرُجْ مِنْهَا مَذْءُومًا مَّدْحُورًا ۖ لَّمَن تَبِعَكَ مِنْهُمْ لَأَمْلَأَنَّ جَهَنَّمَ مِنكُمْ أَجْمَعِينَ ﴾ الأعراف: ١٨

अपमानित र लांछित भई तँ यहां देखी निक्लिहाल, तिनीहरू मध्येबाट जसले पनि तेरो अनुकरण गर्ने छन तिमी लगायत ती सबैलाई म नरकमा हाली दिने छु।

यसरी अल्लाह पाकले त्यसलाई आकाश देखि निकाली दिनु भयो र त्यसलाई पथ भ्रष्ट गर्नु गराउनुको निम्ति र मानिसको आत्मामा बिगार ल्याउने, र उनिलाई भ्रममा पार्नुको शक्तीलाई प्रलयको

दीन सम्मको निम्ति छूट दिनु भयो। ताकि त्यसको पाप बढदै जाओस र सो को बदला तिनले पाउने यातना बढदै जाओस। प्रलयको दिनमा त्यसको कर्ममा राम्रो र नराम्रो के त्यसलाई छुट्याउन सकियोस। त्यस पछि अल्लाह पाकले आदमबाट उहांको स्त्री हौवालाई बनाउनु भयो ताकि आदमले तिनीबाट सुखलाई प्राप्त गर्न सकुन। त्यस पछी उहांले तिनलाई आफनो दयालुताको बगैचा स्वर्गमा रहनुको आदेश दिनु भयो। त्यस स्वर्गमा त्यस्ता कुराहरू पनि छन जसलाई कसैले न त आंखांले देखेको छ, न बा नै कानले सुनेको छ, न बा नै कुनै मानवको मनले नै सो को सम्बन्धमा जानेको छ। र अल्लाह पाकले तिनलाई भन्नु भयो इब्लीस तिम्रो खुला शत्रु हो। त्यसैले सावधानी बरताउदै स्वर्गको प्रत्येक बृक्षहरूको फललाई खानु र एउटा बृक्षको फल न खानु, त शैतानले तिनको मनमा भ्रम पसाल्यो, र तिनलाई सो बृक्षको फल खानुको निम्ति लोभ्यायो र तिनले सो बृक्षको फल पनि खाए, त्यस शैतानले आफू तिनीहरू को हितैसी हुनु को दावी गरी कसम खायो र भन्यो कि यदी तिमी दुबैले यस बृक्षबाट यसको फल खाने छौ त तिमीहरू सधैं यसै बागमा नै रही रहने छौ।

यसरी त्यस शैतानले सृष्टिका ती मानव जोडीलाई भटकाउदै आयो र अन्तमा पूर्ण प्रकारले तीनलाई भटकाउन सफल पनि भयो। यहां आई तिनले त्यस शैतानको भटकाईमा परे र अल्लाहको क्रोधलाई प्राप्त गरे। यसरी ती मानव जोडी आफूले गरेको कुकर्मबाट लज्जित भए र अल्लाह पाक संग क्षमा याचना गरे र अल्लाह पाकले तिनलाई क्षमा पनि गरे। र ती दुवैलाई चुनी आफनो अपार कृपाभावले सम्पन्न यस संसारमा पठाई दिनु भयो, र आदम यस धर्तीमा आई पुग्नु भयो, र अल्लाह पाकले उहांलाई यस्ता संतानहरू दिए कि जसको संख्या दिन प्रति दिन निरंत्रतामा नै रह्यो। त्यस पश्चात अल्लाह पाकले तिनलाई मृत्यु दिनु भयो र स्वर्गमा प्रवेश गराउनु हुनेछ।

आदमको यस संसारमा आउनु दिन देखि नै मानवका संतान र इब्लीसको साथै इब्लीसका संतानहरू बीच दुश्मनी रही नै आएको छ ताकि मानव संततीलाई सत्यको पथ देखि बिचलित पार्न सकियोस्। तिनलाई सत्कर्म देखि बिचलित पार्न सकियोस् र बुराई र कुकर्म तर्फ तिनलाई भटकाउन सकियोस। तिनलाई ती हरएक कुराहरूबाट पर राख्न सकियोस जुन कुराले अल्लाह पाक खुशी हुने गर्दछन जसबाट बंचित रहनाले आदमका संतान दुर्भाग्यमा पडने छन, र प्रलयको दिनमा तिनीहरू लाई नरकको आगोमा जानु परोस्।

अल्लाह पाकले आफ्नो रचनालाई ब्यर्थमा नै रचेका होईनन् र न बेकार नै छोड्नु भएको छ। तिनैको हिफाजतको निम्ति उहांले तिनीहरू प्रति अनेकौं नबीहरूलाई पठाउनु भयो जिनीहरूले मानवलाई अल्लाहको उपासना एवं अल्लाह द्वारा प्रतिपादित जीवनको विधि निकायहरूलाई प्रस्तुत पार्नु भयो, र तिनलाई दुनिया र अखिरतको बारेमा जानकारी गराउनु भयो एवं अल्लाह पाकले मानव र दानवहरूलाई यस कुराबाट अवगत गराउनु भयो कि जब तिमी निर मलाई प्रसन्न गराउने कुनै पनि कुरा आउने छ जस्तै किताब, रसूल, त तिनको अनुकरण गर किन कि तिनले अल्लाहको पथको अनुकरण गरी आएका छन। र जसले यी कुराहरूको अनुशरण गरी जाने छन तिनलाई कुनै पनि कुराको भय रहने छैन, र न ती पथभ्रष्ट हुन् बल्कि तीनीहरू त दुनिया र आखिरतमा सौभाग्यशाली हुने छन्। यसरी नै मानव सम्यताको कथासारको प्रारम्भ भयो। यसरी नै आदम र आदम पछिका संतानहरूले दशौं शताब्दीहरू सम्म एकै आस्था र विश्वासमा जीवित रही नै एकेश्वरबादको अनुकरण गरी रहे। त्यस पश्चात नै मानवहरूले वहुदेववादलाई अस्तित्व दिन थाले र अल्लाहलाई छाडी गैरूल्लाहको पूजा हुन थाल्यो।

अल्लाहपाकले आदम ﷺ पश्चात नूह ﷺ लाई आफनो पैगम्बर बनाई पठाउनु भयो। ताकि उहांले मानिसहरूलाई सत्य ईश्वरको परिचय दिउन् र तिनै एक अल्लाहको बन्दगी तर्फ मानिसहरूलाई बोलाउन्। बहुदेववाद देखी मानिसहरूलाई पर रहनुको पुकारलाई कायम नै राखुन्। त्यस पश्चात अनेकौं नबीहरू क्रमिक प्रकारले संसारमा आउंदै गए। तिनीहरूको प्रत्येक धर्मिय अधारशिला समान नै थियो। यी नबीहरू कोई अघि र कोई पछि गरी आएका हुन। तिनीहरूको धर्मिय आस्था र विश्वासहरू समान नै थियो। तिनीहरूको मुख्य प्रसार चाहीं एकेश्वरवाद तर्फ मानिसहरूलाई बोलाउनु थियो। तिनी सबैको एकै आवृहान थियो कि एक अल्लाहको उपसना गर र देवी देवताहरूको उपासना देखि पर रह। यहां सम्म कि इब्राहीम ﷺ आउनु भयो र तिनले आफ्ना जातिका मानिसहरूलाई वस्तु पूजाबाट पर रहनुको हुकुम दिनु भयो र तिनलाई एकेश्वरवाद तर्फ नै बोलाउनु भयो। उहां पछि उहांका संतान इस्माईल ﷺ र इस्हाक ﷺ मा नबूवतको सिलसिला जारी नै रह्यो। यस पछी नबूवतको सिलसिला इसहाकको संतानहरूमा चली नै रह्यो। उहांको संतानहरूमा प्रकट भएका प्रसिद्ध नबीहरू मध्ये याकूब, यूसुफ, मूसा, दाउद, सुलैमान र ईसा अलैहिमिस्सलाम हुन्। ईसा ﷺ पछि बनि इस्राईलमा कुनै नबी आएनन्। अब आएर नबूवत इस्माईल ﷺ को संतानहरूमा प्रवेश गर्‍यो यसरी नै नबूवतको क्रमिक प्रकारमा मुहम्मद ﷺ[1] लाई अल्लाह पाकले आफ्नो अन्तिम नबी चुनी पठाउनु भयो र यही ती नबी हुन् जसलाई अल्लाहबाट आउने नबीहरूमा अन्तिम नबी बनाई अल्लाहका वाणीहरूको अन्तिम र निर्णायक पुस्तक जुन कुरआनको रूपमा प्रकट भयो सम्पूर्ण मानवजातिको निम्ति नै मार्गदर्शन बनि आएको छ, र मानव सभ्यताको निम्ति नै फलदायी पुस्तक बनी आएको छ। यसरी उहांको संदेश सम्पूर्ण मानव जगतको निम्ति नै फल दायी साबित भई रहेको छ। कुरआन जुन मुहम्मद ﷺ माथि अवतरित गरियो सिर्फ मानव जगतको निम्ति मात्र हैन बरू दानवहरूको निम्ति पनि उपयोगी बनी आएको छ। उहांले आफनो मार्गदर्शनमा मानव सम्प्रदायलाई भलाईको मार्ग तर्फ मात्र नै बोलाउनु भएको छ र तिनलाई प्रत्येक प्रकारको कुकर्मबाट रोकेको छ। यसरी नै सत्यलाई अधारशिला मान्नुमा नै सबैको भलो छ किन कि अल्लाह निर इस्लाम धर्मलाई छोडी अरू कुनै धर्म स्विकारीय हुने छैन।

(1) अरबी को यस शब्द को उच्चारण "सल्लल्लाहु अलैहि व सल्लम" हो जसको अर्थ हुन्छ : उहां माथी शान्ति र दयाभाव बिराजियोस।

## मुहम्मद ﷺ को नबूवत र उहांको संक्षिप्त जीवनाचार्य

मुहम्मद ﷺ को जीवनी र उहांको नबूवतको बारेमा बिराट र बिस्तृत विश्लेषण अत्यन्त विशाल र बिराट छ। ज्ञानीहरूले यस सम्बन्धमा अनेकौं पुस्तकहरू लेखी आएका छन्। यहां नीर यस सम्बन्धमा विस्तृत कुरा गर्नुको आवश्यकता छैन। किन कि मुहम्मद ﷺ को दूतत्वको सम्बन्धमा पहिले नै जानकारी गराईएको छ। र उहांमाथि उतारिएको पुस्तक कुरआन करीम तिनै ईश्वरबाट प्रतिपादीत अवतरणमा ल्याईएको अन्तिम पुस्तक हो।

**(क) उहांमा नबूवतको संकेत**

अल्लापाकले मुहम्मद ﷺ को निम्ति अनेकौं कुराहरूलाई तैयार पार्नु भयो। जुन उहांको नबी हुनुको अग्रीम सूचना थियो।

**1. इब्राहीम عليه السلام को दुआ र ईसा عليه السلام को शुभ सुचना र मुहम्मद عليه السلام को माताश्री को सपुना।** नबी करीम ﷺ आफनो बारेमा भन्नु हुन्छ किः- “म इब्राहीम عليه السلام को दुआ, ईसा عليه السلام को सूचना हू र म मेरो आमाको गर्भमा रहेको अवस्थामा देख्नु भएको सपुना हू कि उहांबाट एउटा प्रकाश निक्ल्यो जसले शामको धर्ती बसरा सम्मलाई उज्यालो पाऱ्यो।”

नबी करिम ﷺ को कथनको आसाय यो हो कि इब्राहीम عليه السلام ले मक्का नगरमा जब आफ्नो छोरा इस्माईल عليه السلام को सहयोगमा कअ्बा शरीफको निर्माणमा लाग्नु भएको थियो त त्यसै समयमा उहांले भन्नु भएको थियो कि :-

﴿ وَإِذْ يَرْفَعُ إِبْرَٰهِـۧمُ ٱلْقَوَاعِدَ مِنَ ٱلْبَيْتِ وَإِسْمَٰعِيلُ رَبَّنَا تَقَبَّلْ مِنَّآ ۖ إِنَّكَ أَنتَ ٱلسَّمِيعُ ٱلْعَلِيمُ ﴿١٢٧﴾ رَبَّنَا وَٱجْعَلْنَا مُسْلِمَيْنِ لَكَ وَمِن ذُرِّيَّتِنَآ أُمَّةً مُّسْلِمَةً لَّكَ وَأَرِنَا مَنَاسِكَنَا وَتُبْ عَلَيْنَآ ۖ إِنَّكَ أَنتَ ٱلتَّوَّابُ ٱلرَّحِيمُ ﴿١٢٨﴾ ﴾ البقرة:١٢٧ -١٢٨

ऐ हाम्रो पालनहार! तपाईले हामीबाट यस राम्रो कर्मलाई स्वीकार। तिमी नै सुन्ने वाला र जान्ने वाला होई बक्सनु हुन्छ। हे हाम्रो स्वामी हामीलाई तपाईको आज्ञाकारी सेवक बनाई दिनु होस र हाम्रो संतानहरू मध्येहरूबाट पनि तपाईको सेवक बनाई दिनुहोस् र हामीलाई तपाईको उपासनाको तरीका सिकाई दिनु होस र हामी माथि दया गर। तिमी नै प्रयाश्चिततालाई मन पराउने वाला होई बक्सनु हुन्छ।
र यो पनि विन्ति गर्नु भयो :

﴿ رَبَّنَا وَٱبْعَثْ فِيهِمْ رَسُولًا مِّنْهُمْ يَتْلُوا۟ عَلَيْهِمْ ءَايَٰتِكَ وَيُعَلِّمُهُمُ ٱلْكِتَٰبَ وَٱلْحِكْمَةَ وَيُزَكِّيهِمْ ۚ إِنَّكَ أَنتَ ٱلْعَزِيزُ ٱلْحَكِيمُ ﴿١٢٩﴾ ﴾ البقرة:١٢٩

हे हाम्रो पालनकर्ता तपाईले मेरा तिनै संतानहरूबाट पुनः नबी चुनी पठाउ, जसले तिनीहरूलाई तपाईको आयतहरूलाई पढी सुनाओस र स्वर्गीय पुस्तक र सदाचारीताको बारेमा तिनलाई शिक्षा दिन

सकोस। यसरी तिनलाई स्वच्छ गराई देउ हे पालनकर्ता निसंदेह तपाई अत्यन्त अधिपत्यशाली र तत्वदर्शी होई बक्सनु हुन्छ।

यसरी अल्लाह पाकले इस्माईल ﷺ र इब्राहीम ﷺ को दुआलाई कबूल गर्नु भयो र तिनै को संतानहरूबाट मुहम्मद ﷺ लाई आफनो नबी चुन्नु भयो। यसरी नै ईसा ﷺ को भविश्यवाणी सम्बन्धमा भन्नु हुन्छ कि :- ईसा ﷺ ले उहांको नबूवतको बारेमा अग्रीम सुचना गराउनु भएको थियो। जसरी यहां अल्लाह पाकको कथन छः-

﴿ وَإِذۡ قَالَ عِيسَى ٱبۡنُ مَرۡيَمَ يَٰبَنِيٓ إِسۡرَٰٓءِيلَ إِنِّي رَسُولُ ٱللَّهِ إِلَيۡكُم مُّصَدِّقٗا لِّمَا بَيۡنَ يَدَيَّ مِنَ ٱلتَّوۡرَىٰةِ
وَمُبَشِّرَۢا بِرَسُولٖ يَأۡتِي مِنۢ بَعۡدِي ٱسۡمُهُۥٓ أَحۡمَدُۖ ﴾ الصف: ٦

र जब ईसा बिन मरयमले भन्नु भयो कि हे! इस्राईल को संतति! म तिमीहरू निर अल्लाहको रसूल बनि आएको छु। म भन्दा पहिलेको पुस्तक तौरातलाई अनुमोदन गर्दछु र म पश्चात आउनेवाला रसूलको बारेमा शुभ सूचना दिंदै छु। उहांलाई अहमदको नामले चिनिने छ।
र यो नाम मुहम्मद ﷺ को नै नामहरू मध्ये एउटा नाम हो।

***उहांको आमाले देख्नु भएको सपना*** :– उहांको आमाले जतिखेर उहांलाई भूमिष्ठ पार्नु भयो त उहांले आफनै आँखाले एउटा प्रकाश देख्नु भयो र सो प्रकाशमा तिनले शामको धर्ती र बसरालाई प्रकाशमान पाउनु भयो।

**2. *नबी अरबको धर्तीमा जन्मिनु*** :– अरबका निवासीहरूमा एक थरिका अरबीहरू सो समयको अन्य अरबीहरू भन्दा ज्ञानी गुनी र सभ्यहरू पनि थिए। यद्यपि तिनीहरू यस उत्तम कर्मको निम्ति तैयार भए जब तिनीहरूमा इस्लाम धर्मको बारेमा कुरा आयो त तिनले आफनो पहिलेका संस्कारहरूलाई त्यागी इस्लामलाई ग्रहण गरे। किन कि इस्लामले तिनको अन्धविश्वासी प्रथाहरूमा सुधारको प्रकाशलाई परिलक्षित पारेको थियो। तिनीहरू यद्यपि अनपढ, मूर्ख, बर्बरताको हदहरूलाई पार गरी चोरी लुटपाट जुआखोरीको साथै लडाई झगडाको होडमा नै तिनले आफुलाई सभ्य मान्नेहरूले पनि आपसमा सुधारको परिकल्पना गरे, र इस्लाम धर्मलाई तिनले सहर्ष नै स्वीकारे। यस भन्दा पहिले पनि अरब वालाहरूले आफूलाई सदा नै स्वतंत्र र बलिष्ठ सम्झने मानिसहरूले आफुलाई इस्लामको दायरा भित्र राखी एउटा विधि निकायको क्षेत्रमा राख्ने परिकल्लना गरे। यहांको समयमा पनि अनेकौं धर्म पंथिहरू थिए जिनीहरूले धर्मको नाममा शोषण दमन अत्यचार र व्याभिचारीतालाई कायम नै गरी आएका थिए। ती धर्महरूमा मानवलाई ज्योतिष शाश्त्रको विद्या सिवाय अरू कुनै पनि कुरामा विश्वास राख्न सक्दैन थिए। तिनलाई तिनको विरोध धरी गर्न पाउने थिएनन्। जसरी तिनीहरू माथि आर्थिक नाकाबन्दि थियो भने लेन देनको बारेमा पनि तिनीहरू माथि पाबन्दी लगाईएको थियो तर सो समयमा पनि यी अरबका जातिहरू सम्पूर्ण ती परिबन्धहरूबाट र कर्महरू बाट अजाद थिए। जब कि अन्य जाति र धर्मावलम्बिहरू कोई राजा र बादशाहाहरूको अधीनमा थिए त कोई सरदार र कबिलाका प्रमुखहरूको अधीन थिए। अरबवालाहरूको ईमानदारीता र सुशीलपनको कारण नै थियो कि तिनले आफनो मर्यादा र अस्तित्वलाई श्रेष्ठ राख्नमा सफल भए। तिनीहरूको तुलनामा अरू जाति र वंशका मानिसहरू धनी र दौलतमंदहरू पनि थिए तर तिनमा धर्मको पुकार भने पुगेन, किन कि तिनलाई घमण्ड थियो। तर अरबजातिहरूलाई अल्लाह पाकले

आफनो निर्देशनको मार्गमा अग्रीमतामा राखे र सो कर्मको दायित्व मुहम्मद ﷺ को उत्तरदायीत्वमा आयो।

**3. परिवारको श्रेष्ठताः–** उहांको परिवार अत्यन्त श्रेष्ठ थिए। जस सम्बनधमा अल्लाहपाको कथन छ।

﴿ إِنَّ ٱللَّهَ ٱصۡطَفَىٰٓ ءَادَمَ وَنُوحٗا وَءَالَ إِبۡرَٰهِيمَ وَءَالَ عِمۡرَٰنَ عَلَى ٱلۡعَٰلَمِينَ ﴾ آل عمران: ٣٣

निःसंदेह ! अल्लाह पाकले आदम र नूह एवं इब्राहीम र इम्रानको परिवारलाई सर्वश्रेष्ठ बनाउनु भएको छ।

अल्लाह पाकले किनानालाई इस्माईलको संतानबाट र कुरैशलाई किनानाबाट र बनी हाशीमलाई कुरैशबाट चुन्नु भयो र बनु हाशीमबाट म मुहम्मद ﷺ लाई नबी बनाई चुन्नु भयो। यसरी नै इस्माईलका सन्तानहरू मुहम्मद ﷺ भन्दा पहिले पनि श्रेष्ठ थिए र पछि पनि श्रेष्ठ नै रहे। जसरी इस्हाकका संतान बीचमा केही समयको निम्ति तिनका समाजमा लोकप्रिय थिए। अल्लाह पाकले कबिला कुरैशलाई यस कारणले चुन्नु भयो किन कि अल्लाहले तिनलाई अनेकौं गुणहरूले सुशोभित पार्नु भएको थियो, खास गरी मस्जिदे ह़रामको सेवा पश्चात र मक्का नगरको आवाद भए पछि, यो यस कारणले थियो कि यीनिहरू इस्माईलको सन्तानहरू बीच गौत्रवंशमा सबै भन्दा श्रेष्ठ थियो र सबै भन्दा बोलिचालीमा राम्रो शैलीवाला थियो। अल्लाहले बनु हाशिमलाई यस कारणले चुन्नु भयो कि तिनीहरू राम्रो चरित्रवान र उत्तम आचरणका मालिक थिए। लडाई झगडा भन्दा तिनीहरू संधि र समझौताहरूमा विश्वास गर्ने गर्दथिए। अनाथ र गरीब गुरूबाहरूको निम्ति यिनीहरू अत्याधिक दयालु थिए। कथन सार यही नै थियो कि इब्राहीम عليه السلام का सन्तान र इस्माईल عليه السلام को संतान त्यहां पछि परिशुद्धि प्राप्त गर्दै आए। अल्लाह पाकले पुनः सो हि बंशजबाट मुहम्मद ﷺ लाई बनू हाशीमबाट चुन्नु भयो र तिनलाई आदमको संतानहरू बीचबाट सबैभन्दा उत्तम सरदार बनाउनु भयो।

**4. नबीको उच्च आचरण :–** अल्लाहपाकले उहांलाई अत्यन्त नै राम्रो मानिसको आचरणले सुशोभित पार्नु भयो। पैगम्बर हुनु भन्दा पनि पहिले उहां आफ्नो जाति र बंशजमा अत्यन्त नै उत्तम चरित्रको हुनु हुन्थ्यो। अनाथको रूपमा उहांले आफुलाई पाउनु भयो, र पालनपोषण पनि अनाथपनमा नै हुंदै गयो। फक़ीरको रूपमा तिनले आफुलाई युवाअवस्थामा पाउनु भयो। त्यस पछि उहांले विवाह गर्नु भयो र आफनो जीवन संगीनी संग पनि उहां निष्ठावान नै हुनु हुन्थ्यो। उहांले कुरैश बंशजको धार्मिक या संसारीक जीवनलाई अनुकरण गर्नु भएन र न त तिनको धर्मीय आचरणलाई नै मानि आएका थिए। तिनीहरूको कुनै रीति रिवाजमा सहभागी पनि हुने थिएनन्। उहांको जीवनीमा कहीं पनि यस कुराको प्रमाण छैन कि उहांले आफनो धर्मीय जीवनको आचरणलाई कसैको सरदार र नेता बनौं भन्ने उद्देश्यले वहन गरेका होउन्। उहां राम्रो चरित्र ईमानदारी र स–चरित्रको निम्ति विख्यात हुनु हुन्थ्यो। त्यसैले नबूवत भनदा पहिले नै उहांलाई मानव समप्रदायहरू बीचमा श्रेष्ठ सम्मान हासील थियो र कुरैशका मानिसहरूले उहांलाई अल–अमीन भनि पुकारने गर्द थिए। यिनै गुण र विशेषताहरूको आडमा उहां जवान हुनु भयो र पासविक र आत्मिय सगुणताको माध्यममा उहांको दर्जा अत्यन्त वैभवशाली थियो। उहांले कहिल्यै पनि माल, पद, ख्यातिको ईच्छा गर्नु भएन। यहां सम्म कि अब बिस्तारै उहांमा अल्लाहबाट वहीहरू आउन शुरू भयो।

**5. उहां अनपढ़ र अशिक्षित हुनु हुन्थ्योः–** उहांलाई लेख्न पढन आउदैन थियो। उहांको नबी हुनुको प्रमाण यही नै थियो कि उहांले यस भन्दा पहिले कुनै अक्षर या भाषाको ज्ञान राख्नु हुने थिएन। उहां न त कुनै ख्याति प्राप्त कवी हुनु हुन्थ्यो र न त उहां कुनै साहित्यमा माहिर हुनु हुन्थ्यो। उहांले सिर्फ पवित्र मार्गदर्शनको पवित्र आव्हानलाई लिएर आउनु भयो र ईश्वरवाणीको पवित्र मार्गदर्शनलाई नै उहांले प्रसारमा ल्याउनु भयो। जसले सामुहिक बिलक्षणताको विवादहरूलाई जरैबाट उखेली दियो र उहांको अनुकरण गर्नेहरूलाई मानवताको सेवा र तिनको उद्धारको जमानत दिनु भयो, र तिनलाई तिनको रचनाकर्ता र पालनहारको दासतालाई छोडी अन्यको दासताबाट आजादी दीलाउनु भयो। यिनै कुराहरू हुन् उहांको नबूवतको प्रमाण र जसमा छल र कपटको कुनै निशानी पाईदैन।

**(ख) नबीको वंशावली र वहांको जीवनीको संक्षिप्त परिचय**

उहांको वंशजको शुरूआत यसरी भएको पाईन्छ – मुहम्मद पुत्र अबदुल्लाह पुत्र अब्दुल मुत्तलिब पुत्र हाशिम पुत्र अब्दिमनाफ़ पुत्र कुसै पुत्र किलाब पुत्र मुर्रह पुत्र काअ़ब बिन लुअई पुत्र ग़ालिब पुत्र फिह्र पुत्र मालिक पुत्र नज़र पुत्र किनाना बिन ख़ुजैमा पुत्र मुद्रिका पुत्र इल्यास पुत्र मुज़र पुत्र निज़ार पुत्र मअद पुत्र अ़दनान। अदनानका परिवार अरबका बंशजबाट थियो र अरब इस्माईल पुत्र इब्राहीम का संतान थिए।

तपाईको आमा आमिना पुत्री अब्दे मनाफ पुत्र जोहर हुनु हुन्थ्यो एवं जोहर उहांको बाजेको भाइको नाम हो। उहांको पिता अब्दुल्लाहले आमा आमिना संग विवाह गर्नु भयो तिनैको घरमा तीन दिन सम्म रहनु भयो र यहीं आमा आमिना गर्भवती हुनु भयो।

उहांको जन्म आमुल फील ५७१ ई मा भयो। यस समयमा उहां आफनै आमाको पेटमा हुनु हुन्थ्यो कि उहांको पिताको मृत्यु भयो।

उहांको बाजे अब्दुल मुत्तलिबले उहांको परवरिस गर्नु भयो। सिर्फ तीन दिन सम्म आमा आमिनाले उहांलाई आफनो दूध खुवाउनु भयो। त्यस पछि उहांको बाजेले उहांको पालनपोषणको निम्ति धाई आमा हलीमा साअ़दियालाई दिनु भयो। ती दाई आमाले नबीलाई कोख लिए पछि अनेकौं चमत्कारी कुराहरू देख्नु भयों।

तिनी आफनो पतिसंग मक्का नगरमा ज्यादै कमजोर वाहन एउटा ऊंटनीमा चढी शिशुहरूलाई कोख लिई तिनको पालनपोषणको जिम्मा लिने गरी आएकी थिईन। जब मक्काबाट उहांले आमिना को पुत्रलाई लिई फर्कनु भयो त तिनको वाहनमा आश्चर्य जनक परिवर्तन पाउनु भयो। त्यो वाहन अत्यन्त द्रुत गतिमा हिडन थाल्यो। आउदा सबै भन्दा पछि पडने वाहन फर्कदा सबै भन्दा अघि हिडदा सबै लाई आश्चर्य लाग्यो।

हलीमाको कथन छ :- तिनको छातीमा ज्यादै कम दूध आउने गर्दा थियो। जसको कारणले गर्दा उहांको आफनै बच्चा भोकले सधैं रोई रहन्थ्यो तर जब मुहम्मद ﷺ ले तिनको थनमा आफनो मुखलाई राख्नु भयो त अचानक त्यस दूधविहीन छातिमा पनि दूध पलाउन थाल्यो। यसरी उम्रेको दूधले तिनको आफ्नो छोरा र मुहम्मद ﷺ लाई पेट भरने गरी दूध पान गराउदा पनि दूधको कमिको अभास सम्म हुने भएन।

हलीमा सअ्दियाको भनाई यो पनि छ कि तिनले बसोबास गर्ने स्थान सदा नै अकाल र सुखाले ग्रस्त रहन्थ्यो तर जब उहांले मुहम्मद ﷺ लाई काखा लिनु भयो त त्यस क्षेत्रमा हरीयालीको थालनी हुन थाल्यो र अब सम्पन्नता छाउन थाल्यो। दुई साल पछि आमा हलीमाले उहांलाई लिई तिनको आमा आमिना र बाजे निर मक्कामा आउनु भयो। तर हलीमाको अनुरोध तिनीहरू संग यही नै थियो अझै पनि मुहम्मद ﷺ लाई आफु निर नै रहन दिउन ताकि उहांको द्वारा प्राप्त हुने जुन साह छ त्यो निरन्त्रतामा रही नै रहोस। आमा अमिनाले उहांलाई पुनः हलीमालाई सुम्पी दिनु भयो। पुनः दुई सालको अवधीमा हलीमाले उहांलाई लिई आमा आमिना निर आउनु भयो। त्यस समयमा उहांको आयु चार सालको थियो। अब आमा आमिनाले उहांलाई आफनो मृत्यु सम्मा आफै संग राख्नु भयो र यस समयमा उहांको आयु ६ वर्षको थियो। यसरी अब आमाको मृत्यु पछि बाजे अब्दुल्मुत्तलिबले दुई वर्ष सम्म उहांको परवरिस गर्नु भयो। यसरी उहांले आफ्नो छोरा र मुहम्मद ﷺ को कान्छबाबा अबूतालिबलाई उहांको लालन पालनको वसीयत गर्नु भयो। त्यसैले अबूतालिबले उहांको स्याहर सुसार आफनै छोरा छोरी जस्तै गरी गर्नु भयो। उहांले मक्का नगरका विविध घरानाहरूको भेडा बाखा चराउनु हुन्थ्यो र सो द्वारा नै आफ्नो गुजर बसर गर्नु हुन्थ्यो। त्यस समयमा उहांको आयु १२ वर्षको थियो कि उहां पनि आफनो कान्छा बाबा आबूतालिब संग व्यापरको शिलशिलामा शाम बर्तमानमा सिरिया तर्फ जाने गर्न थाल्नु भयो। त्यहां बूहैरा राहिब भन्ने एक जना पुरोहित संग उहांको भेट भयो। त्यस पुरोहितले त्यस बालकमा अन्तिम नबी हुनुको लक्षण पाउनु भयो र उहांको कान्छाबाबा अबूतालिबलाई उहांको नबी हुनुको कुरालाई जनाउनु भयो र यहुदीहरूको शत्रुताबाट उहांलाई निर्देशन दिनु भयो। यस पछि उहांले दोस्रो पटक खदीजा पुत्री ख्वैलिद्को व्यापारिक पारवाहनलाई सम्भाली त्यसै तर्फ व्यापारिक यात्रा गर्नु भयो। उहांको सो व्यापरिक यात्राले खदिजालाई अत्यन्त नै लाभ हुन पुग्यो।

खदिजा कुरैश बंशजको एक जना सुशिल, प्रतिष्ठित, धनीहुनु को साथै बुद्धिमानी नारी पनि थिईन। तिनको यिनै विशेषताहरूले गर्दा उहांलाई अज्ञानताको समयमा पनि ताहिराको नामले पुकारिन्थ्यो। जब मुहम्ममद ﷺ सम्बन्धमा खदिजाको पुरानो गुलाम मैसराले सो व्यापारिक यात्रामा मुहम्मद ﷺ द्वारा भएको चमत्कारी कुराहरू र सिरियाको बुहैराको बयान सम्बन्धमा जानकारी पाईन् त तिनले मुहम्मद ﷺ संग विवाहको इच्छालाई प्रकट गराईन्। खदिजाको विवाह भई सकेको थियो र उहांको पतिको मृत्यु पनि भई सकेको थियो। उनी विधवा नारी थिईन्। यसरी उहांको विवाह खदिजा संग २५ वर्षको उमरमा भयो। त्यस समयमा खदिजाको आयु ४० वर्षको थियो। यसरी खदिजाको मृत्यु सम्म न त तिनले कसैसंग विवाह नै गर्नु भयो न त उहांलाई जति प्रेम कसैलाई गर्नु भयो। नबूवतको दश वर्ष पछि खदिजाको मृत्यु भयो। तिनको मृत्यु पछि पनि उहांले तिनको ज्यादै प्रशंसा गर्नु हुन्थ्यो, उहांको नाममा उहांका संगीनीहरूलाई उपहारहरू, सहयोग दान र दक्षिणा दिने गर्नु हुन्थ्यो। मात्र इब्राहीमलाई छोडी अरू जति पनि उहांका संन्तानहरू थिए यिनै खदिजाबाट नै जन्मेका हुन्। इब्रहीमको जन्म मुहम्मद ﷺ को पत्नी मारिया क़िब्तीयाबाट भएको हो।

**(ग) पवित्र मार्गदर्शनको आरम्भ**

जब उहांको आयु ४० वर्षको भयो, उहांको शारीरिक बृद्धि र मानसिक बुद्धिको पूर्ण विकास भयो त सांचो सपुनाहरू जस्तै गरी उहांमा पवित्र अवतरणका मार्गदर्शनहरू प्रकट हुन थाले। अतः जुन कुराहरू उहांले सपुना मा देख्नु हुन्थ्यो ठीक त्यसरी नै वास्तविक तरिकामा मार्गदर्शनहरू

पनि सो अनुरूप नै प्रकट हुने गर्दथियो। अब उहां एकान्तमा रहन थाल्नु भयो। यसरी नै एकान्त प्रियताको कारणले गर्दा उहां मक्का नगरको अल हिरा गुफामा ध्यान मगन भएर बस्न थाल्नु भयो। कयौं रातहरू सम्म उहांले अल्लाहको उपासना गर्नु हुन्थ्यो फेरी आमा खदीजा निर आउनु हुन्थ्यो र रासन पानी लिई पुनः सो ही गुफामा जानु हुन्थ्यो। यो सिलसिला पवित्र रमजानको महिनामा उहांमा पवित्र कुरआनको वाणी जारी हुने सम्म चल्दै रहयो। त्यसै समयमा अल्लाहको तर्फबाट फरिश्ता जिब्रील ﷺ आई उहांलाई भन्नु भयो कि :-

हे मुहम्मद पढ, त उहांले भन्नु भयोः- म पढन सक्तिन। जिब्रीलले पुनः भन्नु भयो :- पढ। त उहांले पुनः भन्नु भयोः- म पढन सक्तिन। जिब्रीलले पुन भने। पढनुहोसः- त पुनः उहांले भन्नु भयो म पढना सक्तिन। त अब जिब्रील ﷺ ले उहांलाई आफ्नो दुवै हाथले कसदै भन्नु भयो लौ म संग पढ भन्दै कुरआनको प्रथम अवतरणमा आएको आयतहरूलाई पढउन थाल्नु भयो।

﴿ ٱقْرَأْ بِٱسْمِ رَبِّكَ ٱلَّذِى خَلَقَ ۝١ خَلَقَ ٱلْإِنسَٰنَ مِنْ عَلَقٍ ۝٢ ٱقْرَأْ وَرَبُّكَ ٱلْأَكْرَمُ ۝٣ ٱلَّذِى عَلَّمَ بِٱلْقَلَمِ ۝٤ عَلَّمَ ٱلْإِنسَٰنَ مَا لَمْ يَعْلَمْ ۝٥ ﴾ العلق: ١-٥

अर्थात् हे रसूल! तिमीले आफनो पालनकर्ताको नाममा पढने गर। जसले सम्पूर्ण कुराहरूलाई बनाउनु भयो, मानवलाई जमेको रगतको डल्लोबाट बनाउनु भयो। त्यसैले आफनो पालनकर्ताको नाम लाई पढने गर। तिम्रो पालनहार अत्यन्त नै इज्जतवाला होई बक्सनु हुन्छ। जसले कलमको माध्यमले लेख्न सिखाउनु भयो। ती मानवलाई ती सबै सिकाउनु भयो जुन त्यसलाई थाहा थिएन ।

यसरी यस महान श्लोकद्वारा पवित्र अवतरण प्रकट हुंदै गयो। जसले मानवको उत्पत्ति र रचना, ज्ञान र आदेशले भरपुर महावाणीहरू उहां माथि प्रकट हुन थाल्यो। त्यसै दिन जब जिब्रील ﷺ ले उहांलाई यति पढाई छोडी दिनु भयो त उहां सो अवतरणको कष्टमा रहेको अवस्थामा नै आमा खदिजा निर पुग्नु भयो। त्यहां पुग्दा उहांको अवस्था ज्यादै आश्चर्य जनक थियो किन कि उहां थर थर कांम्पि रहनु भएको थियो र भन्न थाल्नु भयो कि मलाई ओढने कुरा ओढाऊ। मलाई ओढने कुरा ओढई देऊ।

उहांलाई ओढने कुरा ओढाई दिईयो। जब उहां सामान्य अवस्थामा आउनु भयो त उहांले आमा खदिजालाई सम्पूर्ण कुराहरू सुनाउनु भयो र उहांले भन्नु भयो कि मलाई ज्यानको नै खतरा छ। त आमा खदिजाले भन्नु भयो। यसो हुन सक्दैन। अल्लाहको कसम, अल्लाहले तपाईलाई कहिल्यै पनि अपमानित र तिरस्कृत गर्नु हुने छैन। तपाई आफनो नातेदारहरूको सेवामा सदा नै हाजिर रहनु हुन्छ। गरीब गुरूबाहरूको सेवामा आफुलाई उद्यमी बनाउनु हुन्छ। कमजोरहरूको मदत गर्नु हुन्छ। र सत्यको सहयोग गर्नु हुन्छ।

अब खदीजा उहांलाई लिई आफनो भतिजो वर्का बिन नौफल निर जानु हुन्छ। जिनि अज्ञानताको अवस्थामा ईसाई हुनु भएको थियो र इब्रानी भाषामा बाईबिल लेख्ने गर्नु हुन्थ्यो। उहां बुढा र अन्धो हुनु हुन्थ्यो। ऐ! भाइ मुहम्ममदले जे सुकै भन्दै छ त्यसलाई सुनी देउ। त वर्काले भन्नु भयो ऐ! भतिजा सुनाउ, तिमीले जे देख्ने गर्दछौ? उहांले वर्का बिन नौफलसंग सबै कुराहरू सुनाई दिनु भयो। त वर्काले भन्नु भयो, यो त त्यो फरिश्ता हो जुन मूसा ﷺ निर आउने गर्दै थियो।

काश म यस समयमा जवान हुन्थें भने र त्यस समयमा जीवित रहने थिए भने जब तिम्रो जातिको मानिसबाट तिमीलाई अपमानित हुनु पर्ने छ।

उहांले वर्कालाई भन्नु भयो। के मेरा जातिका मानिसहरूले मलाई निकालि दिने छन? वर्काले भन्नु भयोः- हो ज-जसले पनि तिम्रो जस्तो कुरा ल्याए मानिसहरू तिनिहरूका दुश्मन बन्न थाले। यदि म त्यस समय सम्म रहें भने अवश्य नै म तिमीलाई मदत गर्ने छु।

त्यस पछि वर्काको मृत्यु भई गयो एवं प्रवत्रि अवतरण लगभग तिन वर्ष सम्म रोकि नै रह्यो। यस तीन वर्षको अवधिमा उहांको योग्यता र क्षमता अझै सम्पन्न र शक्तीशाली र हर प्रकारको अवतरणलाई सहना सक्ने क्षमता पूर्ण हुन पुग्यो र उहांको ईच्छाहरूमा बढोत्तरी हुंदै आयो। त उहांले भन्नु भयो। म हिंडी रहेको थिए कि मैले आकाशबाट एउटा आवाज आउदै गरेको सुने। मैले मेरो अनुहारलाई आकाश तिर गरी हेर्न थालें त देखें कि माथि आकाशमा त्यही फरिश्ता देखियो। यस अवस्थामा पनि उहां अत्यन्त डराउनु भयो। र आफूलाई ओढने कुराले ढाकि लिनु भयो। त अल्लाह पाकले उहांलाई निर्देशन दिंदै भन्नु भयो।

﴿ يَاأَيُّهَا الْمُدَّثِّرُ ① قُمْ فَأَنذِرْ ② وَرَبَّكَ فَكَبِّرْ ③ وَثِيَابَكَ فَطَهِّرْ ④

وَالرُّجْزَ فَاهْجُرْ ⑤ ﴾ المدثر: ١ ـ ٥

ऐ कपडामा बेरिएको मानिस, उठ! र अजाबबाट डराउ, र आफनो पालनकर्ताको नामको प्रशंसा गर र आफनो कपडा र मनलाई पवित्र र सफा गर। अर्थात शिर्क जस्तो अपवित्र देखि पर रह।

अर्थात ऐ ओढनेकुरालाई ओढने वाला मानिस उठ र मानिसहरूलाई कुरआनले जगाउ। अल्लाहको संदेश तिनीहरू निर पुऱ्याउ। तिम्रो कपडालाई र आफनो कर्महरूलाई गन्दगीबाट पर राख। मूर्तिहरूको पूजा गर्नेहरूबाट पर रह।

अब यसरी नै कयौं दिनहरू सम्म मार्गदर्शनहरू आउदै रहे र उहांले पनि आफनो पालनहारको आदेशानुसार सो प्रसारमा लागी नै रहे। उहांलाई आदेश दिईएको थियो कि तिमीले मात्र अल्लाहको धर्मको र उहांबाट प्रतिपादित माग्रदर्शनको नै प्रसार गर। जसलाई अल्लाहले मन पराउनु भयो र यस धर्तीका बासिन्दाहरूको निम्ति अन्तिम धर्मको रूपमा ग्रहण पनि गर्नु भयो।

उहांले अत्यन्त नै सुझबुझ र पार्दर्शिताको साथमा मानिसहरूलाई अल्लाहको धर्मको बारेमा शिक्षा दिनु हुन्थ्यो। विविध तर्क र वितर्कहरूको माध्यममा उहांले मानिसहरूलाई तिनको धर्मको बारेमा जानकारी गराउनु हुन्थ्यो। यसरी उहांको दाअ्वत द्वारा मुसलमान हुने पहिलो स्त्री हुनु हुन्थ्यो आमा खदिजा। पुरूषमा अबूबक्र सिद्दीक र बच्चाहरूमा सबै भन्दा पहिले इस्लाम ल्याएका थिए अली ले। यसरी नै अल्लाहको धर्ममा मनिसहरू प्रवेश गर्दै गए। यसलाई हेरी नै मक्काको बहुदेववादीहरू अत्यन्त नै क्रुद्ध भए र उहांलाई मक्का देखि नै निकाली दिनु भयो र उहांको साथीहरूलाई अत्यन्त नै कष्ट दिए यातनाहरू दिए। यसरी उहांले मक्का देखि मदीनामा स्थान्तरण लिनु भयो। यसरी नै उहांमा वही पनि उतरदै गयो। यसरी नै उहां आफनो दअ्वत जिहाद र विजयी अभियानमा लागी नै रहे र अन्तमा सुल विजयीको रूपमा उहांले पुनः मक्का नगरलाई पनि विजयी प्राप्त गरे।

यस पछि नै अल्लाहले आफनो धर्मलाई पूर्ण गरी दिनु भयो। यसरी इस्लाम र मुसलमानहरू को अन्यमाथि विजयी हुनुको कारणले गर्दा उहांलाई संतोष हुने गर्दथियो। उहांले सारा जिन्दगी

अल्लाहको धर्मको दअ्वत र इस्लामलाई संसारको मानिसहरू समक्ष परिचय गराउनुको निम्ति नै कोशीस गरी नै रहे। र ६३ वर्षको आयुमा उहांको मृत्यु भयो। यसरी नबूवतको जीवनी भन्दा पहिले ४० वर्ष सम्म र त्यस पछि तेईस वर्ष सम्मा उहांले नबीको रूपमा काम गर्नु भयो। र अल्लाह पाकले आफनो मार्गदर्शनलाई पूरा गर्नु भयो। यसरी अल्लाह पाकले दानव र मानवलाई उहांको आज्ञाको पालनको निम्ति अनिवार्य गराउनु भयो। यसरी जसले उहांको आज्ञाको पालन गर्दै गयो र सो आज्ञामा अनुकरणशील बन्दै गयो त्यसैले जीवनमा सफलता गर्दै गयो, र जसले सो अनुकरणमा आफूलाई सङ्कल्पित तुल्याउन सक्दैनन् तिनको यो जीवन र परकालको जीवन दुवै खेर जाने गर्दछ। तर जसले उहांको आज्ञाको पालन गऱ्यो तिनै हुन् जन्नतको हकदार र जसले अमान्य गऱ्यो तिनीहरू नै हुनेछन् नरकको आगोको भष्म।

उहांको मृत्युपश्चात उहांका साथिहरूले उहांको नै अनुकरण गर्दै गए र उहांको दअ्वतको प्रसार पनि गराउदै गए। एवं उहांले इस्लामको दर्शनलाई घर घर देखि टोल टोल र छिमेकी छिमेकी देखि गांउ र शहरको साथै देश र विदेशहरू सम्म उहांले यस सत्य धर्मको आडमा मानिसलाई विश्वास दिलाए र विजय प्राप्त गरी तिनलाई पनि यस सत्य धर्मको शितल छांयामा पारे।

**(घ) तपाईको चरित्र र आचरण**

मुहम्मद ﷺ संसारका मानिसहरूमा सबै भन्दा सदाचारी मानिस हुनु हुन्थ्यो। नबूवत भन्दा पहिले पनि जब सारा अरब अज्ञानताको छांयामा प्रकाश पाउने आशा गरी भौतारी रहेका थिए तिनले पनि उहांको ईमानदारीता र सदाचारीताको प्रसंशा गर्ने गर्द थिए। त्यसैले अल्लाह पाकले पनि उहांको प्रशंसा गर्दै भन्नु भयो :

﴿ وَإِنَّكَ لَعَلَىٰ خُلُقٍ عَظِيمٍ ﴿٤﴾ ﴾ القلم: ٤

निश्चय नै तपाई उच्च आचरणवाला होई बक्सनु हुन्छ।

अल्लाहले उहांलाई मान र सम्मान गर्नुको शिक्षा दिलाउनु भयो र राम्रो शिक्षा र दिक्षाले सुशोभित पार्नु भयो। कुरआन मजिद तपाईको आचरण थियो। त्यसबाट उहांले अनुशासनलाई सिख्नु हुन्थ्यो। त्यसैले तपाई को आचरण र व्यावहारमा कोमल्ता थियो। न्यायप्रियता उहांको विशेषता थियो। दान दिनु र आफ्नो स्वभवमा शान्ति प्रियता कायम गर्नु उहांको दैनिकी बनि सकेको थियो। उहांको सरलताको बारेमा आएको छ कि उहांले आफनो जुत्ता आफै सिउनु हुन्थ्यो। आफनो कपडा आफै धुनु हुन्थ्यो। घरमा आफनो नानीहरूलाई सहयोग गर्नु हुन्थ्यो। उहांले माशु काटनु हुन्थ्यो। उहांले हरएकको दअ्वतलाई कबूल गर्नु हुन्थ्यो। गिफ्ट पनि लिनु हुन्थ्यो र गिफ्ट पनि दिनु हुन्थ्यो।

उहां आफनो लागी कदापि रिसानी गर्नु हुन्नथ्यो। उहां रिसाउनु हुन्थ्यो त सिर्फ अल्लाहको निम्ति र कसैलाई माया गर्नु हुन्थ्यो त अल्लाहको नै निम्ति। भोकाउने अवस्थामा जे पाउनु हुन्थ्यो सो लाई खाई लिनु हुन्थ्यो। उहां सबै भन्दा सर्माउने मानिस हुनु हुन्थ्यो। कहिले कहीं अत्यधिक भोकाउनु हुन्थ्यो त आफनो पेटमा ढुंगा बांधी लिनु हुन्थ्यो। कुनै पनि प्रकारको खानामा अफजस निकालनु हुन्नथ्यो। तपाईले बिरामीहरूको अवस्थाबारे सोधनी गर्नु हुन्थ्यो। जनाजाको नमाजहरूलाई पढनु हुन्थ्यो र उहांलाई यताउती जानुको निम्ति कुनै प्रकारको अंग रक्षकको खांचो थिएन। उहां हर ठाउँहरूमा पैदल नै हिडने गर्दथिए। टाढको यात्राको निम्ति घोडा, ऊंट, खच्चर, आदिमा चढी जाने गर्दथिए।

उहां गरीब र पिडित मानिसहरू संग बस्ने गर्दथिए। गरीब गुरूबाहरूलाई खाना खुवाउनु हुन्थ्यो र सचरित्रका मानिसहरूको सम्मान पनि गर्नु हुन्थ्यो। नातेदारहरूको हकलाई पुरा गर्नु हुन्थ्यो र तिनीहरू संग मिलीजुली बस्नु हुन्थ्यो। कसै माथि जुल्म र अत्यचार गर्नु हुन्नथ्यो। नालिस गर्ने मानिसहरूको नालिसलाई सुन्नु हुन्थ्यो र फैसलापनि गर्नु हुन्थ्यो। आफनो अत्यधिक समयलाई मानिसहरूको सेवा र अल्लाहको पूजामा लाउनु हुन्थ्यो। कुनै पनि गरिब गुरूबालाई तुक्ष्य नजरले हेर्नु हुने थिएन र न कसैको अधिपत्यतालाई नै महत्व दिनु हुने थिए। उहांले निर्धन र बादशाह दुवैलाई अल्लाहको इबादततर्फ बोलाउनु हुन्थ्यो।

अल्लाह पाकले उहांलाई अति नै उत्तम आचरण र अत्यन्त नै उत्तम राजनितिले सुशोभित पार्नु भएको थियो। तपाईलाई पढन लेख्न आउने थिएन। तपाईको लालन पालन गरीबी र अभावको अवस्थामा भएको थियो। उहांको अक्सर जीवन गोठालापनमा नै बिति गयो ता पनि उहां हर मानिसको आवश्यकताको पूर्तिको निम्ति सदा नै तत्पर रहने गर्दथिए। उहांले मानिसहरूलाई संसारिक जीवन र मरणोपरान्तको जीवनलाई सफल तुल्याउने सम्बन्धमा जानकारी गराउनु हुन्थ्यो। उहां बाजार र गलीहरूमा बसी हू हल्ला गर्ने मानिस पनि हुनु हुन्नथ्यो। उहांले बुराईको बदला बुराईले दिने गर्नु हुन्नथ्यो। बल्कि क्षमा गर्नु हुन्थ्यो। उहां आफू निर आएका हर मानिसको कुराहरूलाई सुन्नु हुन्थ्यो र आफू निर आएकाहरूको सम्मान पनि गर्नु हुन्थ्यो। उहां रिसानीबाट अत्यन्त नै पर रहनु हुन्थ्यो र हर कुरामा अत्यन्त नै छीटो राजी खुशि हुनु हुन्थ्यो। मानिसहरू संग अत्यन्त नै छीटो घुलिमिली दिनु हुन्थ्यो। प्रत्येक मानिसहरू संग छीटो नै घुलिमिली जानु हुन्थ्यो र तिनीहरू संग अत्यन्त नै स्नेहले कुरा गर्नु हुन्थ्यो। कठोरपनलाई तिनले मन पराउने थिएनन्। जुन सुकै पनि मानिसले उहांलाई देख्नु हुन्थ्यो त छीटो नै उहां प्रति प्रभावित भई दिनु हुन्थ्यो र जसले उहांलाई चिनीकन उहां संग मिसिन आउनु हुन्थ्यो उहांलाई माया गर्नु हुन्थ्यो।

**उहांको नबूवतको सत्यतामा अंग्रेज दार्शनिक थामस कार लायलको गवाही।**

कोई पनि न्याय प्रिय र बुद्धिमानी मानिस उहांको नबी हुनुको सत्यतालाई बिना मानि रहना सक्ने थिएन किन कि उहांको नबी हुनुको कुराको अनेकौं प्रमाण र साक्षिहरू छन। यसको सिवाय पनि बिरोधिको साक्षीले पनि एउटा बेग्लै महत्व राख्ने गर्दछ। र राम्रो त त्यही हुन्छ जब तपाईको दुश्मनले पनि तपाईको राम्रोपनलाई सराहना गर्दछ। त्यसरी नै नोबल पुरस्कार प्राप्त प्रसिद्ध अंग्रेज विद्वान र दार्शनिक थोमस कारलायलको साक्षीलाई यहां प्रस्तुत गराईएको छ। उहांले आफनो पुस्तक बहादुरमा नबी करिम ﷺ को बारेमा आफना ईसाई सम्प्रदायलाई सम्बोधित गराउदै लेख्नु भएको छ कि :-

“आजको यस अवस्थामा आई यदी कसैले यो दावी गर्ने गर्दछन कि इस्लाम जुन धर्म हो झुठो हो र मुहम्मद ﷺ झुठा र धोखेबाज हुनु हुन्थ्यो। हाम्रो दायित्व रही आएको छ कि हामीले उहां सम्बन्धको हर प्रकारको षड्यन्त्रहरूबाट आफुलाई बचाउं। किन कि जुन संदेश उहांले ल्याई आउनु भयो दुई सौ शाल सम्म करिब दुई अरब मानिसहरूको निम्ति मार्गदर्शन बनि नै रहयो। के तिमीहरूबाट कसैले पनि यस मार्ग दर्शनलाई असत्य घोषित पार्न सक्ने छौ। जसको अधारमा मानिसहरूको एक विशाल संख्या जीवित छन र यसैमा मर्दै छन। म त यस प्रकारको बिचार कदापि राख्न सक्तिन कि कसैले यस प्रकारको कुरालाई इस्लामको प्रसारमा आफनो वैमनस्यताको कारणले झुठो प्रसार गरोस र इस्लाम सम्बन्धमा यस प्रकारको धोका र जालीकुराहरू गरी हिडदाछन त यो तिनीहरूको मूर्खता हुने छ र यसरी मूर्खताको कांल्लोंमा थचक्क बस्नु पागलपन सिवाय अरू केही हैन। यो भन्दा दयां निय स्थिति अरू के हुन सक्छ कि तिनीहरू कतिको नराम्रा र कमजोर मानिसहरू हुन।

अतः जुन मानिस संसारिक ज्ञानको तहमा कुनै ओहोदा र स्थानमा पुग्न चाहन्छन त तिनको निम्ति आवश्यक कुरा यो छ कि यस प्रकारको मूर्ख मानिसहरूको कुरामा तपाई नपड्नु होस। यो यस कारणले कि इत्यादी कामहरू कुफरी र अधर्मको परिणाम हो एवं मनको मैलो, अन्तर आत्मामा रहेको तिनको मैलो कुराहरूको परिणाम मात्र हो। यहीं प्रमाणहरू नै तिनको आत्माको कमजोरी, मैलो बिचारको मैलो फल, सायद यो भन्दा मनको खोट र धोकामा आधारित बिचार अरू के हुन सक्छ। यीनै कुराहरूले प्रमाणित पार्दछ कि युगयुगान्तरहरू देखि जसले यो दावी गरी आएका छन् कि हामिले यस धर्मको अविस्कार गर्यौं र त्यो धर्मको अविस्कार गर्यौं त वास्तवमा सत्य कुरा यही नै हो कि तिनले न कहिल्यै धर्मलाई चिने र न अविस्कार नै गरे। यसरी तिनको शिद्धान्त र बिचारको बिकास खुला वातावरणमा कहिल्यै हुन सकेको छैन र भएको पनि छैन।

अल्लाहको कसम झुठो र फरेबीले कहिल्यै पनि ईंट्को घर बनाउन सक्ने छैन र सो घरको निर्माणमा लाग्ने अन्य कुराहरू वा वस्तुहरूको बारेमा परिचय पाउन समेत सक्ने छैनन्। यस अवस्थामा तिनले आफनो घरको निर्माण कसरी गर्न सक्ने छन र कदम कदम सफल भएको अवस्थामा पनि तिनको सो घरहरूले बारह शताब्दी सम्म उभिन सक्ने क्षमता राख्न सकेको छैन जसमा बिस करोड मानिस बसोबास गर्न सकोस। तिनको यस प्रकारको बालुवाको घर निव बिनाको हुने छ र एक दिन त्यो ढल्ने छ। थामस कारलयालले यहां सम्म भन्नु भयो कि यीनै अधारहरूको आधारमा हामीले मुहम्मद ﷺ लाई कदापि झुठो मानिस भन्न सक्दैनौं। जसले आफनो लक्ष्यको निम्ति न त दायां र देब्रे सर्नु भयो न त नेताको पदवी र बादशाहीपनको व्यक्तित्वलाई प्राप्त गर्नुको

निम्ति नै आफनो लक्ष्यलाई अघि सारे। उहांले जुन संवादलाई तपाई हामी सामु ल्याउनु भयो त्यो सत्यवाणी थियो। हामीले उहांलाई जीवन भरी नै शक्तिशाली अकिदा, स्थाई विश्वास, दृढ संकल्पितवाला मानिस, सज्जन र परिश्रमी हुनु को साथै निष्ठावान पायौं। कतिपय ईर्ष्यालु मानिसहरूको कथन छ कि मुहम्मद ﷺ को यो काम सिर्फ आफनो व्यक्तिगत नाम र प्रशिद्धिको मात्र परिणाम थियो। त तिनको यस प्रकारको आफनो मनको कुराको जवाब यही नै छ कि उहांले कदापि यस्तो मनोभव कहिल्यै राख्नु भएन। उहांको मनमा स्नेह, प्रेम, दयाको भावना, अरूको भलाईको साथै तत्वदर्शिता कूट कूट गरी भरिएको थियो। यसरी उहांको मनमा संसारिक लालचको भावना र दोषको भावनाको नामो निशान सम्म थिएन।

अतः हामीलाई तिनीहरूको यस कथनको खण्डन गर्नुको आवश्यकता छ जसरी तिनको भनाई छ कि मुहम्मद ﷺ झुठा थिए। तिनको यस कथन देखि विमुखता बरतनु छ र तिनको यस प्रकारको दावी दावालाई तिनको मूर्खता नै मान्नु पर्नेछ। यसमा कुनै शंका छैन कि उहांको त्यो धर्म जसमा युगौं युगहरू देखि मूर्तिका पूजा गर्नेवाला अरबका मानिसहरूले ईमान ल्याए र एकेश्वरवादी बन्नुको साथै सत्य अल्लाह प्रति ईमान कायम गरी त्यसैमा जमी रहे। यही नै सत्य धर्म हो, र यसै लाई मान्यता दिनु पर्ने सत्य प्रमाणहरूको आडलाई ग्रहण गर्नु पर्ने छ। जसमा शंका मात्रको पनि कुरा छैन। जसको शिक्षाको प्रकाशले पूर्वलाई पश्चिमसंग र दक्षिणलाई उत्तरसंग जोडी दियो, पहिलो शताब्दीको अवस्थामा नै यसले संसारको विविध क्षेत्रको निम्ति आफनो प्रतिनिधिको चयन गर्नुमा सफलता प्राप्त गऱ्यो, र सो को अधारमा नै यसले भारत देखि अन्दलुस सम्म आफनो प्रतिनिधि दिनुमा सफलता प्राप्त गऱ्यो। यसरी इस्लामको प्रकाशले दिर्घकाल देखि नै एउटा सभ्य सम्प्रदायलाई मार्गदर्शन गराउदै आउनमा सफलता पाएको छ।

## इस्लामका केही विशेषताहरू

इस्लाम प्राकृतिक धर्म हो। जसमा सत्य सिवाय अरू केही छैन। जुन शान्ति आदर्श र सुरक्षाको धर्म हो। मानवरूपी जीवनमा इस्लामलाई छोडी अन्य कुनै पनि धर्म र बादलाई अवलम्बन गर्दमा सुख शान्ति, समृद्धी, अमन र चैन आउन सक्दैन। यसको शिक्षा र आदर्शहरूलाई जीवनको प्रत्येक पहलुहरूमा सामाहित नगरी सांचो अर्थमा धर्मले तपाईमा बास गर्न सक्दैन। इस्लाम धर्मको महानतालाई इस्लामको ती विशेषताहरूले प्रष्टयाउद छन जुन इस्लामलाई छोडी अन्य धर्महरूमा बिरलै नै छन। जुन यस प्रकार छन :

**1. इस्लाम अल्लाहले नै अवतरणमा ल्याउनु भएको धर्म हो :–**

अल्लाहपाकले ती कुराहरूलाई राम्ररी नै जान्नु हुन्छ जुन मनुष्यको लागी उचित र ठीक छ।

﴿ أَلَا يَعْلَمُ مَنْ خَلَقَ وَهُوَ ٱللَّطِيفُ ٱلْخَبِيرُ ﴿١٤﴾ ﴾ الملك: ١٤

सुनी राख! जसले रचना गर्नु भयो के तिनलाई नै सबै कुराको थाहा हुन्दैन, जबकि उहांले सबै कुरालाई जान्नेवाला र सबैको खबर राख्ने वाला होई बक्सनु हुन्छ।

**2. इस्लाम मानिसको आदि र अन्तलाई एवं तिनको सृष्टिलाई स्पष्ट पार्दछ :–**

﴿ يَٰٓأَيُّهَا ٱلنَّاسُ ٱتَّقُوا۟ رَبَّكُمُ ٱلَّذِى خَلَقَكُم مِّن نَّفْسٍ وَٰحِدَةٍ وَخَلَقَ مِنْهَا زَوْجَهَا وَبَثَّ مِنْهُمَا رِجَالًا كَثِيرًا وَنِسَآءً ۚ ﴾ النساء: ١

हे मानिस हो! आफनो पालनहार संग डराउदै गर। जसले तिमीलाई महामानव आदम द्वारा जनमाउनु भयो र पुनः त्यसबाट उसको निम्ति जोडी बनाई दिनु भयो। फेरि तिनीहरूबाट अनेकौं नारी र पुरूषहरूलाई बनाउनु भयो। र संसार भरि नै फैलाई दिनु भयो।

﴿ ۞ مِنْهَا خَلَقْنَٰكُمْ وَفِيهَا نُعِيدُكُمْ وَمِنْهَا نُخْرِجُكُمْ تَارَةً أُخْرَىٰ ﴿٥٥﴾ ﴾ طه: ٥٥

त्यसै माटोबाट नै हामीले तिमीलाई जन्मायौं। र त्यसैमा हामीले तिमीलाई फर्काई दिने छौं। र यसै धर्तीबाट तिमीलाई पुनः निकालने छौं।

﴿ وَمَا خَلَقْتُ ٱلْجِنَّ وَٱلْإِنسَ إِلَّا لِيَعْبُدُونِ ﴿٥٦﴾ ﴾ الذاريات: ٥٦

एवं मैले मानिसलाई आफनो पूजाको निम्ति नै बनाएको छु।

**3. इस्लाम प्रकृतिक धर्म हो:–** प्रकृति संग यसको कुनै प्रतिस्पर्धा छैन।

﴿ فِطْرَتَ ٱللَّهِ ٱلَّتِى فَطَرَ ٱلنَّاسَ عَلَيْهَا ۚ لَا تَبْدِيلَ لِخَلْقِ ٱللَّهِ ۚ ﴾ الروم: ٣٠

अल्लाहले बनाउनु भएको मानव प्रकृति जसमा अल्लाहले मानिसलाई आफनो रचनामा ल्याउनु भयो सुनी राख अल्लाहको रचनामा फेर बदल गर्नु सही हैन।

**4. इस्लामले बुद्धिको सम्मान गर्दछ र सोचनु बुझनु र ज्ञान प्राप्तिको र ध्यानको पनि आदेश दिदा छ।** यसको साथै अज्ञानता, अंधो अनुसरण र सही सोंच देखि मुख फेर्नेहरूको निंदा गर्दछ।

﴿ قُلْ هَلْ يَسْتَوِي ٱلَّذِينَ يَعْلَمُونَ وَٱلَّذِينَ لَا يَعْلَمُونَ ۗ إِنَّمَا يَتَذَكَّرُ أُو۟لُوا۟ ٱلْأَلْبَٰبِ ﴿٩﴾ ﴾ الزمر: ٩

भन कि के ज्ञानी र अज्ञानी समान छन? यसमा शंका छैन कि बुद्धिमानि मानिसले मात्रै ज्ञान र अनुकरणीय शिक्षालाई हासिल गर्ने गर्दछन।

﴿ إِنَّ فِى خَلْقِ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ وَٱخْتِلَٰفِ ٱلَّيْلِ وَٱلنَّهَارِ لَءَايَٰتٍ لِّأُو۟لِى ٱلْأَلْبَٰبِ ﴿١٩٠﴾

ٱلَّذِينَ يَذْكُرُونَ ٱللَّهَ قِيَٰمًا وَقُعُودًا وَعَلَىٰ جُنُوبِهِمْ وَيَتَفَكَّرُونَ فِى خَلْقِ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضِ رَبَّنَا

مَا خَلَقْتَ هَٰذَا بَٰطِلًا ﴾ آل عمران: ١٩٠ ـ ١٩١

आकाश र जमीनको उत्पतीमा आउनु रात र दिन एक अर्काको अघि पछि आउनुमा बुद्धिमानहरू को निम्ति अल्लाहको चिन्ह हो। बुद्धिमान को हुन सक्छ? जसले उठदा बसदा र सुत्दा पनि अल्लाहलाई याद गर्ने गर्दछन। एंव जमीन र आकाशको रचनाको बारेमा चिन्तन मनन् गर्ने गर्दछन र सोचने गर्दछन कि हाम्रो संरक्षकले यी जाबतिय कुरालाई अकारण नै बनाएका होइनन्।

**5. इस्लाम आस्था र शरीअत हो :–** यसैले यो आफनो ईमानमा, आस्था र विश्वासको स्थिरतामा शिक्षाहरूले पूर्ण छ। सही आस्थाको मामलाहरूमा र उत्तम आचरण र चरित्रमा आधारित छ। यो मानिस मात्रमा सामूहिक वा व्यक्तिगतको साथै दुनियां र आखिरतको पनि धर्म हो।

**6– इस्लामले मानवको भावनाहरूलाई राम्ररी नै बुझदछ** र तीनलाई सही दिशा दिदा छ। यो मानवको भावनाहरूको भलाईको साधन बन्ने गर्दछ।

**7– इस्लाम न्यायको धर्म हो साथी होस वा शत्रु आफनो होस या विरानो,**

﴿ إِنَّ ٱللَّهَ يَأْمُرُ بِٱلْعَدْلِ ﴾ النحل: ٩٠

अल्लाहले तिमीलाई हरएक संग न्याय गर्नुको आदेश दिदा छ।

﴿ وَإِذَا قُلْتُمْ فَٱعْدِلُوا۟ ﴾ الأنعام: ١٥٢

जब कुनै पनि कुरा भन्नु  त त्यसलाई न्यायीक तरीकाले भन्ने गर। चाहे मानिस तिम्रो शत्रु होस या मित्र।

﴿ وَلَا يَجْرِمَنَّكُمْ شَنَـَٔانُ قَوْمٍ عَلَىٰٓ أَلَّا تَعْدِلُوا۟ ۚ ٱعْدِلُوا۟ هُوَ أَقْرَبُ لِلتَّقْوَىٰ ۖ ﴾ المائدة: ٨

एवं कुनै पनि जाति र वंशसंग दुश्मनीमा पनि अन्याय नगर। बल्कि हरहालमा न्याय नै गर्ने गर। किन कि न्याय सदाचारीताको धेरै नजिक छ।

**8. इस्लाम सांचो भाइचाराको धर्म हो :–** हर मुसलमान दीनी भाइ हो। तिनीहरूको बीचमा देश, जातिपात, कुल र वंशजको साथै रंगभेदको नितिले अन्तर ल्याउन सक्ने गर्दैनन। इस्लाममा जाति

नसुल र रंगमा विविधता छैन। इस्लाममा श्रेष्ठताको सार अल्लाह प्रति ईमानको र उहां संग डराउनु संग सम्बन्धित छ।

**9. इस्लाम ज्ञानको धर्म हो,** ज्ञानलाई प्राप्त गर्नु प्रत्येक मुसलमान नारी र पुरूषको निम्ति अनिवार्य छ र ज्ञानले विद्वानलाई उच्च स्थान प्रदान गराउद छ।

﴿ يَرْفَعِ ٱللَّهُ ٱلَّذِينَ ءَامَنُوا۟ مِنكُمْ وَٱلَّذِينَ أُوتُوا۟ ٱلْعِلْمَ دَرَجَٰتٍ ﴾ المجادلة: ١١

अल्लाहले ज्ञानी र ईमानदार मानिसहरूको पदवीलाई बुलन्द पार्नु हुने छ। अर्थात तिनीहरू दुनियांमा प्रेम र अखिरतमा मुक्ति पाउनेवाला हुने छन।

**10. अल्लाह पाकले इस्लामलाई ग्रहण गरेका मानिस** र इस्लामिक शिक्षानुसार जीवन यापन गर्नेवाला मानिस र समाजलाई सौभाग्य प्रदान गराउनु हुन्छ र तिनलाई मदत पनि गर्नु हुन्छ।

﴿ وَعَدَ ٱللَّهُ ٱلَّذِينَ ءَامَنُوا۟ مِنكُمْ وَعَمِلُوا۟ ٱلصَّٰلِحَٰتِ لَيَسْتَخْلِفَنَّهُمْ فِى ٱلْأَرْضِ كَمَا ٱسْتَخْلَفَ ٱلَّذِينَ مِن قَبْلِهِمْ وَلَيُمَكِّنَنَّ لَهُمْ دِينَهُمُ ٱلَّذِى ٱرْتَضَىٰ لَهُمْ وَلَيُبَدِّلَنَّهُم مِّنۢ بَعْدِ خَوْفِهِمْ أَمْنًا يَعْبُدُونَنِى لَا يُشْرِكُونَ بِى شَيْـًٔا ﴾ النور: ٥٥

तिमीहरू मध्ये जसले ईमान ल्याउने छौ र सत्कर्म पनि गर्ने गर्दछौ त अल्लाहको वचन छ कि त्यस्ता मानिसहरूलाई उहांले यस धर्तीमा शासक बनाई दिने छन। जसरी उहांले तिनीहरू भन्दा पहिलेका मानिसहरूलाई हाकिम बनाई दिएका थिए र तिनको निम्ति तिनको धर्मलाई स्वयं अल्लाहले नै मन पराई दिनु भएको थियो। तिनीहरू शक्तिशाली पनि बन्ने छन र वर्तमानमा तिनीहरू जस संग डराई रहेका छन तिनीहरूमा अमन र चैन कायम हुने छ। यस पछि पुनः तिनले मेरो नै पूजा गर्ने छन र म संग कसैलाई साझी बनाउने छैनन्।

﴿ مَنْ عَمِلَ صَٰلِحًا مِّن ذَكَرٍ أَوْ أُنثَىٰ وَهُوَ مُؤْمِنٌ فَلَنُحْيِيَنَّهُۥ حَيَوٰةً طَيِّبَةً وَلَنَجْزِيَنَّهُمْ أَجْرَهُم بِأَحْسَنِ مَا كَانُوا۟ يَعْمَلُونَ ﴿٩٧﴾ ﴾ النحل: ٩٧

जसकसैले ईमानदार भई सत्कर्म गर्ने छन ती नारी होउन वा पुरूष तर ती मोमिन् हुन् त, म तिनलाई पवित्र जीवन प्रदान गर्ने छु र म तिनको कर्मानुसार बदला पनि दिने छु।

**11. इस्लाममा हर प्रकारको समस्याहरूको समाधानको उपाय विद्यमान छ।** किन कि यसको शरीअत एवं यसको नियम ईश्वरीय हुन जसलाई कहिल्यै निराश पार्न सकिने छैन।

**12. इस्लाम शरीअतको नियम सारा संसारको निम्ति नै** पथप्रदर्शक गराउने नियमहरूमा सबै भन्दा मजबुत हो। एवं अधिकारको मामलामा पनि यो उती नै उत्तम छ। आपसी विवाद र समयमा सही निर्णय लिनुको क्षेत्रमा पनि सक्षम र उत्तम छ।

**13– इस्लाम हर समय जाति र जगहको निम्ति उपयुक्त धर्म** हो। यसको बिना संसारको उजुद स्थाई र उचित ढंगले चल्न सक्दैन। यसै कारणले जब दुनियांले प्रगति गऱ्यो र प्रगतिको बाटोमा अगाडी बढ्यो त यही नै इस्लामको सत्य हुनुको प्रमाण हो।

**14– इस्लाम प्रेम ममता र स्नेहको साथै मेल र मिलापको धर्म पनि हो।**

**15– इस्लाम वास्तविक र व्यवहारिक धर्म पनि हो।**

**16– इस्लाम आपसी मतभेद र बिरोधबाट धेरै पर छ।**

﴿وَلَوۡ كَانَ مِنۡ عِندِ غَيۡرِ ٱللَّهِ لَوَجَدُواْ فِيهِ ٱخۡتِلَٰفٗا كَثِيرٗا ٨٢﴾ النساء: ٨٢

अर्थात यदि यो कुरआन अल्लाहबाट नभई अन्यबाट हुन्थ्यो त यसमा विविध प्रकारको विविधताहरू पाइन्थ्यो।

**17– इस्लाम आफनो अनुयायीहरूलाई फूट बिखराव र विनाश** बाट बचाएर राख्ने गर्दछ र तिनलाई बैचारिक एवं वास्तविक सुख र शान्तिको जमानत दिदा छ।

**18– इस्लाम स्पष्ट र सरलताको धर्म हो र यसले हर** मानिसलाई स्लामिक शिक्षाहरूलाई बुझनमा सरल बनाउद छ।

**19– इस्लाम स्पष्ट र खुलाधर्म हो।** यसले आफू भित्र प्रवेश गरेको मानिसको दैलोलाई बन्द गर्दैन।

**20– इस्लामले मानिसको बुद्वि, ज्ञान, विवेक, र आचरणमा बृद्वि गर्दछ।** यसैले इस्लाममा नै राम्ररी जीम रहने मानिसहरू नै सबै भन्दा उत्तम, बुद्धिमान र पवित्र रहने गर्दछन।

**21– इस्लामले मानिसलाई राम्रो आचरण र राम्रो चरित्रवान** हुनु को दअ्वत दिदा छ।

﴿خُذِ ٱلۡعَفۡوَ وَأۡمُرۡ بِٱلۡعُرۡفِ وَأَعۡرِضۡ عَنِ ٱلۡجَٰهِلِينَ ١٩٩﴾ الأعراف: ١٩٩

तिमीले माफ गरी दिने बानी बसाल र भलाईको बाटो देखाउ र मूर्ख मानिसहरूबाट टाढा रहने गर।

﴿ٱدۡفَعۡ بِٱلَّتِي هِيَ أَحۡسَنُ فَإِذَا ٱلَّذِي بَيۡنَكَ وَبَيۡنَهُۥ عَدَٰوَةٞ كَأَنَّهُۥ وَلِيٌّ حَمِيمٞ﴾ فصلت: ٣٤

तिमीले त्यसलाई राम्ररी नै पन्छाई हाल फेरि देख्नु हुनेछ कि तपाईको दुश्मन पनि तपाईको मित्र बनी आउने छ।

**22– इस्लामले बुद्धिको रक्षा गर्ने गर्दछ। यसै कारणले गर्दा** यसले मानिसलाई लागु पदार्थ र मादक पदार्थलाई अमान्य गरोको छ। जसले मानिसको बुद्धिलाई बिगाडी दिने गर्दछ।

२३- इस्लामले मालको पनि रक्षा गर्ने गर्दछ। यसैले यसले शासनको प्रेरणा दिने गर्दछ। ईमानदारीको प्रशंसा गर्ने गर्दछ एवं यसैले मानिसले राम्रो जीवन र स्वर्गमा प्रवेश गराउनुको वचन पनि दिंदा छ। चोरीलाई ह़राम गराएको छ र चोरलाई दण्डको धम्की पनि दिने गर्दछ। इस्लामले चोरीको शिमालाई निर्धारित गर्दछ र नै यसले चोरको हाथ काटने गर्दछ। ता कि मानिसले चोरी गर्ने साहस पनि नगरोस। तात्पर्य यो हो कि यदि उसले आखिरतको यातनालाई हेलचक्राई गर्दछ त कमसे कम हाथ काटिने डरले चोरी नगरोस। यसैले जहां निर शरीअतको नियमलाई लागू गरिन्छ त्यहांका नागरीकहरू आफनो धन माल देखि निश्चिन्त भई सुखी जीवन बिताउने गर्दछन। यसरी चोरीको कर्म कमहुनुको कारणले गर्द हाथको कटाई पनि कम नै हुने गर्दछ।

**24– इस्लामले आत्माको रक्षा पनि गर्दछ। यसैले यसले कसैको हत्या गर्नु गराउनुलाई ह़राम ठहराएको छ।** यदी कसैले अकारण कसैको हत्या गर्दछ त हत्यारालाई पनि हत्या गर्नुको हुकुम कुरआनले दिदा छ। यसैले मुस्लिम राष्ट्रहरू जहां शरीअतको प्रशासन चल्दछ त्यहां हत्या कम हुने गर्दछ।

**25– इस्लामले स्वास्थ्यको रक्षा पनि गर्दछ।** कुरआन र हदीसमा यस विषय सम्बन्धमा अनेकौं हदीसहरू बिद्यमान छन।

﴿ وَكُلُوا۟ وَٱشْرَبُوا۟ وَلَا تُسْرِفُوٓا۟ ۚ إِنَّهُۥ لَا يُحِبُّ ٱلْمُسْرِفِينَ ﴿٣١﴾ ﴾ الأعراف: ٣١

एवं खानु पिउनु तर फजुलखर्च नगर्नु। अल्लाहलाई अपव्याय गर्ने मानिस मन पर्दैन।

विद्वानहरूको भनाई छ कि यो आयत पूर्ण प्रकारले चिकित्सा सम्बनधमा छ। यसरी खानु र पिउनुमा बीचको बाटो अपनाईयोस। यसले तपाईको स्वस्थ्यको रक्षा गर्दछ। इस्लामले हर प्रकारको लागुपदार्थ र मादक पदार्थलाई ह़राम गराएको छ। यसबाट हुने पासविक नुक्सान तपाई हामी सामु स्पष्ट छ। यसरी नै इस्लामले वेश्यवृत्ति र अवैधानिक यौन सम्बन्धलाई पनि ह़राम क़रार गराएको छ। यसबाट हुने स्वास्थ्यको बिगाड पनि तपाई हामीबाट लुकेको छैन। जस सम्बन्धमा आज अनेकौ कुराहरू स्पष्ट भई सकेका छन।

यसरी नै इस्लामले स्वस्थ्यको निम्ति नै सुंगुरको मासुलाई पनि ह़राम ठहराएको छ। जस सम्बन्धमा आज अनेकौं रहस्यहरू खुलेको छ कि सोको मासुबाट अनेकौ प्रकारको बिरामिहरू उत्पन्न हुने गर्दछ। यसले मानवको शरीरमा बिरामी उत्पन्न गराउनमा राम्रो भूमिका खेल्ने गर्दछ र सामान्य प्रकारले नै यो मानवको मृत्युको कारण बन्ने गर्दछ।

स्वास्थ्य रक्षाको निम्ति वुजूले पनि महत्वपूर्ण भूमिका निभाउने गर्दछ। यसले दांत र नाकको अनेकौ प्रकारको बिरामीहरूलाई निर्मल पार्ने गर्दछ।

**26– इस्लाम ज्ञानात्मक सत्यताको बुंदा देखि सहमत छ।** यसै ले यहां यो सम्भव नै छैन कि सही ज्ञानात्मक तथ्य शरीअतको नियम संग टकराओस्।

**27– इस्लामले आजादीको जमानत दिदा छ।** र त्यसको निम्ति क़ानून निर्धारित गर्दछ। इस्लाममा बिचारको आजादीलाई जमानत दिएको छ र अल्लाह पाकले मानिसलाई कान आंखा र मनको शक्ति प्रदान गराउनु भएको छ। ताकि त्यसले सो सम्बन्धमा सोंच बिचार गर्न सकोस र सोको आदेश पनि दिदा छ।

इस्लाममा मानिसको क्रय, बिक्रय, व्यापार, वा घुमनु फिर्नुको पूर्ण आजादी दिदा छ। जब सम्म तिनले बेईमानी धोखा र बिगाड फैलाउनमा अल्लाहको सीमाहरूलाई पार न गरी दिओस। यसैले यसले आजादीको आडमा मानिसलाई जुल्म र अत्यचारलाई व्यवहारमा ल्याउने हुकुम कदापि दिदैन। सांचो अर्थमा आजादी त त्यो हो जसलाई इस्लामले प्रस्तुत गरेको छ।

**28 – यो त्यो आजादी हो जसले मानवको कर्मको निर्णय गर्ने गर्दछ।** जसमा मानव आफनो पालनकर्ताको सेवक हुने गर्दछ र यही नै आजादीको सबै भन्दा ठूलो रहस्य हो। अतः मानव जब आफ्नो पालनहार संग डराउदछ, लालच, प्रेम र आशामा डुबने गर्दछ त बांकी सबै कुराहरूबाट त्यो आजाद हुने गर्दछ र यो त्यसको सम्मान र प्रतिष्ठा र सम्मानानुसार नै हो। सारंश यही नै हो कि इस्लाम कमालको बुलन्दीको पथ र मार्गदर्शन एवं सम्मानको धर्म हो। जुन मुसलमानहरू बीच कुनै कमजोरी या कमी होस त यो तिनको आफनु नै दोष हो न कि इस्लामको। इस्लाम यस प्रकारको षडयन्त्र देखि पूर्ण तरीकाले मुक्त छ।

### इस्लामका केही गुणहरू

इस्लाम धर्म सौभाग्य र सफलताको धर्म हो। यसले सम्पूर्ण मानवलाई सम्पूर्ण मानव सम्प्रदायकाहरू संग सद्व्यवहारको शिक्षालाई यसरी नै प्रष्ठयाएको छ कि यदी मानिसले सो अनुकूल नै जीवन निर्वाह गर्ने हो भने तिनको जीवन सुख र सम्पदाको साथमा बित्ने छ। जहां सम्म मुसलमानको गैरमुसलमान संगको व्यवहारको कुरा हो यो तिनको आ–आफनै औपचारिकताको कुरा हो। तिनको यस प्रकारको व्यवहार धर्मसंग कुनै तालमेल राख्दैन सम्बन्ध पनि छैन।

इस्लाम धर्मको वास्तविक मर्यादा इस्लामको भलाईलाई फैलाउनुमा नै छ, र हर प्रकारको बुराईहरूलाई रोक्नु सम्बन्धमा छ। यस माथि बिचार गर्नले सबै कुरा खुली अगाडी आउनु गर्दछ। इस्लामको यस शिक्षाले ती महान कामहरूको आदेश दिने गर्दछ जसमा सामाजिक मामलाहरू संगठित हुने गर्दछ र जीवनमा सुधार आउने गर्दछ। इस्लामले यी आदेशहरूलाई मनन् गरी हिडनेहरूलाई ठूलो भन्दा ठूलो पुरस्कारको वचन बद्धता गराएको छ। जसले यसको वचनको खिलाफमा जाने प्रयास गर्दछ तिनलाई सजाको धम्की पनि दिइएको छ। यसैको आधारमा यहां इस्लामका केही महान आदेशहरूको वर्णन गराइएको छ :

### इस्लामका केही महान आदेशहरू

१. इस्लामले तिमीलाई ती कुराहरूको हुकुम दिदा छ कि तिमी एक जना कुशल लाभदायक र कामको चीज होस। तिमीले इस्लाम भन्दा बाहिराको कुरालाई अनुकरण गर्ने छैनौ र आफू पनि कसै माथि बोझ बन्ने छैनौ।

२. इस्लामले तिमीलाई यस्तो कुराहरू को आदेश दिंदा छ जसलाई गर्नुमा तिम्रो प्रतिष्ठामा बृद्धि हुने छ। यसले तिमीलाई पशु बराबरको जीवनी, ईच्छाहरूको दासता र अल्लाह बाहेकको पूजाबाट पर राख्दछ।

३. इस्लामले तिमीलाई आफनो बुद्धि र शरीरको अंग प्रत्यंगहरूलाई धर्मीय मामलाहरूमा नै व्यावहार गर्नु को हुकुम दिदा छ।

४. इस्लामले तिमीलाई शुद्ध एकेश्वरवाद र सही आस्थाको आदेश दिदा छ।

५. इस्लामले तिमीलाई  मुसलमानको दोषहरूलाई लुकाउनुको र आरोप आउने स्थानहरूबाट बचूनुको हुकुम दिंदा छ।

६. इस्लामले तिमीलाई मुसलमानहरूको आवश्यकतालाई पुरा गर्नुको हुकुम दिंदा छ। तिनको कष्टहरू लाई पंछाउने प्रयास गर्नुको हुकुम दिदा छ।

७. इस्लामले तिमीलाई यो हुकुम दिदा छ कि तिमीले प्रत्येक मुसलमानलाई सलाम देउ र सलाम लेउ। साथै आफनो मुसलमान भाइको परिवारलाई उहांको अनुपस्थितिमा सहयोग गर।

८. इस्लामले तिमीलाई बिरामीहरूको दुखद अवस्थमा तिनलाई भेटनु र सहयोग गर्नु, मलामेमा शामिल हुनु, चिहानहरूमा जानु यसकारणले कि आफु पनि एक दिन त्यहीं आउनु छ यो कुरालाई बुझन जानु, सुकर्मलाई आफ्नो जीवनको लक्ष्य बनाउनु, र आफ्नो मुसलमान भाइहरूको निम्ति दुआ गर्नु।

९. इस्लामले तिमीलाई हुकुम दिदा छ कि तिमीले मानिसहरू संग न्याय गर र तिनको लागी त्यी कुरालाई नै पसन्द गर जुन तपाई आफनो निम्ति पसंद गर्नु हुन्छ।

१०. इस्लामको हुकुम छ कि तिमीले जीविकाको खोजीको निम्ति संघर्ष गर र आफूलाई अपमानित रूसवाईको स्थानबाट पर राख।

११. इस्लामको आदेश छ कि तिमीले मानिसहरू संग दयालुता र प्रेमपूर्ण व्यवहार गर यसको साथै तिनलाई लाभ दिने कुराको अनुसंधान गर र नुक्सान पुऱ्याउने कुराबाट बचाउ।

१२. इस्लामले तिमीलाई आमा बाबा संग सदव्यवहार गर्नुको हुकुम दिंदा छ। नाता गोताहरू संग मिली नै रहनु, छिमेकीहरू संग सदव्यवहार जानवरहरू संग नर्मीको व्यावहार हुनु पर्ने को आदेश गर्छ।

१३. इस्लामले तिमीलाई मित्रहरू संग सदव्यवहार र वफादारी र स्त्रीहरू र नानीहरूको साथमा सदव्यवहार गर्नुको हुकुम दिंदा छ।

१४. इस्लामले तिमीलाई लोकलाज र दारविरता साहस एवं सत्यको लागी स्वाभिमान बन्नुको आदेश दिंदा छ।

१५. इस्लामले तिमीलाई पुरूषत्व, उत्तम आचरण, तत्व दर्शिता र सूझ बूझको आदेश दिने गर्दछ।
१६. इस्लामले तिमीलाई ईमानदारी, वचनलाई पूरा गर्नेवाला, राम्रो भावना राख्नु, र भलाईको काममा अग्रसर हुनुको आदेश दिंदा छ।
१७. इस्लामले तिमीलाई सतित्व, संयमी, धैर्यवान, दृढता, र निर्मलताको आदेश दिदा छ।

१८. इस्लाम ले तिमीलाई अल्लाहको धन्यवाद गर्नु , उहांसंग प्रेम गर्नु, उहांसंग डराउनु र उहांमा भरोसा गर्नुको आदेश दिदा छ।

## इस्लाममा बुराईहरूको उन्मुलन र तिनलाई रोक्नुको आदेश

इस्लामको महान गुणहरूमा मानिसको नराम्रा आचरणहरूलाई रोकनु र सो प्रकारको नराम्रा आचरणहरूलाई अन्तय पार्नु हो। जसले मुसलमानलाई बुराईबाट रोक्दछ र नराम्रो कामबाट मानिसलाई बचाउदछ र गलत कामको दुष्परिणामबाट डराउदा छ। यसैले इस्लामले मानिसलाई जुन कुराबाट रोक्द छ ती कुराहरू निम्न हुन :

१. इस्लामले मानिसलाई कुफ्र र बहुदेववादबाट रोकेको छ र अवज्ञा एवं इच्छाहरूको अनुशरणबाट पनि।

२. इस्लामले मानिसलाई घमण्ड, बैर, छल र कपटको साथै मानिसलाई इर्ष्या गर्नुबाट पनि रोकेको छ।

३. इस्लामले मानवलाई दुर्भावना, अन्धविश्वास, कंजूसीको साथै फिजुलखर्चीबाट रोकेको छ।

४. इस्लामले कठोरता र कसैसंग दुश्मनी गर्नुबाट रोक लगाएको छ।

५. इस्लामले मानिसलाई अल्छीपना, कायरता, कमजोरी, एवं उत्ताउलो, कठोर स्वभाव, निर्लज्जता, अश्लीलता एवं अक्रोषको भावनाबाट रोक लगाएको छ।

६. इस्लामले कसैको अनुपस्थितीमा त्यसको बुराई गर्नुबाट रोकेको छ।

७. इस्लामले मानिसलाई व्यार्थको कुरा गर्नुबाट रोक लगाएको छ। रहस्य खोल्नु र मानिसको उपहास गर्नुबाट रोक लगाएको छ।

८. इस्लामले मानिसलाई गाली गर्नु, फट्कारनु, व्यगं गर्नु, नराम्रो उपाधिले सम्बोधित गर्नु मनाही गरेकोछ।

९. इसलामले मानिसलाई दंगा, फसाद, एवं लडाई र झगडाबाट रोकेको छ।

१०. इस्लामले मानिसलाई व्यार्थको कुरा र गलत हसतछेपबाट पनि रोकेको छ।

११. इस्लामले साक्षीलाई लुकाउने र झुठो साक्षी दिनुबाट रोक लगाएको छ। त्यसरी नै बिना कुनै प्रमाणको नै कुनै स्त्रीलाई बदचलनको आरोप लाउनु देखि। मरेको मानिसलाई गाली दिनु देखि, र ज्ञानलाई लुकाउनुबाट पनि।

१२ – इस्लामले मानिसलाई दुर्वचन, मूर्खता, दानलाई अपमान गराउने कुरा नगर्नुको हुकुम दिंदा छ। र भलाई गर्नेवाला मानिसको अकृतज्ञतामा जानुबाट पनि रोकेको छ।

१३. इस्लामले अर्काको अपमान गर्नु, कसैलाई बाउको नाम बाहेक अरूको नामले कटुशब्दहरू गर्नु बाट मानिसलाई रोकेको छ। असलकाम नगर्नु, भलाई नगर्नु, उपकार नगर्नु, जस्तो नराम्रो कर्मबाट मानिसलाई रोक्दछ।

१४. इस्लामले मानिसलाई बेईमानी, धोका धडी, वचन बिमुख हुनु र त्यसलाई तोडनुबाट रोक्दछ।

१५. इस्लामले मानिसलाई आमा बाबाको कुराको अवज्ञा, नातेदारहरूको कुराको अवज्ञा नगर्नु र तिनको हक् र नानीहरूको प्रशिक्षणमा ध्यान दिनुको हुकुम दिंदाछ।

१६. इस्लामले मानिसहरूलाई अर्काको बारेमा जासुसी गर्नु वा चेवा गरी हिडनु र अरूको दोष र अवगुणहरूलाई खोजी हिडनुबाट मनाही गर्दा छ।

१७. इस्लामले लोग्नेलाई स्त्रीको भेद खोल्नुबाट रोक्दछ र स्त्रीलाई लोग्नेको गोप्यता र भेद खोल्नुबाट रोक्दछ।
१८. इस्लामले जुआ खेल्नु र रक्सी खानु, मादक पदार्थ वा लागु पदार्थको सेवनबाट मानिसलाई रोक्दा छ।

१९. इस्लामले झुठो कुरा गरी सामान बेच्नु, नाप र तौलमा कमी गरी बेच्नु, ह़राम काममा सामानलाई किन बेच गर्नुबाट रोकेको छ।

२०. इस्लामले मानिसलाई चोरी गर्नु, अवैद्य कब्जामा कसैको सामानलाई हथ्याउनु, कसैको विवाहको सम्बन्धमा भई रहेको संधि र समझौतालाई व्यार्थको कुरा थपी रोकी दिनु, र कसैले किनी राखेको सामानको बारेमा नराम्रो कुरागरी त्यसलाई रोकी दिनुबाट रोकेको छ।

२१. इस्लामले मानिसलाई आफ्नो भागीदार संग बेईमानी गर्नु, बिना अनुमतिको नै विवाहको दस्तुरलाई हडपी खानु। मजदुरको मजदुरीमा अबेला गर्नु, वा कामपूरा भइसके पछि पनि तिनको ज्यामी नदीनुबाट रोकेको छ।

२२. इस्लामले मानिसलाई अत्याधिक खाना खानुबाट पनि रोकेको छ।

२३. इस्लामले आपसी दुश्मनीको कारणले एक अर्कालाई छोडिदीनु वा कुरा नै नगर्नुबाट मानिसलाई रोक गरेको छ। साथै आफनो घरबाट बाहिर रहनु देखि मनाही गरेको छ।
२४. कुनै पनि मानिसलाई बिना कुनै कारणको नै मार्नु र बिना कुनै कारणको नै तिनलाई हथियार देखाई डराउनुबाट रोकेको छ।

२५. इस्लामले अवैधानिक यौनचार, व्याभिचार, गर्नुबाट रोक लगाएको छ।

२६. इस्लामले न्यायधीशलाई त्यस मानिसबाट कुनै पनि उपहार लिनु देखि रोकेको छ जसले मुकदमा भन्दा पहिले कहिल्यै त्यस न्यायधिशलाई उपहार वा भेट दिएको थिएन।

२७. इस्लामले मानिसलाई घुसखोरीबाट रोकेको छ।

२८. इस्लामले मानिसलाई गरीब गुरूबाहरूको सेवा नगर्नुबाट रोकेको छ। जब कि त्यो मानिस मदत गर्नुमा सामर्थवान होस।
२९. इस्लामले बिना अनुमतिको कसैको घरमा पस्नु देखि रोकेको छ, चाहे समान्य छेदबाट नै किन न होस अर्काको घरमा ताक झांक गर्नु देखि मनाही गरेको छ।

३०. इस्लामले ती सम्पूर्ण कुराहरूको बिरोध गर्दछ जसमा ज्यान धनको हानिनुक्सानी होस, समाज र राष्ट्रको नुक्सान होस।

## इस्लामका स्तम्भहरू

**इस्लाम पांच वटा स्तम्भमा उभिएको छ :**

१ – यस कुरालाई मनमा बसाउनु कि अल्लाहलाई छोडी अन्यकोई सत्य पूजनीय छैन र मुहम्मद ﷺ अल्लाहका रसूल होई बक्सनु हुन्छ।
२ – नमाजलाई कायम गर्नु।
३ – जकात धर्मादय दिनु।
४ – रमजानको महिनामा र्वत बस्नु।
५ – अल्लाहको पवित्र घरको हज्ज गर्नु।

**स्तंभहरू को अर्थ**

**(क) यस कुराको साक्षी दिनु कि अल्लाह नै एक मात्र उपासक होई बक्सनु हुन्छ उहां बाहेक कोई पूजनीय छैन र मुहम्मद ﷺ अल्लाहको पैगम्बर होई बक्सनु हुन्छ।**

यस कथनको साक्षीदिनले यस कुराको पुष्टि गरउद छ कि अल्लाह बाहेक अरू कुनै सत्य पुजनीय छैन र उहां बराबर कोई छैन। जन्मेर मर्नेहरू ईश्वर हुन सक्दैनन, उम्रेर ओइलाएर मर्नेहरू ईश्वर हुन सक्दैनन, उदाएर अस्ताउनेहरू ईश्वर हुन सक्दैनन र तीनले ईश्वरको स्थान र अस्तित्वलाई प्राप्त गर्न सक्दैनन। यी नै कुराको जानकारी गराउनको निम्ति नै उहांले हामी जस्तै मानवहरू बीचबाट ज्ञानी र गुणीलाई आफनो पैगम्बर चुन्नु भयो र मुहम्मद ﷺ पनि उहांको अन्तिम पैगम्बर होई बक्सनु हुन्छ। मानव सम्प्रदायले आ–आफनो परिवारिक संस्कारानुसार उनी भन्दा पहिले आएका नबीहरू जसलाई विविध वंश र जातिको निम्ति पठाइएको थियो तिनका संस्कारहरूलाई आफनो धर्म बनाई आएका थिए यसको विविधता मुलक कर्मकाण्डको मोचन र सम्पूर्ण मानव जातीको निम्ति नै निर्णायक मार्गदर्शनको रूपमा आएको कलिमा या शहादतले इस्लामको प्रथम स्तम्भको स्थान ओगटेको छ। किन कि यी दुवै साक्षीदानका बुंदाहरूले मानवको कर्मलाई सत्य हुनु को प्रमाणपत्र साबित गर्दछ। अल्लाह नै पुजनीय हुनु र नबी करिम ﷺ नै उहांको संदेष्टा हुनुको कुरा र उहांको अनुशरण नगरीकन् कसैको कर्म स्वीकार हुने छैन। यसको अर्थ यो हो कि मात्र एउटै अल्लाहको उपासना होस र नबी करिम ﷺ को तरिकानुसार नै अल्लाहको पूजा होस। यी कुराहरूलाई मुखले भन्नु मात्र हैन बरू त्यसमा कर्मरत् रहनुको पनि अवश्यकता छ। अर्थात यसलाई प्रेम पूर्वक, निष्ठावान बनी, सांचो मनले सम्पूर्ण आज्ञाहरूको पालना गरीयोस। मुहम्मद ﷺ को साक्षी दिनुको अर्थ यो हो कि उहांले दिनु भएको मार्गदर्शनबारे अनुकरण गरीयोस र उहांले नकार्नु भएको कुराहरूलाई अस्वीकार गरीयोस र उहांले दिनु भएको निर्देशनानुसार नै अल्लाहको पूजा होस। यसरी यी दुवै बुंदाहरूमा कर्मरत् रहेको अवस्थामा नै मानिसले आफूलाई मानिसको गुलामी बाट आजाद गराउनमा सुल हुने छन्।

**(ख) नमाज स्थापित गर्नु**

अर्थात् सही तरीकानुसार नमाजलाई आफ्नो निर्धारित समयमा कायम गरी अल्लाहको पूजा गर्नु। दिन र रातमा गरी पांचवटा अनिवार्य नमाजलाई कायम गर्नु। नमाजले मानिसको आंखामा शितलपन, मनको व्यापकता, बुद्धिमा शक्ति, चुस्तपनको प्राप्ति, उदासीनतालाई हटाउने कारण हो। नमाजले मुसलमानहरूमा आपसी सम्पर्क स्थापित गर्ने गर्दाछ।

**(ग) जकातलाई दिनु**

तोकिएको परिमाणमा जसले तपाईको जकातमा हक राख्दछ त्यसलाई जकात दिनु। यसरी इस्लामले मुसलमानहरूलाई तिनको सम्पत्ति देखि तोकिएको बराबरको सम्पत्ति निकाली गरीब र आवश्यकतामा रहेका मानिसहरूलाई दिनुको हुकुम दिंदा छ।

**जकात देखी लाभ :** जकातले मानिसलाई स्वार्थपन र लालसाको साथै कंजुसीको भावनालाई मनबाट निकालद छ। जसले तिनको मनको लालचको भावनालाई स्वच्छ पार्दछ। यसरी मुसलमानलाई आफनो मात्र नभई अरूको अवश्यकताको पूर्तिको निम्ति पनि आदेश दिंदा छ। यसरी मुसलमानहरू बिच प्रेमको अदान प्रदान, स्वार्थ, स्वाभिमानबाट मुक्ति पाउद छ, यसले मानिसलाई ईर्ष्याको भावनाबाट बचाउद छ, दया र कृपाको भावनालाई सुरक्षित पार्दछ। अर्काको बेचैनीपन र गरीबीको ख्याललाई मनमा बसाउदछ।

**(घ) रमजानको महिनामा रोजा राख्नु**

अर्थात रमजानको महिना भरी रोजालाई तोडने कुराहरूबाट पर रही अल्लाहको उपासनालाई कायम नै राख्नु। यसरी मुसलमानलाई सम्पूर्ण महिनाभरी नै अल्लाहको उपासनामा व्यस्त रही बिहान सूर्यउदय देखि बेलुकी सुर्यास्त सम्म रोजामा रहनुको हुकुम दिंदा छ। रोजाको अर्थ आफुलाई खानु पिउनुबाट पर राखी नै राख्नु हो। जब तपाई रोजामा रहनु हुन्छ त स्त्री सहवास देखि पर रहनुको आदेश दिदा छ, कसैले यस आदेशको पालन नगरे उसको रोजा भंग हुंदा छ।

**रोजा देखि हुने लाभ :** यसले आत्मलाई शुद्ध पार्दछ, आफनो ईच्छाहरूलाई शुद्ध पार्ने सुअवसर प्रदान र्गछ र त्यसलाई तुच्छ कुराहरूबाट सभ्य बनाउद छ। यसरी आत्मालाई अल्लाहले मन पराउने कुराहरूमा समर्पित गराउनु। धैर्यता कायम गर्नु र कष्टहरूलाई सहनुको योग्य बनाउनु हुन्छ।

(ङ) **काबाको हज्ज गर्नु**

अर्थात हज गर्नुको निम्ति काबाको यात्रा गर्नु। सोही नीयतानुसार अल्लाहको पूजा गर्नु। हज्ज तिनै मुसलमानहरूको निम्ति अनिवार्य हो जसले मक्का शरीफ सम्म पुगी हज्ज गर्ने क्षमता राख्ने गर्दछन्।

**हजबाट लाभ :** आखिरतलाई याद गर्नु। अल्लाहको निकटता पाउनुको निम्ति आर्थिक र पासविक प्रयासको निम्ति आफूलाई तैयार गर्नु। मुसलमानहरू बीच आ-आफनो परिचय र प्रेमलाई प्राप्त गर्नु।

यो इस्लामको पांचौ स्तम्भ हो। संक्षिप्तमा यसबाट मानिसलाई निम्न फाईद छ।

### इस्लामी आस्थाको निवहरू निम्न हुन

१. अल्लाहमा ईमान ल्याउनु।
२. स्वर्गदुतहरूमा ईमान ल्याउनु।
३. किताबहरूमा ईमान ल्याउनु।
४. नबीहरूमा ईमान ल्याउनु।
५. आखिरतमा ईमान ल्याउनु।
६. भाग्यको देन सम्बन्धमा ईमान ल्याउनु।

**1. अल्लाहमा ईमान ल्याउनु।**

अल्लाहमा ईमान ल्याउनु नै असल काम, महत्वपूर्ण कुरा र उच्च ज्ञान हो। अल्लाहमा विश्वास गर्नुको अर्थ हो कि अल्लाह विद्यमान होई बक्सनु हुन्छ र यही नै सम्पूर्ण कुराहरूमा श्रेष्ठता हो, उहां नै सबैको पालनहार हुनु हुन्छ। मात्र उहां नै रचनाकर्ता होई बक्सनु हुन्छ, उहां नै कर्ता भर्ता र हर्ता होई बक्सनु हुन्छ। मात्र उहां नै सृष्टिकर्ता होई बक्सनु हुन्छ। उहांले नै पूजाको हक राख्नु हुन्छ। उहां एक्लै हुनु हुन्छ। उहां समान कोई हुनु हुन्न। उहांको बराबरीमा कोई छैनन्। उहां नै सम्पूर्णका गुणधारी होई बक्सनु हुन्छ। उहां हर प्रकारको दोषहरूबाट मुक्त होई बक्सनु हुन्छ।

यस प्रकारको विश्वास र आस्था हर मानवमा नीहित छ। त्यसैले हर मानवको रचना आफनो रचयताको ईमानमा नै बनाईएको हो। प्रकृतिको नियमानुसार नै तिनको रचना सही समयमा हुने गर्दछ। जब यस आस्थालाई कायम गराउने कुरा तिनीहरू समक्ष घटदा छ। त अल्लाहको कथन छ।

﴿ فِطْرَتَ ٱللَّهِ ٱلَّتِى فَطَرَ ٱلنَّاسَ عَلَيْهَا ﴾ الروم: ٣٠

अल्लाहले बनाउनु भएको मानव प्रकृति जसको अधारमा अल्लाह पाकले मानव प्रकृतिको रचना गर्नु भयो त्यसलाई ग्रहण गर।

अल्लाह पाकको प्रकृतिको मतलब इस्लाम हो। जब कोई मानव चाहे त्यो काफिर नै किन न होस कुनै कष्टमा पडदा छ त आफनो पालनहार तर्फ फर्कदछ ताकि उहांले तिनको कष्टलाई पन्छाउन सकोस। प्रत्येक मानवको रचना गरिनुको तात्पर्य यो हो कि मानवले आफू रचनामा आउनु भन्दा पहिले त्यसले अल्लाहको हुकुम र आदेशको पालन गर्ने वचन बद्धतानुकुल नै तिनलाई उत्पतीमा ल्याईएको हुन्छ। त्यसैले नबी ﷺ को कथन छ :

प्रत्येक शिशुहरू प्रकृतिको वातावरणानुसार नै बनाईएको हुन्छ। अर्थात इस्लाममा नै जन्माईएको हुन्छ। त्यसैले अल्लाहको नबीले यसो भन्नु भएन कि तिनलाई तिनको आमा बुबा ले मुसलमान बनाई दियो। त्यसैले हर मानिसलाई तिनको आमा बुबाले तिनको प्रकृतिक संस्कारको आधारमा नै आ–आफनो संस्कारानुसार नै तिनलाई यहुदी या त नसरानी वा अन्य कुराहरूमा परिणत गराउद छन। जसले जुन संस्कारमा मानव रूपी जीवन पाउनु भयो तिनैको संस्कारमा तिनलाई ढालिन्छ र पूर्ण प्रकारले अल्लाहमा ईमान ल्याउनुको हुकुम दिंदा छ। त्यसैले जुन मानिसले यस संसार, धरती, आकाश, पाताल, नदी, नाला, मानव, पशु, जानवार, आदिको अवलोकन गर्ने छ त्यस मानिसलाई यस कुराको अभास हुने गर्दछ कि ब्रह्माण्डलाई बनाउनेवाला कोई छ त त्यो शक्ति अल्लाह पाक नै

होई बक्सनु हुन्छ, र यो अल्लाह तिनै होई बक्सनु हुन्छ जिनी सर्वशक्तिशाली होई बक्सनु हुन्छ। यस शिलशिलामा बौद्धिक बिभाजन तीन कुराहरूबाट बाहिर आउदैन।

(क) या त यो सृष्टि कुनै सृष्टिकर्ताको बिना नै स्वयं बाहिर आएको छ। यो कुरा पनि अत्यन्त आश्चर्य जनक र असंभव नै छ। दिमागले कुनै पनि अवस्थामा यस कुरालाई असत्य मान्ने गर्दछ। यसैले बुद्धिमान मानिसलाई यो कुरा थाहा छ कि कुनै पनि कुरा बिना कारण यस संसारमा आएको छैन र तिनलाई बनाउनेवाला कुनै न कुनै महाशक्ति विद्यमान होई बक्सनु हुन्छ।

(ख) या त मानवले वा अन्य प्राणीहरूले आफूलाई स्वयं नै बनाई ल्याए। यो कुरा पनि अत्यन्त नै अजीब र असम्भव नै छ। किन भने कि कुनै पनि वस्तु विशेषले आफूलाई आफैले पैदा गर्न सक्दैन। यस कारणले कि ती वस्तुहरू आफू अस्तित्वमा आउनु भन्दा पहिले केही थिएनन् त ती बस्तुहरू कसरी आफनै रचनाकर्ता हुन सक्छन? अर्थात मानिस चाहे जुन सुकै किन न होस। उत्पत्तिकर्ता हुन सक्दैनन्। संज्ञा लिई आएका मानिसले सो प्रकारको दर्जा प्राप्त गर्न सक्दैनन्। जब यस अवस्थामा मानिसको रचनाकर्ता हुनुको कुरा झुठो ठहरिन्छ त रचनाकर्ता सम्बन्धमा तेस्रो बिचार आउदछ त्यो हो - यदी यस संसारमा कुनै पनि रचनाकर्ता हुन सक्दैनन त अवश्य पनि एउटा रचनाकर्ताको हुनुको आवश्यकता छ र तिनी हुन :

(ग) अल्लाह जसले सम्पूर्ण ब्रह्माण्डलाई आफनो रचनामा ल्याउनु भयो। संसारको प्रत्येक वस्तुलाई अस्तित्व प्रदान गर्नु भयो। जिनी अमर छन्। उहां नै प्रथम र उहां नै अन्तिम होई बक्सनु हुन्छ। अल्लाहले कुरआनमा यस कुराको प्रमाणलाई ठोस रूपमा बौद्विकताले स्वीकार गर्न सक्ने प्रमाणको रूपमा उल्लेख गर्नु भएको छ।

﴿ أَمْ خُلِقُوا۟ مِنْ غَيْرِ شَىْءٍ أَمْ هُمُ ٱلْخَٰلِقُونَ ﴿٣٥﴾ ﴾ الطور: ٣٥

के यी कुराहरू बिना कुनै कारणको नै बनी आएका हुन्? वा आफू नै आफना रचनाकर्ता भई आएका छन्। अर्थात यस कुराले प्रमाणित पार्दछ कि यी वस्तुहरू बिना कुनै निर्माणकर्ताको बनेका होइनन् र न तिनले आफूलाई नै अस्तित्वमा ल्याएका हुन्। त यिनै कुराहरूले प्रमाणित गर्दछ कि यी सम्पूर्ण वस्तुहरूलाई बनाउनेवाला अल्लाह नै होई बक्सनु हुन्छ। यसरी जीवको निम्ति तिनलाई बनाउनेवालाको हुनु जरूरी मानिन्छ र हर प्रभावको निम्ति प्रभावलाई बनाउने वालाको आवश्यकता छ। हर अस्तित्वमा आउनेवालाको निम्ति अस्तित्वमा ल्याउने वालाको अवश्यकता छ। प्रत्येक वस्तु को निम्ति तिनलाई बनाउने वालाको अवश्यकता छ।

यी तथ्यहरू पनि अमुस्लिम बिद्वानहरू समक्ष स्पष्ट छन्। जसले किताबको अमुल्य कुरालाई मनन् गर्ने गर्दछन्। संसारको विविध विषयका वैज्ञानिक चाहे तिनी विज्ञान जगतको जुन सुकै पनि विषयका विद्वान किन नै होउन। जानुहोस खगोल शास्त्रका वैज्ञानिक लाई सोधनु होस कि यस ब्रह्माण्डको रचनामा कुन शक्तिको भूमिका अहम छ। ब्रह्माण्डको रचनामा मानिसको खोज र अविष्कार दिन दिनै फेरिदै छ। तर अल्लाहको कलिमा जुन मुहम्मद ﷺ मा अवतरित भई आयो ले आफुमा परिवर्तन हैन बल्कि ठोस स्थाइत्वलाई बहन गराएको छ। जसमा चाहे ती वैज्ञानिक नै किन न होउनलाई थाहा छ जसले अल्लाहमा ईमान ल्याए, आखिरतमा ईमान ल्याए, तिनै मोमिनहरू सांचो अर्थमा विद्वान हुन, कुफ्र र नास्तिकता मात्र कम पढेका मानिसहरूबाट मात्र नै जाहेर हुने गर्दछ।

यीनै किताबहरूको समकृक्षमा आएको अर्को किताब छ जसको नाम हो, (मनुष्य एक्लै निर्माणमा स्थापित रहन सक्ने थिएनन) जसको अनुवाद अरबी भाषामा इमान र ज्ञानको दअूवत दिन्छ को नामले प्रख्यात छ। यस किताबका लेखक क्रेसी मोरेसन हुनु हुन्छ। जिनी साइन्स एकेडमी अमेरीकाका पूर्वका अध्यक्ष, जसले अमेरिकन इन्सिटिच्युट न्युयोर्क, नेश्नल रिसर्च एकडमी यूनाईटेड स्टेटसको कार्यकारी सदस्य, अमेरिकन म्युजीयम फर नेश्नल हिस्ट्रिका सहयोगी, ब्रिटिश किंग इन्स्टीच्युटका आजीवन सदस्य हुनु हुन्छ। मोरेसनले आफनो किताबमा लेख्नु भएको छ कि - पैदाइसी रूपमा मानवको प्रगति र जिम्मेदारीको अभास अल्लाहमा ईमान ल्याउनु को निशानीहरू मध्ये एक निशानी पनि हो।

अर्को स्थानमा लेखीएको छ :- दीनदार मानिसको आत्माको पता उसलाई लाग्ने गर्छ र त्यसलाई बिस्तारै क्रमिक प्रकारले बुलन्द पनि गराउदछ। यो आत्माको मर्यादा तब सम्म कायम नै भई रहन्छ जब सम्म मानिसको आत्माले अल्लाहको अभासलाई प्राप्त गरी नै लियोस र अल्लाह संग त्यसले मनुष्यको निम्ति मन्नत माग्यो कि अल्लाहले त्यसलाई मदत गरोस। जुन एउटा प्रकृतिक कुरा हो। यस पछि अर्को स्थानमा लेखिएको छ कि : मान सम्मान सज्जनता र श्रेष्ठता नास्तिकता र अधर्मबादबाट प्राप्त हुदैन। यस बोध गम्यताको कथन छ कि हाम्रो बुद्धिको परिधि सीमित छ त्यसैले असीमितताको ज्ञानलाई जान्न सक्ने गर्दैनौं। यसैको बुनियादमा हामीलाई त्यस अल्लाहमा विश्वासको खांचो छ जिनी यस संसारका रचनाकर्ता होई बक्सनु हुन्छ। जसले जलचर नभचर र थलचर सबैलाई बनाउनु भयो।

### अल्लाहको एक हुनुको सत्यता र उहांमा ईमान ल्याउनुको बौद्धिक साक्षीदान

यो सम्बन्धमा असंख्य प्रमाणहरू छन, तिनीहरू मध्ये एउटा प्रमाण यो पनि हो कि मानिसको पुकारलाई अल्लाहले सुन्नु हुन्छ। त्यसैले अनेकौं पीडित मानिसहरूले उहांसंग पुकार गर्नु हुन्छ गुहार माग्नु हुन्छ त अल्लाह पाकले उनीहरूको पुकारलाई सुन्नु हुन्छ र तिनीहरूको कष्ट र दुःखहरूलाई मोचन गर्नु हुन्छ। अल्लाहको भनाई छ :

﴿ وَقَالَ رَبُّكُمُ ٱدۡعُونِيٓ أَسۡتَجِبۡ لَكُمۡۚ ﴾ غافر: ٦٠

र तिम्रो पालनकर्ताले भन्यो मलाई पुकार म तिम्रो पुकारलाई स्वीकारने छु।

﴿ أَمَّن يُجِيبُ ٱلۡمُضۡطَرَّ إِذَا دَعَاهُ وَيَكۡشِفُ ٱلسُّوٓءَ ﴾ النمل: ٦٢

एवं तिनी को हुन जिनले परेशान र दुखीहरूको पुकारलाई सुन्ने गर्दछन र तिनको दुःखहरू लाई निर्मूल पार्ने गर्दछन।

﴿ وَنُوحًا إِذۡ نَادَىٰ مِن قَبۡلُ فَٱسۡتَجَبۡنَا لَهُۥ ﴾ الأنبياء: ٧٦

एवं नूहलाई हामीले मुक्ति दियौं, जब तिनले हामीलाई पुकारे त हामीले तिनको दुआलाई कबूल गऱ्यौ।

﴿ إِذۡ تَسۡتَغِيثُونَ رَبَّكُمۡ فَٱسۡتَجَابَ لَكُمۡ ﴾ الأنفال: ٩

जब तिमीले तिम्रो पालनकर्ताको प्रार्थना गरी रहेका थियौ त तिनले तिम्रो पुकारलाई सुन्नु भयो।

हदीस शरीफमा अनेकौं प्रमाणहरू छन जसमा बुखारी शरीफमा अनस बिन मलिकको हदीस छ :

एक गांउका साधरण मानिस शुक्रबारको दिन मस्जिदमा प्रवेश गऱ्यो। नबीले खुत्बा दिई रहनु भएको थियो। त्यो देहाती ले भन्यो- हे अल्लाहको रसूल सामानहरू नष्ट हुदै छन बच्चाहरू भोकले मरिरहेका छन, तपाईले हाम्रो निम्ति अल्लाह तिस दुआ गरी दिनु होस। त त्यति खेर नै आकाशमा पहाडहरू जस्तै गरी बादलहरू मंडराउन थाले र रसूल मिम्बर देखि उत्री मस्जिदको सतहमा आउनु भएको थियो कि मैले देखें उहांको दाह्री देखि वर्षाको पानीको बुदांहरू चुही रहेको थियो।

फेरी त्यही गाउले वा अरू कुनै अर्को जुमाको दिनमा त्यहीं मस्जिदमा उभियो र भन्यो हे अल्लाहको रसूल घरहरू गली सके र चुहिन थाले माल र सामानहरू डुबी सके, त्यसैले हे अल्लाहको रसूल तपाईले यसको निम्ति दुआ गरी दिनु होस। त रसूलले आफनो दुवै हाथ उठाई अल्लाह संग गुहार गरे कि हे अल्लाह तपाईले पानीलाई हाम्रो ठाउ देखि अन्यत्र वर्षाउनु त अचानक पानी हामी माथी हैन बरू हाम्रो आस पास वर्ष्यो।

यस पछि अल्लाहको नबीले जुन दिशा तर्फ आफनो हाथलाई उठाउनु हुन्थ्यो तिनै दिशा तर्फ बादल छाटी जाने गर्दथ्यो।

यिनै बौद्धिक प्रमाणहरूमा नबी हुनुको निशानीहरू विद्यमान छन् जसलाई चमत्कार भनिन्छ र यी सबै बानीको बिपरित र मानव शक्ति देखि बाहिरको कुरा हुन्। जसलाई अल्लाह पाकले

आफनो नबीहरूको पुष्टि र तिनलाई नबी हुनुको समर्थन स्वरूप प्राप्त गराउद छ। जस्तै कि मूसा ﷺ मा पनि उहांले यस्तै निशानीहरू पठाउनु भएको थियो। तिनीहरू मध्ये एक निशानी यो पनि हो कि जब फिरऔनको सेनाहरूले मूसा ﷺ का मानिसहरूलाई पछयाउदै नील नदीको छउमा पुगेका थिए त मुसाको मानिसहरूले भने अब त फिरऔनका मानिसहरूले नै हामीलाई पाउने भए

﴿ إِنَّا لَمُدْرَكُونَ ﴿٦١﴾ ﴾ الشعراء: ٦١

त मूसा अलैहिस्सल्लम ले भन्नु भयो

﴿ قَالَ كَلَّآ ۖ إِنَّ مَعِيَ رَبِّي سَيَهْدِينِ ﴿٦٢﴾ ﴾ الشعراء: ٦٢

यसो कदापि हुन सक्दैन, म संग मेरो पालनहार होई बक्सनु हुन्छ। उहांले मेरो मार्गदर्शन गर्नुहुने छ।

त अल्लाहले मूसा अलैहिस्सल्लमलाई निर्देशन दिनु भयो :

﴿ أَنِ ٱضْرِب بِّعَصَاكَ ٱلْبَحْرَ ۖ ﴾ الشعراء: ٦٣

कि तिम्रो लठ्ठीलाई समुद्रमा मार। त मूसा ﷺ ले आफनो लाठीलाई समुद्रमा मार्नु भयो। त समुद्रको बीचबाट बाटो बनी हाल्यो। यसरी मूसा ﷺ र उहांका अनुयायीहरूले नील नदीलाई पार गर्नु भयो। तर जब फिरऔन र त्यसको सेना त्यस नदी भित्र पस्न गयो त नदीले तिनलाई ढाकी दियो अर्थात डुबाई दियो। यसरी मूसा ﷺ लाई अल्लाहले आफनो समर्थन प्राप्त गराउनु भयो र तिनले आफनो जातिहरूलाई बचााउन सक्नु भयो।

यसरी नै ईसा मसीहमा पनि अल्लाह पाकले आफनो समर्थन पठाउनु भएको थियो। उहांले अल्लाहको हुकुम अनुसार नै मरेका मानिसहरूलाई जीवित पार्नु हुन्थ्यो र तिनलाई चिहानबाट निकालनु हुन्थ्यो। त्यसरी नै मुहम्मद ﷺ को हाथ देखि पानी चुहिन्थ्यो।

त्यसरी नै जब मक्काका काफिरहरूले मुहम्मद ﷺ संग तिनी पैगम्बर हुनुको चिन्ह माग्नु भयो त उहांले चन्द्र तिर संकेत गर्नु भयो त चन्द्र दुई टुक्रामा बिभाजित भई दियो जसलाई मानिसहरूले देखे। यिनीहरू हुन बौद्धिक चमत्कारी कुराहरू जसलाई अल्लाह पाकले आफना नबीहरूलाई दिनु भएको थियो।

**अल्लाहको एकेत्ववाद र त्यसमा अनिवार्यता ईमान ल्याउनुको प्रमाण नबीहरूको सत्यता हो।**

प्रत्येक नबीहरूले आफू नबी हुनुको कुरालाई प्रष्टयाएको छ। तिनको यस प्रकारको दावीले तिनलाई मानिसहरूमा या त तिनीहरू सत्य थिए वा तिनीहरू मित्थ्या थिएको कुरालाई स्पष्ट पार्दछ। त्यसैले नबीहरू सबै भन्द सत्य मानिसहरू होई बक्सनु हुन्थ्यो र नबूवतको दावी गर्नेहरू झुठो थिए। नबीहरूले जब अल्लाहबाट माग्रदर्शन लिई आए त अल्लाहले तिनको प्रशंसा गरे र तिनलाई मदत पनि गर्नुको साथै तिनको पदलाई उच्च पनि पारे एवं तिनको पुकारलाई सुने पनि र तिनको शत्रुहरू को नाश पनि गरे। यदि यिनीहरू असत्य हुन्थे त तिनलाई अल्लाहले नष्ट पारी दिनु हुनथ्यों र तिनलाई आफनो सहयोग प्राप्त गराउनु हुने थिएननू। जस्तै कि अल्लाह पाकले नबी हुनुको दावेदारहरू संग गर्नु भयो। त्यसैले नबीहरू प्रति अल्लाहको जांच सत्य छ। तिनीहरू सत्य हुनुको प्रमाण यही नै हो कि तिनले अल्लाहको समर्थनलाई प्राप्त गरे। त्यसैले अल्लाहको इबादत हुनु पनि सत्य नै हो।

**अल्लाह एक्लै हुनु हुन्छ को प्रमाण नै तिनी सृष्टिका मार्गदर्शक हुनुको प्रमाण हो :–** त्यसैले अल्लाह पाकले सम्पूर्ण प्राणी जगतलाई तिनको हितको पक्षमा नै बनाउनु भएको छ। त्यसैले त्यो कुन शक्ति हो जसले शिशुहरूलाई तिनको जन्मको समयमा नै आफनो आहार आमाको थनलाई छामना सिखाउदछ। उहां अल्लाह नै हुनु हुन्छ।

﴿ ٱلَّذِىٓ أَعۡطَىٰ كُلَّ شَىۡءٍ خَلۡقَهُۥ ثُمَّ هَدَىٰ ﴿٥٠﴾ ﴾ طه: ٥٠

एवं कुन हो त्यो जसले मानिसलाई शक्ति र बुद्धि प्रदान गर्नु भयो एवं तिनलाई ती कुराहरूको ज्ञान गराउनु भयो जस सम्बन्धमा तिनलाई कुनै ज्ञान नै थिएन। अवश्य नै तिनी उपासनाको योग्य अल्लाह पाक नै होई बक्सनु हुन्छ।

**2: स्वर्गदूतहरूमा ईमान ल्याउनु :–**

फरिश्ताहरू अल्लाह पाकको उपासना गर्ने वस्तुहरूमा अत्यन्त नै अलौकिक रचना हुन्। तिनीहरूमा उपासना र तिनीहरू नै कर्ता भर्ता र हर्ता हुनु को प्रमाण नै छैन। तिनीहरू अनेकौंको अवस्थामा छन्। अल्लाहलाई छोडी कसैमा पनि तिनलाई गन्न सक्ने क्षमता छैन। उहांमा ईमान ल्याउनुको निम्ति निम्न कुराहरूमा ईमान ल्याउनुको अवश्यकता छ।

१. उहांको अस्तित्वमा ईमान ल्याउनु।

२. तिनीहरू मध्ये जसको नाम थाहा छ तिनीहरूमा नामको साथ ईमान ल्याउनु। जस्तै जिबराईल ﷺ। एवं जसको नाम हामीलाई थाहा छैन तिनीहरूमा पनि संक्षेपमा ईमान ल्याउनु। अर्थात यस कुरामा विश्वास गर्नु कि अल्लाहका अनेकौं फरिश्ताहरू छन् तिनका नामहरूलाई याद राख्नुको अवश्यकता छैन।

३. तिनको तिनै गुणहरूमा ईमान ल्याउनु जसलाई हामीले चिन्दछौं जस्तै जिबराईल, मिकाईल, इस्राफील इत्यादि। नबी करिम ﷺ ले भन्नु भएको छ कि तिनीहरूको छ सौ वटा पंखहरू छन्। जसले सम्पूर्ण क्षितिजहरूलाई घेरी राखेको छ। तर कहिले कहीं तिनीहरूले पनि अल्लाहको

हुकुमानुसार मानिसको रूप धारण गर्ने गर्दछन। जस्तै कि जिबराईल ﷺ को साथमा भएको थियो। उनी ईसा मसीहको माता मर्यम निर रूप मानिसको रूप धारण गरी आएका थिए।

﴿ فَتَمَثَّلَ لَهَا بَشَرًا سَوِيًّا ﴿١٧﴾ ﴾ مريم: ١٧

यस पछि जिबराईल ﷺ ले यस्तो मानिसको पनि रूप धारण गरे जसको कपडा अत्यन्त नै सफेद थियो र कपाल ज्यादै कालो थियो। जसमा यात्राको थकानको कुनै चिन्ह नै थिएन। त्यस मानिसलाई त्यहां भएका कसैले पनि चिनेका थिएनन्। जिबराईल ﷺ रसूल ﷺ को छेउमा आई आफनो घुडालाई उहांको घुडा संग मिलाई बस्नु भयो। साथै आफनो दुबै हाथका हथकेलाहरूलाई आफनो जांधमा राख्दै उहां संग इस्लाम, इमान, एहसान, र कियामतको दिन सम्बन्धमा सोध्नु भयो। रसूलले यसको जवाफ दिनु भयो। त जिबराईल फर्कनु भयो। त्यस पछि रसूलले भन्नु भयो - यहां जिबराईल हुनु हुन्थ्यो। जसले तिमीलाई धर्म सिखाउनुको निम्ति यहां पाधार्नु भएको थियो। यसै गरी यिनै स्वर्गदुतहरूलाई अल्लाह पाकले इब्राहीम ﷺ र लूत ﷺ सम्म पठाउनु भएको थियो। उनी हरू समक्ष प्रकट हुदा तिनीहरू मानव आकृतिमा उपस्थित हुनु हुन्थ्यो।

**4. फरिश्ताहरूको कर्म सम्बन्धमा ईमान ल्याउनु** – तिनीहरूको काम अल्लाहको पवित्रताको बखान गर्नु। रात दिन बिना थकान बोध नगरिकन अल्लाहको इबादत गर्नु। स्वर्गदुतहरूको पनि काम हुने गर्दछ। जिबराईल ﷺ जसलाई अल्लाह पाकले नबीहरू समक्ष पवित्र मार्ग दर्शनहरूको बाहक बनाई पठाउनु हुन्थ्यो। मिकाईल ﷺ जसलाई वर्षाको काम सुम्पिएको छ। मालिक ﷺ जसलाई नरकको चौकिदार बनाईएको छ र अन्य फरिश्ताहरू जसलाई मानवको हितको र सुरक्षाको निम्ति बनाईएको छ।

### फरिश्ताहरूमा ईमानल्याउनुका लाभहरू

१. अल्लाहको महानता र उसको सत्ताको साथै उहांको राजसत्ताको ज्ञान यस कारणले कि सृष्टिको महानता तिनको स्वामीको महान हुनुको प्रमाण हो।

२. मानव जातिको निम्ति अल्लाहले जे जति कुराहरूलाई ध्यान दिई बनाइदिनु भएको छ सोको निम्ति उहांको कृतज्ञता कायम गर्नु। किन कि अल्लाहले केही स्वर्गदुतहरूलाई मानवको हितको निम्ति बनाई दिनु भएको छ।
३. फरिश्ताहरूको प्रेम द्वारा अल्लाहको निकटतालाई प्राप्त गर्नुः- किन कि फरिश्ताहरूले अल्लाहको इच्छानुसार नै काम गरेका हुन्छन।

**3ः किताबहरूमा ईमान ल्याउनु**

यो ईमानको तेस्रो स्तम्भ हो। किताबको अर्थ ती किताबहरू जसलाई अल्लाह रब्बूल आलमीनले लोक हितको निम्ति आफनो रसूलहरू सम्म पठाउनु भएको थियो। ताकि तिनले दुनियां र आखिरतको सौभाग्यलाई प्राप्त गर्न सकुन्। किताबहरूलाई उतारनुको अर्थ यो हो कि मानवले मात्र अल्लाहको इबादत गरोस र उहां संग कसैलाई सहभागी नठानोस र यिनै पुस्तकलाई मानव जीवनको संविधान मानोस, र हर भलाई तर्फ मानवलाई मार्गदर्शीत गरोस। तिनलाई जीवन र सुख

सुविधा दिउन र तिनको जीवनको बाटोलाई मार्ग दर्शीत पारोस एवं तीनको जीवनलाई प्रकाशित पारोस। किताबहरूमा ईमान ल्याउनुको तात्पर्य केही खास कुराहरू संग जुडेको छ।

१. यस माथी ईमान ल्याउनु कि यो किताबहरू अल्लाहबाट सत्यताको साथ अवतरणमा आएका छन।

२. जुन किताबहरूको नाम हामीलाई थाहा छ। तिनीहरूमा तिनको नाम सहित ईमान ल्याउनु र यो विश्वासलाई कायम गर्नु कि यी पुस्तकहरू अल्लाह द्वारा नै उतारिएका हुन। जुन किताबहरूको नाम हामीलाई थाहा छ तिनीहरूमा ईमान ल्याउनु। जस्तै कुरआन, इन्जील, तौरात, जुबूर इत्यादि।

३. किताबहरूमा नीहित सही खबरको पुष्टि गर्नु र आखिरी किताब कुरआन मजिदमा ईमान कायम गर्नु। यसलाई छोडी अरू कोई पनि पुस्तक मानवको मार्गदर्शन गराउनुमा पूर्ण छैन। यो पुस्तकहरू मा केही महत्वपूर्ण कुराहरूमा दुरस्त छ। यसै गरी मानव मात्रको विविध विचार धाराहरू जस्तै अन्याय, व्याभिचार, जुल्म, बीगार, र अधर्म प्रति सबैको विश्वास एक छ र यिनीहरू सम्पूर्णलाई यिनै कुराहरू प्रति लडनुको निम्तो दिदा छ। केही अन्तरिक कुराहरू छन जसमा बिरोधभास पाईन्छ र ती कुराहरू सिर्फ मानवको मात्र नै समस्याहरूको परिणाम हो। अर्थात हर मानवको निम्ति आ–आफनो नै शरीअत नीहित छ जुन तिनको निम्ति योग्य छ।

## पछिल्लो ईश्वरीय वाणीहरूमा कुरआनको स्थान

कुरआन अन्तिम ईश्वरीय वाणी हो। जसको म्याद सबै भन्दा बढी र लामो र पूर्ण छ उत्पत्ति सम्बन्धमा यसले फैसला गर्नेवाला छ। यसमा आचरण र चरित्रको फैसला नीहित छ। कुरआन मजिदमा पूर्व र पश्चात्य सभ्यताका कुराहरू नीहित छ। यसमा फैसला र आदेश नीहित छ। कुरआनले आफू भन्दा पहिले आएको पुस्तकहरू बारे साक्षी हो कि ती पुस्तकहरू सत्य थिए। त्यसैले कुरआनले जुन कुराको साक्षी दींदा छ त्यो सत्य हो र ग्रहण योग्य पनि छ। जुन कुराको यसले खण्डन गर्दछ ती कुराहरू कुत्सीत छन। यसमा कुनै प्रकारको कांट छांट र परिवर्तन भएको छैन। कुरआन उच्च शैली, सरलता, र चमत्कारमा आधारित छ। यसैले यो पुस्तकलाई अनुकरण गर्ने मानिसले यस भन्दा पूर्वका पुस्तकहरूमा पनि विश्वास गर्ने गर्दछन र सोको अनुकरण पनि गर्ने गर्दछन। किन कि यस भन्दा पहिले आएको पुस्तकले यसबारे जानकारी गराएको छ। यस अवस्थामा मानिसको धर्म हो कि त्यसले कुरआनको अनुकरण गरोस, र यसैको नियम बमोजीम जीवन निर्वाह गरोस। तब मात्र नै मानवको यस धर्मलाई स्वीकार गरीने छ। जुन पूर्ण मार्गदर्शन हो।

कुरआन मजीद मानवताको निम्ति अल्लाह पाकको अन्तिम संन्देश हो। यति मात्र नभई यो पुस्तकको आदेश र हुकुम दानव (जिन्नात) हरूको निम्ति पनि हो। यो पुस्तक ती पूर्वका पुस्तकहरू भन्दा भिन्नै प्रकारको छ। ती पुस्तकहरू मात्र एकै जाति र वंशका मानिसहरूको निम्ति आएको थियो। तर कुरआन करिम हर जाति र हर वंशका मानवहरूको निम्ति आएको सार्वजनिक दर्शन हो। जसमा कुनै प्रकारको हेर फेर र परिवर्तन गराइएको छैन। किन कि अल्लाह पाकको भनाई छ :

﴿ إِنَّا نَحْنُ نَزَّلْنَا ٱلذِّكْرَ وَإِنَّا لَهُۥ لَحَٰفِظُونَ ﴿٩﴾ ﴾ الحجر: ٩

हामीले नै कुरआनलाई उतारेका हौ र यसको सुरक्षाको जिम्मा पनि हामी माथि नै छ।

यहां जिक्रको तात्पर्य कुरआनको हुकुम र नबीको सुन्नतको समर्थनमा छ। मनमा कुरआन मजिदको अत्यन्त ठूलो प्रभाव छ। त्यसैले मनलगाई कुरआनलाई सुन्ने मानिस आफू भित्र अत्यन्त नै संतोषलाई प्राप्त गर्दछ। चाहे मानिसले कुरआन पढन जानोस वा नजानोस र अरबी पढन जानोस वा नजानोस। कुरआनले मानिसको मनलाई मोही लिने गर्दछ। यो कुरआनको मर्यादा र महानताको बाहेक अरू के हुन सक्छ?

सभ्यता र जातिको बिकासमा कुरआनको भूमिका अत्यन्त नै श्रेष्ठ छ। त्यसैले कुरआनको माध्यमले नै अल्लाह पाकले अरबजातिहरूमा अनेकौं विद्वानहरूलाई जन्म दिनु भयो र तिनलाई सभ्यताको अत्यन्त नै उत्तमजातिहरूको रूपमा उमार्नु भयो जब कि तिनीहरू इस्लाम आउनु भन्दा पूर्वमा असभ्यताको अन्धकारमा भौतारि रहेका थिए।

## कुरआनको गुण

कुरआन मजीदको गहीरो प्रभाव कहिल्यै समाप्त भएन र पटक पटक पढनाले कुरआन पुरानो भएन। जति मानिसले यसलाई पढने गर्दछन त्यति नै यसको प्रभावमा मिठास पाउने गरीन्छ।

कुरआनको विशेषता यो हो कि यसलाई सिख्ना पढना अल्लाह पाकले ज्यादै सरल गराई दिनु भएको छ। यसैले मुसलमानका नानीहरूले यसलाई सजिलै संग कंठ गर्ने गर्दछन। कुरआनको महान हुनुमा यसको न्यायोचित आदेश र सही मार्गदर्शनको महानता हो। त्यसैले यस पुस्तकमा प्रत्येक सूक्ष्म भन्दा सूक्ष्म कुराहरूलाई विस्तारित प्रकारले विश्लेषण गराइएको छ, जसको प्रमाण प्रत्येक बुद्धिजीवी मानिसले दिदा छ। चाहे ती अमुस्लिम विद्वान नै किन न होउन।

यसरी नै कुरआनको सत्य हुनुको प्रमाणलाई ठोकुवा लगाउने अमुस्लिम विद्वान महाशय विलियमले आफनो पुस्तक मुहम्मद को जीवनीमा लेख्नु भएको छ कि – कुरआन मजिद ती बौद्धिक एवं विवेक पूर्ण कुराहरूले भरिएको छ कि अल्लाह पाक हुनु हुन्छ, तिनी हर प्रकारको दोष र कमी बाट मुक्त छन, उही नै त्यो विधाता होई बक्सनु हुन्छ जसले सम्पूर्ण मानव जगतलाई तिनको राम्रो र नराम्रो कर्मको हिसाब लिनु हुन्छ। राम्रो कुराको अनुकरण र नराम्रो कुराबाट बचनुको अनुदेश पनि दिनु हुन्छ। र प्रत्येक मानिसमा अनिवार्यता छ कि त्यसले मात्र एउटै ईश्वरको अराधना गरोस।

र यस जीवनीमा महाशय विलियमले लेख्नु हुन्छ कि कुरआन धार्मिक आदेश र साहित्यको परिधिमा मात्र सीमित छैन बरू कुरआन संसारिक र पारलौकिक कुराहरूको जग हो। जस्तै फिक्ह, एकेश्वरवाद, अधिकार, ईमानको अदेश, र ब्रह्माण्ड को व्यवस्था, दुष्टहरूलाई दण्ड दिनु, एवं अधिकारहरूको सुरक्षा गर्नु आदि नीहित छ।

### नबी ﷺ को सुन्नत

रसूल करिम ﷺ को काम, कथन, गुण, विशेषता वा तकरीरलाई सुन्नते नबवी (हदीस) भनिन्छ।

सुन्नत कुरआन मजीदको टीका, यसको व्याख्या एवं त्यसको अर्थलाई बताउदछ। यसको सारलाई व्यापक बनाउद छ। एवं ती आदेशहरू जस द्वारा कुरआन खामोस छ। यसरी यी कुराहरू इस्लामिक कानूनको दोस्रो उत्पत्ति हो। त्यसैले अल्लाह पाक स्वयंले यसको सुरक्षाको जिम्मा लिएको छ। नबीको अनेकौं हदिसहरू छन। जसमा उलमाहरूले विशेष ध्यान दिएको छन। कुन सही हो र कुन जईफ हो को बारेमा अन्तर गराएको छन र त्यसलाई न्याय प्रिय हदीसका विद्वानहरू द्वारा हामी समक्ष ल्याइएको हो।

**किताबहरूमा ईमान ल्याउनुले लाभ**

१. अल्लाहको नेअ्मतको ज्ञान जसले हर जातिहरूमा तिनको मार्ग दर्शनको निम्ति किताबहरू उतारनु भयो।
२. अल्लाहको सार्वज्ञानी हुनुको ज्ञानलाई उहांले हर जातिहरूको निम्ति उहां उचित आदेशहरू उत्रि आयो।

३. मानव बिचारहरूको गलत विश्लेषण गर्नुको पक्षबाट आजाद छन्।

**4ः रसुलहरूमा ईमान ल्याउनु।**

यो ईमानको चौथौ स्तम्भ हो। रसुल तिनै मानिसहरूलाई भनिन्छ जसलाई शरीअत विधान दिइएको होस र सो शरीअतलाई प्रचार गर्नुको त्यसलाई आदेश पनि होस। सबै भन्दा पहिला रसूल नूह عليه السلام र अन्तिम मुहम्ममद ﷺ हुनु हुन्छ। अल्लाह पाकले प्रत्येक जातिहरूमा एक एक जना नबीलाई पठाउनु भएको थियो। यसरी क्रमिक प्रकारले नबीहरूलाई पठाउनुको मुख्य कारण थियो प्राचीन नबीहरूको शरीअतलाई जीवित नै राख्नु।

रसुलहरू पनि साधरण मानवहरू समान नै थिए। तिनीहरू पनि आम मानिसहरू समान नै जन्म लिई आएका थिए। तिनीहरूमा ईश्वरत्व र तिनको पालनपोषणको विधि निकायमा कुनै अलग प्रकारको तरिका थिएन। बरू साधारण मानवहरू समान नै तिनको पनि पालनपोषण भई आएको थियो। साधरण मानवहरू समान नै तिनीहरू पनि बिरामी हुने गर्द थिए। तिनलाई पनि खानु पिउनुको अवश्यकता थियो दिशा पिशाब गर्नुको आवश्यकता थियो।

**रसुलहरूमा ईमान ल्याउनुमा निम्न कुराहरूलाई आफ्नो ईमानमा राख्नुको अवश्यकता छ।**

१. रसुलहरूको पैगम्बरी दूतत्वको सत्यता माथि ईमान ल्याउनु :- त्यसैले जसले पनि कुनै पनि रसूललाई मानेन त तिनले सम्पूर्ण रसूलहरू नै अमान्य गऱ्यो। जस कसैले पनि ईसा मसीह عليه السلام, मुहम्मद ﷺ, लाई झुठो ठहराउदा छ तिनले सम्पूर्ण पैगम्बरहरूलाई नै झुठलायो भने सरह हुन्छ।

२. जुन जुन नबीहरूको नाम हामीलाई थाहा छ तिनीहरूको नाममा ईमान ल्याउनुको आवश्यकता छ। जस्तै - इब्रहीम ﷺ, मूसा ﷺ, ईसा ﷺ, र जिनीहरूको नाम हामीलाई थाहा छैन तिनीहरूमा पनि ईमान ल्याउनुको अवश्यकता छ। अर्थात यस कुरामा ईमान ल्याउनु कि अल्लाहका केही रसुलहरू छन जिनिहरूलाई अल्लाह पाकले नै आम मानवको हितको निम्ति पठाउनु भएको छ। जिनीहरूको नाम जान्नु नै पर्छ भन्ने छैन।

३. यिनीहरूको खबरलाई सही मान्नु।

४. अन्तिम रसूलको शरीअतमा ईमान ल्याउनु, जिनीहरूलाई सम्पूर्ण मानव जातिको निम्ति नै पठाउनु भएको छ।

**रसुलहरूमा ईमान ल्याउनुले लाभ**

१. आफनो सेवकहरू संग अल्लाहको दयालुताको ज्ञान कि अल्लाह पाकले मानवहरूको निम्ति तिनीहरूलाई मार्गदर्शन गराउनुको लागी रसुलहरू पठाउनु भयो। तिनीहरूले मानवलाई यही कुराको ज्ञान दिए कि कसरी अल्लाहको इबादत गर्ने हो र सोझो बाटोमा कसरी हिडने हो।
२. अल्लाहको यिनै नेअ्मतहरूमा अल्लाहको कृतज्ञता कायम गर्नु।

३. रसूलहरू संग प्रेम गर्नु र तिनलाई सम्मान गर्नु र तिनलाई उचित सम्मान दिनु। किन कि तिनीहरू अल्लाह पाकको रसूल हुनु हुन्थ्यो। तिनले पनि सत्य अल्लाहको पूजा गरी गए र तिनी नै पूजनीय हुनु हुन्छ को कुरालाई प्रसारमा ल्याउनु भयो, र सारा संसारको मानिसहरूलाई मुक्तिको बाटो देखाउनु भयो। तिनीहरू मानव जातिहरूमा अत्यन्त नै उत्तम हुनु हुन्थ्यो। तिनको आचरण र व्यक्तित्व अत्यन्त नै श्रेष्ठ र महान थियो।

**5ः प्रलयको दिनमा ईमान ल्याउनु**

आखिरतको दीनको अर्थ हो प्रलयको दिन। अर्थात मरेकाहरूलाई जीवित गराउनुको दिन। त्यस दिन स्वर्गदूत अर्थात फरिश्ताले शंखनाद गराउनु हुने छ त सम्पूर्ण मरेकाहरूलाई जीवित उठाउनु हुने छ।

**प्रलयको दिनमा ईमान तीनटै कुराको साथ हुनु पर्नै छ ः**

१. चिहानबाट पुनर उठाइनुको कुरालाई विश्वास गरि स्वर्गदूतहरू द्वारा शंखनाथ हुनुसाथ सम्पूर्ण मानवजाति सत्य ईश्वरको अगाडी नांगै खुट्टा, नांगै शरीर, मुसलमानी नगराइकन नै उभिने छन।
२. बदला र हिसाब हुने छ को बारेमा ईमान ल्याउनु ः- यसरी अल्लाह पाकको भनाई छ कि सेवकहरूको कर्मको हिसाब किताब तिनको कर्मानुसार नै हुने छ। जब बदला दिइने छ त सो बदला दिइनुको अवस्थामा सेवकले दश गुणा पुण्यफल पाउने छन र जसले जुन गल्ति गरेको हुन्छ उसले सो बराबर नै सजा पाउने छ र कसै माथि जुल्म हुने छैन।

३. स्वर्ग र नरकमा ईमान ल्याउनु कि यो दुवै लोक अमरत्वको जीवन बिताउनु पर्ने स्थान हो। स्वर्ग मोमिन र अल्लाह संग डराउनेवालाहरूको निम्ति र नरक पापीहरूको निम्ति हो। स्वर्गको सुखलाई न त कसैले आफनै आंखाले देखेको छ न ता कसैको मनले यसलाई ठम्याउन सकेको छ। स्वर्गमा मानिसहरू आ-आफनो सत्कर्मको हिसाबले ओहोदा प्राप्त गर्ने छन। नरक यातनाको त्यो घर हो जसमा अल्लाह र अल्लाहको रसूलको आज्ञालाई अमान्य गर्नेहरू रहने छन। जहां पापीहरूलाई

सजा दिइनुको दर्जा यति हुने छन कि जसको अनुभव मानव मात्राले आफनो कल्पनामा पनि सोंचेका हुदैनन।

**प्रलयको दिनमा ईमान ल्याउनुमा** –प्रलयको दिनको आगमान सम्बन्धमा ईमान ल्याउनु र त्यस दिनको आगमनको चिन्हहरू सम्बन्धमा पनि ईमान ल्याउनुको अवश्यकता छ।

**यसरी नै मरण पश्चात आफू अगाडी आई लाग्ने कुराहरूको बारेमा ईमान ल्याउनुको अवश्यकता छ।**

(क) – चिहानमा हुने प्रश्नः– मरेको मानिसलाई चिहानमा पुरीदिए पछि तिनीहरू संग सोध्नी हुने छ सो अवस्थामा तिनीहरूमा तिनको आत्मालाई फर्काइ दिइने छ। यसै अवस्थामा तिनीहरू संग तिनको धर्म तिनको पुजनीय र तिनको नबी सम्बन्धमा सोधिने छ। यस अवस्थामा अल्लाह पाकले आफनो मोमिन भक्तहरूलाई तिनको वास्तविक आस्थामा नै कायम गराई राख्नु हुने छ। मोमिनहरूले भन्ने छन मेरो धर्म इस्लाम हो। मेरो पुजनीय अल्लाह हो। मेरो नबी मुहम्मद ﷺ हुनु हुन्छ। यसरी जब जालिमहरूलाई अल्लाह पाकले पथभ्रष्ट गराउनु हुने छ त तिनमा कहर आउने छ र भन्ने छन हाय.. मलाई थाहा नै छैन। कपटी र भ्रममा रहेकाहरूले भन्ने छन हाय.. मलाई थाहा नै छैन, मानिसहरूलाई यसो भनेको सुनेको थिए त्यसैले मैले पनि त्यसो नै भनें।

(ख) – चिहानको प्रताडन र त्यहां पाइने पुण्यः– चिहानको सजा जालिम, अत्यचारी, र भ्रष्टचारीहरू को निम्ति हो। जब त्यो अत्यचारी गर्मी र त्यसको कष्टले बिताडीड भई रहने छ। तिनको चिहानलाई सांघुरो बनाई दिइने छ। यसमा कुनै शंका छैन कि चिहानको पुण्यता मात्र मोमिनहरूको निम्ति नै हुने छ। तिनको निम्ति स्वर्गको दैलोहरू खोलि दिइने छ र तिनको चिहानहरूलाई खुल्ला गराइने छ। एवं तिनको आखांहरूलाई शितलता उपलब्ध गराइने साधनहरूलाई उपलब्ध गराइने छ।

**प्रलयको दिनमा ईमान ल्याउनुले लाभ**

१. आज्ञापालन र बन्दगीको इच्छा राख्नु।
२. अवज्ञाबाट डराउनु।
३. संसारबाट नष्ट हुने कुराहरूबाट मोमिनलाई डराउनु पर्ने अवश्यकता छ।
४. दुःख र परेशानीहरूको अवस्थामा धैर्य धारण गर्नु।

**मरणपछि उठाइने छ को कुरालाई इन्कार गर्नुको खण्डन**

अविश्वासीहरूले मरण पश्चात उठाइने छ को सम्बन्धमा इन्कार गर्ने गर्दछन। यस बिचारले कि यस प्रकारको काम असम्भव नै छ। तिनको यो बिचार कयौं दृष्टिबाट असत्य ठहरिन्छ र निराधार पनि हो।

(क) शरीअत :
अल्लाहको कथन छ :

﴿ زَعَمَ ٱلَّذِينَ كَفَرُوٓاْ أَن لَّن يُبۡعَثُواْۚ قُلۡ بَلَىٰ وَرَبِّي لَتُبۡعَثُنَّ ثُمَّ لَتُنَبَّؤُنَّ بِمَا عَمِلۡتُمۡۚ وَذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٞ ٧ ﴾ التغابن: ٧

अर्थात् अविश्वासीहरूलाई यस कुराको घमण्ड छ कि तिनीहरूलाई उठाइने छैन। त तिमीले भन कि हो मेरो पालनकर्ताको कसम! अवश्य पनि तिमीहरूलाई उठाइने छ र तिमीलाई तिम्रो कर्मको खबर दिइने छ। अल्लाहलाई यसो गर्नुमा कुनै अपठयारो छैन।

(ख) अल्लाहले नै पहिले सृष्टि गर्नु भयो। जसले पहिले सृष्टि गर्नु भयो उहांलाई पुनः जीवन दान दिनु कुनै ठुलो कुरा हैन।

(ग) चेतनाः यसै कारणले अल्लाह पाकले संसारमा नै मुर्दाहरूलाई जीवित गरी देखाउनु भएको छ। जस्तै मूसा ﷵ का जातिलाई जब तिनले गुहार मागे।

﴿ حَتَّىٰ نَرَى ٱللَّهَ جَهْـرَةً ﴾ البقرة: ٥٥

तिनका जातीले मूसा ﷵ लाई भने हामी तिमीलाई कदापि विश्वास गर्दैनौं तब सम्मा जब सम्म अल्लाहलाई हामीले आफनै आंखाले देखी न लिउं। त अल्लाहले उनीहरूलाई मृत्यु दिई फेरि जिउंदो गर्नु भयो।

यसै प्रकारले बनी इस्राईलका परिवारहरू मध्ये जिनले मूसा ﷵ संग हत्यारा संबन्धमा प्रश्न गरेको थिए त मूसा ﷵ ले अल्लाहको आदेशानुसार भन्नु भयो कि हत्याराको खोज गर्नुको लागि एउटा गाईलाई यसको नाममा बलि देउ र त्यस गाईको मासूको टुकराले त्यस मरेको मानिसको शरीर मा हान, जब त्यसरी हानियो त त्यो मानिस जीवित भयो र आफनु हत्याराको नाम भनि पुनः मरिगयो।

यसरी नै मृत्युको भयले जब मानिसहरू आ-आफनो घरहरू देखि निक्ले ता पनि अल्लाह पाकले तिनलाई छोडेनन् तिनीलाई मृत्यु दिई फेरि जिउन्दा गर्नु भयो।

यसरी नै अल्लाह पाकले ईसा ﷵ लाई पनि सो हि प्रकारको गुण र चमत्कारले विभुषित गराउनु भएको थियो, उहांले अल्लाहको अनुमति द्वारा मरेकोलाई जिउन्दो गर्नु हुन्थ्यो।

### चिहानको यातना एवं त्यसको नेअ्मतलाई इन्कार गर्ने विचारको खण्डन।

केही मानिसहरूले कब्रको यातना र त्यसको नेअ्मतलाई नकारदछन। तिनले यही प्रमाण दिने गर्दछन कि चिहान कसैको न त सांघुरो हुन्छ न खुला र फराकिलो। तिनको यो बिचार पनि कयौं कारणले असत्य ठहरिन्छ।

(क) शरीअत - यसरी कुरआन र हदीसका अनेकौं प्रमाणहरू चिहानको यातना र त्यहांको नेअ्मत सम्बन्धमा साबित गर्दछ। त्यसैले यसको बिरोध गर्नु, खण्डन गर्नु, र असत्य हो भन्नु जायज हैन।

(ख) अनुभव - चिहानमा सुत्नु निद्रामा सुत्नुको समान नै हो र त्यो सुतेको मानिसले देख्दछ कि त्यो कुनै खुला स्थानमा छ। जहां त्यसले नेअ्मतहरू पाउने गर्दछ। या त त्यसलाई लाग्छ कि त्यो मानिस कुनै भयभव स्थानमा छ। यस्तै अवस्थामा उ डरले निद्राबाट नै अचानक उठी दिने गर्दछ र होसमा आउदा उसले पाउद छ कि उ त आफनै कोठामा आफनै बिस्तर देखि कहिं गएको नै छैन!!

यस सम्बन्ध यस कुरालाई जान्नुको अवश्यकता छ कि चिहानको सजा र चिहानको नेअ्मत मात्र चिहानमा गाडीएको मानिस संग मात्र हैन बरू चिहानमा गाडीएको हर मुर्दा संग यही नै हुने गर्दछ। जुन सुकै हालतमा मानिस मरोस र जहां कहीं नै मरोस तिनीहरू संग यसै हुने गर्दछ।

### 6. तकदीर वा भाग्यमा ईमान ल्याउनु

तकदीर : यसको अर्थ यो हो कि अल्लाह पाकले आफनो ज्ञानको माध्यमले सम्पूर्ण रचनाका कुराहरूको कर्मकाण्डलाई तिनको भाग्यमा सुनिश्चित गराई दिनु भएको छ। यो मानिसको जन्म भन्दा पहिलेको तिनको जीवनमा गरिनु पर्ने कर्मकाण्ड हो। जसलाई कहां कुन तरिकाले बेहोर्नु छ कहां गई कुन तरीकाले आफनो कर्म गर्नु छ कहां कसले कसरी र कुन हालतमा जन्म लियो र कहां कुन तरीकाले मर्नु पर्ने हो। कसैलाई थाहा छैन। अर्थात यस प्रकृतिको प्रत्येक वस्तु जुन तपाई सामु नीहित छ र तिनलाई बेहोर्नु परेको छ यो तपाईको नै तकदीर हो।

### तकदीरमा ईमान ल्याउनुको अर्थ

तकदीरमा ईमान ल्याउनुको अर्थ हो कि अल्लाह पाक वर्तमानको हालत, भूतकालको हालत, को साथै भविश्यमा तपाई संग पुनः के हुने हो हर कुराहरू बारे राम्ररी नै जानकारी राख्नु हुन्छ। साथै तपाईको यो बिचार कि तपाई नै आफनो निम्ति सबै कुरा हुनु हुन्छ त यो सरासर गलत हो तपाईको चाहना र तपाईको ईच्छामा केही कुरा नीहित छैन बरू अल्लाहको नै इच्छा र चाहानाले मात्र सबै कुरा सुनिश्चित छ। अल्लाह पाकले हर मानिसको भाग्यलाई सुनिश्चित पारी दिनु भएको छ। त्यसैले तपाईको भाग्यमा जे बेहोर्नु छ नबेहोरी सुःख छैन। त्यसै अधारमा अल्लाह पाकले मानवलाई यो हुकुम दिनु भएको छ कि तिनले अल्लाहको इबादत पनि गरून अवज्ञाबाट पर रहुन। जुन मानिसको जीवनको अत्यन्त र महत्वपूर्ण कर्म हो। यीनै कुराहरूमा ईमान ल्याउनु नै तकदीरमा ईमान ल्याउनु हो। यसरी जब मानिसले अल्लाह द्वारा पाइने इनामको बारेमा सोचने गर्दछन र उहांबाट प्राप्त हुने दण्डबाट डरी अपराधबाट आफूलाई रोक्ने गर्दछन। त्यसैले मानवलाई हिदायत छ कि जब तिनले राम्रो कर्म गरून त तिनले अल्लाहको प्रशंसा गरून र जब जानी वा अज्ञानतामा

तिनीहरूबाट नराम्रो कर्महोस त अल्लाह संग क्षमा याचना गरून। यसरी तकदीरमा ईमान ल्याउनुको अर्थले मनमा शान्ति संतोष सुःख अमन ल्याउदछ। नपाउने कुराहरूमा मानिस दुखित हुदैनन र मानव भित्र वीरता र धैर्यताको शक्तिले घर बसाउदछ। यसै कारणले सदाचारी मानिसहरूले भाग्यको देन सम्बन्धमा ईमान ल्याउने गर्दछन। जसले भाग्यमा ईमान ल्याउने गर्दैनन तिनको भाग्यमा सुःखा शान्ति कहिल्यै आउदैन। त्यसैले गैरमुस्लिमहरूको बसोबासको ठाउमा आत्मा हत्याको दर धेरै पाउने गर्दछौ। किन कि तिनमा धैर्यताको अभाव हुने गर्दछ। तिनमा साधरण आपत र बिपदालाई सहन सक्ने शीप हुदैन तर जुन मानिसहरूमा अल्लाह प्रतिको ईमानको भरमार रहन्छ तिनले हर दुःख र हर कष्टलाई आफनो भाग्यको देन सम्झी नै सहन गर्ने क्षमता राख्ने गर्दछन। तिनको ईमानमा यही कुरा नीहित भई रहन्छ कि अल्लाह पाकले आफनो प्रत्येक रचनाका पात्रहरूको किस्मतमा राम्रो सिवाय अरू केही लेख्नु हुदैन। यद्यपि फैसला ज्यादै कठोर नै किन न होस। सोको परिणाम मोमिनहरूको निम्ति अत्यन्त उत्तम र सुःख दायी हुने गर्दछ। त्यसैले मानिसले अल्लाह द्वारा दिइएको भाग्यको देन सम्बन्धमा सन्तुष्ठ हुने गर्दछन।

❁❁❁

**इस्लाममा उपासनाको परिकल्पना**

**उपासनाको परिभाषा** – इस्लाममा उपासनाको अर्थ हो कि मानवले अल्लाहको आदेशहरूको पालन गरोस र उहांले मनाही गर्नु भएको कुराहरूबाट आफुलाई रोकि उहांको समीपता पाउने कोशीस गरोस। एवं उपासनाहरूमा ती सम्पूर्ण कुराहरू शामिल छ जुन मानिसले लुकी चोरी गर्ने गर्दछन। राम्रो कामलाई ग्राहयता दिनु र नराम्रो कर्मबाट आफू रोकिनु। जसलाई गर्नुमा अल्लाह पाक खुशी हुनु हुन्छ। उपासनाको वास्तविक अस्तित्वले र त्यसको सारंशले मानिसको प्रेमभाव अल्लाह प्रति र तिनको आज्ञापालनको दिशालाई सुनिश्चित पार्दछ।

**उपासनाका शर्तहरू** – उपासना त्यसै समयमा कबूल गरीन्छ जब उपासनामा निम्न दुई शर्तहरू पाईन्छ।

**1. अल्लाह प्रति निष्ठावान हुनु। 2. र नबी करिम ﷺ को कथन र कर्मलाई अनुकरण गर्नु :–** यसको अर्थहो कि उपासनाको प्रत्येक तरीका सिर्फ अल्लाहको निम्ति नै होस र सो तरीका जसरी नबी करिम ﷺ ले दिनु भएको छ त्यसरी नै होस। त्यसैले नमाज उपासना हो जसलाई मात्र अल्लाहको निम्ति नै हुनु पर्नेको अवश्यकता छ र यसैले निष्ठाको थाहा लाग्ने गर्दछ, र नमाजको वास्तविक अवस्था र सोको हाल जुन नबी करिम ﷺ बाट साबित छ अनुसार नै नमाज पढनुको अवश्यकता छ। जसमा नबीको सहमति साबित हुनु पर्‍यो।

**उपासनालाई शुद्ध पार्नुको निम्ति यी दुई शर्तहरू को महत्व।**

१. अल्लाहले मात्र आफनो उपासनाको हुकुम दिएको छ र अल्लाहलाई छोडी अरूको उपासना गर्नु शिर्क हुने छ। अल्लाहको भनाई छ।

﴿ وَٱدْعُوهُ مُخْلِصِينَ لَهُ ٱلدِّينَ ﴾ الأعراف: ٢٩

तिमीले निष्ठाको साथमा अल्लाहलाई पुकारने गर।

२. अल्लाहले शरीअतलाई बनाउने काम आफनो लागी विशेष गराएको छ र यसमा मात्र उसैको नै हक छ र जसले अल्लाहको शरीअतको बिरूद्धमा गई उपासनालाई कायम गर्ने छन त त्यसले अल्लाह संग कानून बनाउनुमा शिर्क गर्‍यो।

३. अल्लाहले हाम्रो निम्ति दीनलाई पूर्ण गराइ दिएको छ। त्यसैले जुन मानिसले आफनै तर्फ देखि कुनै प्रकारको उपासनाको तरीकालाई अवलम्बन गर्दछ त त्यसले धर्ममा बृद्धि गर्‍यो र धर्ममा कमीको दावी गर्‍यो।

४. यदि मानवलाई आफनो इच्छानुसार उपासना गर्नुको हक हुदो होस त हर मानवको निम्ति पूजाको तरीका बेग्ला बेग्लै हुने गर्दथियो र मानिसको जीवन नरक बनी दिने गर्द थियो। व्यक्तिगत शत्रुताको स्वभावमा अनेकौ मतभेद हुने गर्द थियो। यद्यपि इस्लामले मानवलाई एकता र मिलीजुली रहनुको हुकुम दिदा छ।

**उपासनाको प्रकार** – उपासना विविध प्रकारका हुन्छन। जस्तै नमाज, ज़कात, रोज़ा, हज, आमा बाबा संग राम्रो व्यावहार गर्नु, नातेदारहरूको हकलाई उपलब्ध गराउनु, सत्य आचरण, इमानदारी,

वफादारी, भलाईको आदेश दिनु, बूराईबाट बचनु, बाटोबाट नराम्रो कुराहरूलाई रोक्नु, अनाथ र गरीबहरूलाई हेर्नु, पशुहरू संग अमनको व्यावहार गर्नु, दया गर्नु, एहसान गर्नु, अल्लाह संग मदत माग्नु, अल्लाहको शरण चाहनु, अल्लाहको गुणगान गर्नु, उहांमा भरोसा गर्नु, प्रयाश्चित गर्नु, प्रसन्नतामा रहनु, प्रेम र आशा, एवं शर्महया पनि पूजाको नै हिस्सा हो।

**उपासनाको प्रमुख हुनु** – उपासना अल्लाहलाई मन पराउने कुरा हो। जसको निम्ति अल्लाह पाकले मानवलाई रचनामा ल्यायो। नबीहरूलाई रचनामा लाउनु भयो र यीनै त्यो उद्देश्य हुन जसको निम्ति मानवलाई अल्लाह पाकले रचनामा ल्याउनु भएको थियो, नबीहरूलाई पठाउनु भयो, किताबहरूलाई उतारनु भयो र धर्मको मार्गमा नचल्नेहरूको निन्दा पनि गर्नु भएको छ।

उपासना मानिसहरूलाई परेशानी र अप्ठयारोमा पार्नुको निम्ति लागू गराइएको हैन बरू असंख्य भलाईहरू यसमा विद्यमान छ। उपासनाको श्रेष्ठता यही नै हो कि यसले मानवको मनलाई साफ र पवित्र पार्दछ र तिनलाई मानव सम्प्रदायहरूमा अत्यन्त उच्चताको ओहोदामा पुऱ्याई दिने गर्दछ। एवं उपासनाले हमेशा मानवलाई सुख र सम्पदा प्राप्त गराउद छ। त्यसैले जुन मानिसले सदैवको सौभाग्य चाहदा छन तिनलाई हुकुम छ कि तिनले मात्र अल्लाहको नै उपासन गरून।

उपासनाको श्रेष्ठता यो पनि हो कि उपासनाको यस विधिले मानवलाई राम्रो काम तर्फ उत्साहित र नराम्रो कामबाट रोक्दछ। हर प्रकारको अप्ठयारो परिस्थितिहरूमा धैर्यताकायम गराउद छ। यसरी सेवकले सेवकको गुलामी र जुल्मबाट मुक्त पाउदछ। अप्ठयारो स्थितिहरूमा तिनले धैर्यता दिलाउदछ। जसले गर्दा तिनको मनोबल बुलन्द हुंदा छ। उपासनाको श्रेष्ठता यो पनि हो कि यसले मानिस बीच तिनको ओहोदाको वर्चस्व, स्वर्गको प्रसन्नता र नरकबाट मुक्त हुनुको कारण हो।

## इस्लाममा नारीको स्थान

इस्लामले महिलाहरूको स्थानलाई काफी मान्यता दिएको छ। महिलाहरूको मर्यादा र तिनको इज्जतको सम्मानलाई शायद नै कुनै धर्मले त्यतिको सम्मान दिएको होस। इस्लाममा महिलाहरूको स्वतंत्रताको नाममा तिनलाई खुला छोडी तीर हान्नुको हैन बरू तिनको मर्यादाको सम्मान चाहे खुलापनमा होस या शरीअतले दिएको अजादीमा होस तिनको मर्यादाको सम्मान गराइएको छ। किन कि महिलाहरू पुरूषहरू झै हुन। असल मानिस त तिनै हुन जसले आफनो परिवारमा आफ्नो सम्बन्ध राम्ररी कायम गर्दछ। मुसलमान नानीहरूलाई तिनको शिशुकाल देखि नै आमाको स्तनपानको आनन्द मिल्ने गर्दछ। तिनलाई राम्रो शिक्षा र संस्कारको तालिमको हक उपलब्ध गराइएको छ। शिशु अवस्थामा तिनको यिनै अवस्थाहरूमा आफनो हर प्रकारको स्वतंत्रतालाई पाउने गर्दछ। तिनको आँखामा शितलता प्राप्त गर्ने गर्दछ। आफनो परिवारमा तिनलाई परिवारको मर्यादा मानिने गर्दछ। जब तिनीहरू बढने गर्दछिन त तिनको वलीले तिनलाई सम्मान दिने गर्दछ र तिनको लालन पालनमा कुनै प्रकारको कमि राख्ने गर्दैनन। तिनको लालन पालन र तिनको परवरिसमा कदापि अपमान जनक व्यावहारहरूलाई दबावमा ल्याइने छैन।

र जब तिनी विवाहिता बन्ने गर्दछिन त तिनले पतिको घरमा पनि सम्मान पाउने गर्दछिन। पतिले तिनको सम्मान गर्ने गर्दछ। तिनी संग दुर्व्यवहार गर्ने गर्दैनन। सम्मानीय स्त्रीको निम्ति तिनको कष्टदायक कुराहरूलाई पन्छाउनु पति र परिवारको सदस्यको कर्तव्य हुने गर्दछ। यसरी जब तिनीहरू आमा बन्ने गर्दछिन त तिनले अल्लाहबाट सो मा एहसान हुने हक पाउने गर्दछिन। यसरी तिनीहरू प्रतिको दुर्व्यवहार धर्तीमा शिर्क संग मिल्ने गर्दछ। जब तिनी चेली हुन्छिन त मुसलमानलाई तिनी संग नातो जोडने र तिनलाई सम्मान गर्नुको आदेश दिएको छ र खाला हुनुको अवस्थामा एहसान र नातोपातो निभोसको निम्ति तिनले आमाको स्थान प्राप्त गर्ने गर्दछिन र जब तिनी हजुर आमा वा नानी हुने गर्दछिन त तिनको ओहोदा आफनो सन्तानहरूमा बढने गर्दछ।

इस्लामले महिलाहरूको सम्मानलाई यति सूक्ष्म तरीकाले संरक्षित गराइएको छ कि तिनको महिला हुनुको मर्यादा र नारी हुनुको मर्यादलाई सभ्य आचरण र स-चरित्रवान बनी निभाउनुको हुकुम दिदा छ। तिनलाई गलत हाथ र निगाहबाट बचाउनुको निम्ति आदेश दिइएको छ। त्यसैले इस्लामले नारीको यिनै मर्यादाहरूलाई सम्पन्न गराउनको निम्ति नै आुलाई पर्दामा राखी लोग्नेको मान र सम्मान परिवारको मान र सम्मानको कुरालाई ध्यानमा राखी पर्दा प्रथाको व्यावस्था गराई आएको छ। सो हुकुमको पालन नै तिनको निम्ति सम्मान र मर्यादाको सार हो। इस्लामले पतिहरू लाई तिनीहरू माथि अत्यचार नगर्नु तिनीहरू प्रति आफनो अर्धाङ्गीनी हुनुको कारणले गर्दा तिनीहरू प्रति नरमी र तिनको सम्मान गर्नुको हुकुम दीइएको छ र पत्नीलाई हुकुम छ कि पतिको आचरण र व्यवहार नराम्रो भएको अवस्थामा तिनले आफनो पतिबाट अलग हुन सक्ने छिन।

इस्लामले महिलाहरूलाई यस प्रकारले पनि सम्मानित गराएको छ कि तिनको पुरूषले कयौं विवाह गर्न पनि सक्ने छन। दुई तीन या चार। तर यो प्रथा एकै शर्तमा लागू छ कि पतिले सबै नारीहरू संग समान व्यावहार गरोस। एकाधिक विवाह गर्नुमा अनेकौं भलाईहरू छन र अनेकौ प्रकारको पुण्यताहरू पनि छ। जसको फाइदा इस्लामलाई बदनाम र इस्लामलाई दोष दिनेहरूको निम्ति हुन सक्दैन। एकाधिक विवाहले निम्न फाइदा छन।

१. इस्लामले वेश्या वृत्तिलाई ह़राम करार गराएको छ। यस प्रकारको कर्मलाई ह़राम ठहऱ्याउनुको निम्ति कठोरताको साथमा यसलाई लागू गराइएको छ। यो यस कारणले कि यसमा अनेकौं आपत्तिजनक कुराहरू छन। जस्तै हाडकाण्डमा पडनु पर्ने, महिलाको शुशीलता र मलिनतामा कमि वा तिनको मान र मर्यादामा नै खोट आउन सक्ने प्रकारको दोष। यस प्रकारको बिगारको गन्ध मात्र तिनीहरूमा मात्र हैन बरू तिनको खानदान र बिरादरी सम्मलाई बदनाम गराउद छ। वेश्यावृत्ति द्वारा जन्मेको नानीहरू माथिपनि अत्यन्त नै अत्यचार हुने गर्दछ। किन कि त्यसले संतानको शुद्धतालाई आमाको कुचरित्रताको आडमा नै गुमाएको हुन्छ।

व्यभिचारीहरूको निम्ति सजा यो पनि पुग्न जान्छ कि तिनको मानसिक र पासविक अवस्थामा मानसिक व्याघत र विविध रोगहरूले सताउने गर्दछ। यिनै कुरालाई ध्यानमा राखी नै इस्लामले आज भन्दा पहिले नै यौन दुराचारीको बारेमा विविध प्रतिवन्धहरू लगाई आएको छ। जसलाई अमान्य गर्नुको सजा आजका मानिसले भोगी रहेका छन।

इस्लामले जब वेश्या वृत्तिलाई ह़राम करार गर्यो त अर्को तिर अर्को दैलोलाई पनि खोलि दिएको छ र त्यो दैलो हो विवाह निःसंदेह विवाह देखि कसैलाई रोक्नु यो जुल्म हो। यो त्यो कारण हो जसले मानिसलाई वेश्यवृत्ति तर्फ लाने गर्दछ। किन कि महिलाहरूको संख्या हमेशा र प्रत्येक समयमा नै पुरूषहरूको भन्दा बढी नै हुन जान्छ। खासगरी कम बुराईहरूको समयमा।

एकै महिलामा निर्भर रहनु पर्दाको अवस्थामा समाजमा अनेकौ महिलाहरू अविवाहित नै रहने गर्दछिन। त्यसैले तिनलाई विविध प्रकारको अपठयारो स्थितीहरूमा रहनु परेको हुन्छ। यति मात्र नभई कहिले कहिं तिनीहरूलाई गुमराहीको बाटोमा पनि जानु परेको हुन्छ।
२. विवाह मात्र शारीरीक लाभ मात्र हैन बरू त्यसमा सुख र चैन पनि छ। जसमा संतानको सुख पनि छ। त्यसैले इस्लाममा शिशुहरूको स्थान एक छ र आमा बाबाको स्थान अनेकौं छ। अब नारीको निम्ति यो जरूरी छ कि तिनले कुनै पुरूषको छत्र छायामा आफनो जीवनलाई बिताओस। जसमा सुख होस शान्तिहोस। सधै र हर सुःख दुःखमा एक अर्काको साथ दिउन। यो कदापि राम्रो हैन कि तपाईको समाजको कुनै पनि नारी एक्लै यता उता बिलक्षण बनि जीवन बिताओस।

३. नारीको निम्ति कुन कुरा राम्रो हो? एउटै श्रीमान संग त्यसको अर्को श्रीमति संग जीवन बिताओस वा एक्लै यता उता घुमी हीडी बिलक्षणी बनी आफनो जीवन पनि बर्बाद गरोस र अरू को जीवनमा पनि समस्याहरूलाई जगाओस। बहु विवाहले समाजमा कुमारी नारीको संतुलनलाई कायम गर्दछ। जहां यस कुराको बिरोध हुने गर्दछ त्यहां दंगा र फसादको आगोमा झुलसिन जान्छ। एवं यो भन्दा ठुलो राम्रो कुरा के हुन सक्छ कि मानिस निर दुई तीन र चार स्त्री होस न कि दुई तीन र चार प्रेमीकाहरू होस र बैधानिक सम्बन्धको आडमा समाजमा बिगारहरूले जन्म लिओस।

४. वहु विवाह - यो अवश्यकता नै छैन। कयौं मुसलमान पतिहरूले मात्र एउटै विवाहमा जीवन यापन गर्ने गर्दछन। तिनको निम्ति एउटै स्त्री पर्याप्त छ। त्यसलाई न्यायको माथि समर्थन छैन। यसैले तीनलाई एक भन्दा अधिक विवाहको अवश्यकता छैन।

५. महिलाको स्वाभव पुरूषको स्वाभव देखि भिन्न नै हुने गर्दछ। अतः महलिाहरू पनि हर पल र हर समय संभोगको निम्ति त्यार रहने गर्दैनन। किन कि तिनको पनि महिनामा दुई पटक महिनावारी राजस्वला हुने गर्दछ। सो दिनहरूमा तिनलाई संभोगबाट पर रहनु छ। एवं सन्तान जयजन्म वा

प्रसवतिको अवस्थामा चालिस दिन सम्म चोखो रहनुको अवश्यकता छ। यी दुवै दिनहरूमा शरीअतको नियम बमोजिम संभोग वर्जित छ। किन कि यसमा अनेकौ प्रकारको नुकसानहरू छन। गर्भधारणको समयमा नारीलाई संभोगको इच्छा पुरूषमा भन्दा कम नै हुन्छ। तर पुरूषको प्रकृतिमा तिनको यौन इच्छा शाल भरी नै एकै नाशको हुन्छ। यसैले यदि मानिसहरूलाई एकाधिक विवाहको निम्ति रोकिने गरीन्छ त तिनको यिनै चाहानाहरूले तिनलाई यौन दुराचार तर्फ जानुलाई उक्साउन सक्दछ।

६. स्त्री बांझ रहन्छ त तिनले पतिलाई संतानको सुख दिन सक्दैन। खास गरी पुत्र प्राप्तिको सुखमा पति संतोष रहने गर्दैनन र तिनले पुनः विवाह गर्ने गर्दछन। तर जब यसो नभई यसो होस कि पत्नीको स्थानमा पति बांझहोस त के त्यस पतिबाट पत्नीले तलाक छुट भिन्न हुन सक्दछिन? यसको जवाफ हो...... हां यदि तिनले चाहन्छिन त तिनले पतिबाट अलग हुन सक्दछिन।

७. यदि स्त्री रोगी छिन र भयंकर रोगले ग्रासीद हुदा छिन र पतिको सेवा गर्नमा असमर्थ रहंदछिन र तीनले आफनो पतिको सेवा गर्न असमर्थ रहदछिन त पार पछुकी गर्नुको साटो पतिले दोस्रो विवाह गर्न सक्ने छ।

८. पत्नीको व्यावहार नराम्रो भएको अवस्थामा :- त्यस प्रकारको व्यावहार कठोर र दुराचारी हुने गर्दछ। आफनो पतिलाई राम्ररी हेरचाह गर्ने गर्दीनन। त तीनलाई पारपछुकि दिनुको साटो लोग्नेले अर्को विवाह गरि लिने छ। पत्नीको वफादारीलाई मध्ये नजर राख्दै जब तिनीहरू गर्भवति हुने छिन त नानीलाई असर नपडोसको शर्तमा लोग्नेले दोस्रो श्रीमती संग रात गुजारदा छ त यसमा दुवैको भलाई छ।

९. नानीहरू जन्माउनको निम्ति महिलामा भन्दा पुरूषको ताकतको व्यावहार अधिक हुने गर्दछ। यसैले लोग्ने मानिसले साठी शालको उमेरमा पनि नानी जन्माउने क्षमता राख्ने गर्दछ। कहिले कहिं महिलाहरूमा पनि संतान जन्माउने ताकत सौ शाल सम्म पनि हुंदाछ। यसैले औसतन नारीहरूको आयु र तीनको जयजन्मको क्षमता चालिस देखी पचासशाल सम्मको हुने गर्दछ त्यसैले मुसलमानहरू को वंशजलाई बढाउनुमा रोक वहु विवाहलाई वहिस्कार गर्दमा हुन्छ।

१०. दोस्रो विवाहले पहिलो स्त्रीलाई आराम मिल्दछ। यसैले दोस्रो पत्नीले पहिलो पत्नीको बोझ अर्थात लोग्नेको स्याहार सुसार मान र सम्मानको ख्याल राखी लोग्नेको रेख देखमा लाग्ने छिन त पहिलो स्त्रीलाई केही हद सम्मा राहत मिल्ने गर्दछ। यसैले केही बुद्धिमति नारीहरू जसको आयु बृद्ध अवस्थामा पुग्ने गर्दछ त तिनले आफनो लोग्नेलाई पुनः विवाहको सल्लाह दिने गर्दछिन।

११. सवाब पुण्यको खोज - कुनै पनि पुरूषले यदि गरीब अनाथ, र बेसाहारा नारीहरूलाई शरण दिनुको निम्ति तिनलाई खोजी खोजी विवाह गर्दछन त तिनलाई अल्लाहको तर्फबाट पुण्यकर्मको फल दिने गरिन्छ।

१२. अल्लाह पाकले नै एकाधिक विवाहको अनुमति दिएको छ। किन कि उहांलाई आफनो सेवकहरू को अवश्यकता बारे अधिक जानकारी छ। यसैले उनीहरू माथि अल्लाह पाकको कृपाभाव अनेक छ। यसरी मुसलमानको निम्ति दोस्रो विवाहको हुकुम र सोको आदेश यहां स्पष्ट हुने गर्दछ। र जसले यस बारेमा मुसलमानलाई लांक्षना लाउने गर्दछन उनीहरूको नादानी यहां खुली स्पष्ट भई आउद छ।

इस्लाममले छोरीलाई पनि पैतृक सम्पत्तिहरूमा अंश दिई तिनको हक र सम्मानको मर्यादालाई कायम नै राख्द छ। आमाको निर्धारित अंश छ, पत्नीको निर्धारित अंश छ, दिदी बहिनीको पनि निर्धारित अंश छ।

समाजको निर्माणमा र सो समाजमा नारीको हक र सम्मानको निम्ति इस्लामले नारीलाई पनि सम्मान हक र सो हकमा पैतृक सम्पत्तिको आधा अंश छोरीलाई उपलब्ध गराएको छ। कतिपय मूर्ख मानिसहरूले यो सम्झने गर्दछन कि यसरी छोरीलाई आधा हिस्सा दिनु न्याय संगत होइन भनि प्रश्नवाचक चिन्ह उभ्याउने गर्दछन। तिनको प्रश्नको यही नै जवाफ हो कि अल्लाह पाकले नै छोरीहरूको हकलाई निर्धारित गराइ दिनु भएकोले मुसलमानको समाजमा सो कानूनलाई सम्मान पनि छ र मान्यता पनि। किन कि अल्लाह पाकलाई सो समबन्धीको कुरालाई जाननेवाला बुझनेवाला होई बक्सनु हुन्छ। यस संम्बन्धमा जानकारी रहोस कि पत्नीको पालन पोषणको जिम्मेदारी पति माथि अनिवार्य छ र पत्नीको मेहरलाई पति माथि अति नै जरूरी मानिएको छ।

इस्लामले छोडी संसारको कुनै पनि संस्कार र धर्मले नारीको हक र हितलाई यसरी बराबरीको तुलनामा उभ्याउन सकेको छैन। इस्लामले नारीहरूलाई सम्मानित र आदरणीय बनाएको छ जब कि त्यहीं अन्य धर्महरूले नारीलाई अपराधको जड भनि घोषित पनि गरेको छ। सम्पत्ति र जिम्मेदारीको हकलाई तिनीहरूबाट खोसेको छ। तिनलाई अपमान तिरस्कार तुच्छताको जीवन विताउनमा विवश गराएको छ र तीनलाई अपवित्र सम्झीदै आएको छ।

जुन सुकै पनि मुसलमानहरूको राष्ट्रमा नारीहरूको हकको हनन हुदैछ र इस्लाम संग सम्बन्ध राख्नेवाला मानिसबाट तिनको अधिकारहरूलाई रौदीदै छ त यहां तिनमा इस्लामिक ज्ञानको अभाव मात्र देखिन्छ। धर्म मानिसको सो प्रकारको कर्मबाट मुक्त छ। मानिसको यस प्रकारको गल्तिको इलाज इस्लाम एवं यसको शिक्षाहरू तर्फ ध्यान दिनुमा मात्र सम्भव छ।

वर्तमानमा पश्चिमी सभ्यताका नारीहरूलाई त्यहांका मानिसहरूले शुद्ध भौतिक भोग र विलासको बस्तु सम्झी रहेका छन। शिक्षा, सभ्यता, र प्रगतिको नाममा तिनलाई बेपर्दा गराइदै छ। श्रृंगार र सज धजलाई आकर्षक बनाउनको निम्ति शरीरका अधिकांश भागहरूलाई खुल्ला नै देखाई हिडने गर्दछन। सुन्दरी नारीहरूलाई विज्ञापनको निम्ति तैयार गर्ने गर्दछन। यिनीहरू निर मात्र सुन्दरी नारीहरूको मात्र मान्यता छ। त्यहीं जब तिनै नारीहरू बुढी हुदै जाने गर्दछिन त तिनलाई काममा नआउने कुरा सम्झी फाली दिने गर्दछन्।

अत नै ती सभ्यताका अनुकरणमा कुरूप र सुन्दरताबिहीन नारीहरूको कुनै सम्मान छैन। बृद्ध आमा, नानी, र दादीहरूको त्यहांको समाजामा कुनै महत्व नै छैन। यी नारीहरूलाई या त बृद्ध आश्रमहरूमा शरण लिनु परेको छ। तिनलाई सोध्नेवाला र रेखदेख गर्नेवाला कोई छैन। इस्लाममा नारीको स्थान झन् बढी नै छ। जब तिनी बृद्धावस्थामा जाने गर्दछिन त तिनको मान र सम्मान झन बढी हुने गर्दछ।

**प्रश्न**

यस भन्दा अघिको पाठहरूमा हामीले इस्लामको महानता र त्यसको धर्मको रूपमा पूर्ण हुनु, यसको न्याय र मानवता प्रति यसको अवश्यकता सुनाइएको थियो। केही मानवहरूको मनमा यो प्रश्नले जनम लिन सक्छ कि जब इस्लाम यति नै महान र पूर्ण धर्म र न्याय संगत छ त आजको युगमा सबै भन्दा प्रगतिशील किन छैन र हामीले किन अनेकौं मुसलमानहरूलाई यस धर्मको विधि निकायबाट अनेकौं पर किन पाउने गर्द छौं? यस प्रकारको दावीमा कहां सम्माको सच्चाई छ? कि इस्लाम अतिबाद र आतंकबादको वा यसलाई बढावा दिने धर्म हो?

अल्हम्दुलिल्लाह यस प्रश्नको उत्तर धेरै सजिलो छ
१. यस युगका मुसलमानको अवस्थाले इस्लामको वास्तविकताको प्रतिनिधित्वलाई दर्शाउने गर्दैन। यसैले जुल्म र संर्किणताको कुरा यो छ कि मुसलमानलाई इस्लामको प्रतिनिधिरूप मानियोस। किन कि तिनले इस्लामबाट अपमान, तिरस्कार, मतभेद, र फूटको साथै भोक र गरीबीलाई हटाउनमा असमर्थ भए। न्यायको साथमा जसले इस्लामलाई जान्न चाहान्छन तिनको निम्ति जरूरी यो छ कि तिनले इस्लाम तर्फ ध्यान दिउन एवं इस्लामबाट सही कुराहरू जुन कुरआन र अल्लाहको नबी मुहम्मद ﷺ को सुन्नत र साहाबा ए करामको नैतिक जीवनको प्रकाशमा अनुकरण गर्नुलाई हेरून त तिनलाई थाहा लाग्द छ कि इस्लामले मानवलाई मात्र संसारिक भलाई तर्फ नै निम्तो दिने गर्दछ र त्यसले हर प्रकारको ज्ञानकारी कुराहरू सिखाउनको निम्ति मानवलाई प्रलोभित पार्दछ। साथै एकता मेल मिलापको साथै संकल्पलाई बलियो पार्ने जस्तो कुराहरू तर्फ निमंत्रण दिने गर्दछ। इस्लाम संग सम्बन्धमा रहेका केही अधर्मि कुनै पनि प्रकारले धर्मको अंश वा हिस्सा बन्न सक्दैनन। न त तिनको यस प्रकारको आचरणले दीनलाई राम्रो वा नराम्रो भन्न मिलछ। यसर्थ धर्म त्यसको गल्तिहरू बाट मुक्त छ।

२. मुसलमानहरूको अवनति र अघोगतिको रहस्य हो कि मुसलमान आफनो धर्मबाट पर छन। मुसलमान सभ्यताको दौरमा तब मात्र नै पछि रहे जब तिनमा आपसी मतभेद, फूट, तिरस्कार, एवं अर्काको मान र सम्मानको विषयमा हेलचक्राई गरी धर्मको सत्यवाणी वा सोको अनुकरणमा हेलचक्राई गरे। र अल्लाहको आदेशको पालनामा सक्रीयता निभाएनन।

इस्लाम प्रगतिशील धर्म हो र जब मुसलमान आफनो धर्ममा निष्ठावान बनी हिडी नै रहेका थिए त संसारको एउटा विराट भूभाग तिनको अधिनमा चली रहेको थियो। तिनको इस्लामिक चरित्रमा खोट आउन साथ तिनले आफनो पारम्पारिक अधिनस्तमा रहेका स्थानहरूलाई पनि गुमाउनु पऱ्यो र आज संसारको विविध अंचलका मुसलमानहरूको जीवनमा विनाश लिला मची रहेको छ। सो को निम्ति तिनी आफै जीम्मेवारी छन, इस्लाम तिनीहरूको यस अवस्था देखि मुक्त र पवित्र छ।

मात्र भौतिक प्रगति मात्र पर्याप्त हैन, साथै यसको साथमा सत्य धर्मलाई पनि अनुकरण र अनुशरण गर्नुको अवश्यकता छ। यसैले आत्मालाई पवित्र पार्दछ र आचरणलाई बुलन्द गर्दछ। यसैले जब काफिरहरूले दुनियादारीको भौतिक तत्वहरूमा प्रगति गर्दै गए तर अध्यात्मिक क्षेत्रबाट पर सर्दै गए र अवहेलना गर्दै गए त तिनीहरू गुमराही र तिरस्कारमा पडदै गए। तिनको यस हालमा यो कुरा प्रमाणित हुन्छ कि के तिनको भौतिक सभ्यताले तिनलाई केही लाभ दियो? के तिनको सभ्यता अत्यचार, जुल्म, लालसा, दासता एवं कमजोर बर्ग माथि अत्यचार गरी नै थालनीमा आएको हैन? के तिनमा बेईमानी चोरी हत्या एवं वासनाको सबै भन्दा बर्बरता पूर्ण सभ्यताले स्थान पाएको

थिएन। यसरी साबित हुदा छ कि भौतिक तत्व र सो को प्रगतिमा जब धर्म हकबाट खाली होस त हानि सिवाय अरू केही छैन।

३. तिनको यो दावी कि इस्लाम धर्म कट्टरवाद र आतंकवादको धर्म हो त यो सरासर गलत हो र निराधार हो। यसैले यो कुरा पूर्ण प्रकारले झुठो हो र मानिसहरूलाई इस्लामबाट पर सार्नुको सोंची गरी आएको योजना मात्र हो। इस्लाम दयालुता, नर्मी, एवं क्षमा शीलताको धर्म हो। अल्लाहको बाटो मा संघर्ष गरी जाने धर्म हो। सो संघर्षको अवस्थामा मुसलमानले तरवार ठीक त्यसरी नै लिएको छ जसरी डाक्टरले बिरामीको उपचारको निम्ति बिरामीको शरीरलाई काटने गर्दछ। त्यसैले जिहादको तात्पर्य यो होइन कि मानिसले व्यार्थमा कसैको रगत बगाओस, अरूलाई परेशान गरोस, बरू यो त अल्लाहको कलिमालाई बुलन्द गराउनुको निम्ति हो र मानवलाई मानवताको दासता र पूजाबाट मुक्त गराउनु को निम्ति हो, अल्लाहको मार्गमा तिनलाई अनुसरण गराउनु हो ताकि तिनले पनि सम्मान जनक जीवन विताउन सकुन।

मुस्लिम समुदाय एउटा आदर्शमय समुदाय हो। जसलाई मानिसहरूको भलाईको निम्ति बनाइएको हो जिनीहरूले अल्लाहको नाममा सत्य आस्था र विश्वासको निम्ति संघर्ष गरे त अल्लाहको कृपाभावले तिनीहरू विजय प्राप्त गरे। यसले दयालुता, स्नेह, र प्रेमको व्यावहार तिनीहरू संग गरे र फैसला गरे त न्यायको साथमा शासन गरे त मानिसहरूलाई आजादी दियो। सुझ बुझ एवं तत्वदर्शीताको गाठोलाई खोली दिए। त्यस्ता केही उदाहरणहरू इतिहासको पानामा भरी परेको छ। नबी करिम ﷺ ले जब दुश्मनहरू माथि विजय प्राप्त गरे त जिनीहरूले तपाई र तपाईको साथीहरूलाई सताई दुख र कष्ट दिएका थिए त तिनीहरू माथि विजय हासिल गरे पश्चात तिनीहरू संग उहांले नरमी र क्षमाको साथै दया र नम्रताको व्यावहार गर्नु भएको थियो।

एवं जब मुसलमानले कैसर व किसरा माथि विजयी भए त उहांले वेईमानी गर्दीनको आफनो वचनलाई तोडनु भएन। युद्धमा पराजित भएका नारीहरू संग छेड छाड गर्नु भएन। गीर्जाहरूको राहिबहरू संग नराम्रो व्यावहार गर्नु भएन। धतीमा बिगारहरूलाई फैलाइएन। उत्पात मचाइएन, तिनका घरहरूलाई नेस्तनाबुद पारीएन एवं न पेड र पौधाहरूलाई नै काटियो। र जब सलाहुद्दीन अय्यूबीले यी सलीबीहरू माथि विजय प्राप्त गरे जिनीहरूले मुसलमानहरूलाई नाना तरीकाले दुःख दिई आएका थिए त उहांले तिनको बादशाहालाई पनि माफ गरि दिनु भयो र गिरफतार गरीएको बादशाहाको उपचार गरी उहांलाई छोडी दिइयो।

मुसलमानहरूको इतिहासमा यस प्रकारको उदारता, न्याय दया र कृपा गरिनुको अनेकौं घटनाहरू छन जसको उदाहरणलाई हेरी नै मानिसहरूले इसलाममा प्रवेश गरेका थिए र छन। गैर मुसलमानहरूको इतिहासमा यस प्रकारको प्रमाण धेरै कम छ। जवाफ ति नै हो जस सम्बन्धमा सबैलाई थाहा छ। हिटलर, मसूलेनी, लेनिन, एवं स्तालिन आदिको इतिहास सबैको सामु छ। त्यस्ता मूर्ख शासकहरूलाई युरोपले नै जन्माएका हुन। जिनीहरूले लाखौं मानिसहरू मारे, जिनीहरू संग मानवतालाई विनाशको सामना गर्नु परेको थियो। त के तपाईलाई थाहा छैन कि यिनलाई युरोपेली सभ्यताको मुखिया कहलाइन्थ्यो। यस अर्थमा तपाई आफै बुझनु होस त सरकश र संगमन भएको मानिसहरू को हुन? एवं वास्तवमा तिनीहरू को हुन जसले आन्तरिक्ष र समुद्रहरूमा बारूद र बिषालु पदार्थहरूलाई बिस्फोरण गराई ब्रह्माण्डको वातावरणलाई नै नष्ट पारी रहेको छ। तिनको यस प्रकारको काममा सज्जनता र न्याय संग कुनै सम्पर्क नै छैन। तिनीहरूको हुन जसले महिलाहरू लाई विधवा र बांझ बनाई दिने गर्दछन? मानिसहरूको जाजाद र तिनको आजादीलाई खोस्ने

गर्दछन? र एडस जस्तो रोगलाई फैलाउदछन? के पश्चिमका मानिसहरू तिनीहरू संग छैनन? जसले यहुदीहरूको मदत गर्ने गर्दछन? जुन संसारमा सबै भन्दा बढी आतंक फैलाउनेवाला हुन। यही नै त्यो वास्तविकता हो, र यही नै त्यो आतंकवाद हो। आफनो सुरक्षाको निम्ति कसै संग युद्ध गर्नु न त आतंकवाद हो न अन्याय। वरू यो त हर मानवको निम्ति स्वआत्माको रक्षाको अधिकार हो। हां यसैको शिलसिलामा कुनै मुसलमानले आफनो सुझ बुझको बाटो अपनाउनमा गल्ति गर्दछ त यो प्रकृया पश्चिमी राष्ट्रहरूको जस्तै गरी बर्बरता या जुल्म अन्याय र अत्याचारको अगाडी केही पनि हैन। सो निम्ति सम्बन्धित मानिस नै जिम्मेदारी हुने गर्दछ। धर्म र अरू मुसलमान तिनीहरूबाट अलग नै रहन्छन। कहिले कहिं तिनको यस गल्तिको उचित कारण पनि हुने गर्दछ। जस्तै काफिरहरूले मुसलमान माथि अत्यचार गर्नु, जसले तिनलाई अनुचित कामलाई गराउनमा विवश गराई दिने गर्दछ। त्यसैले बुद्धिमान न्यायधीशको कर्तव्य हुन्छ कि सो प्रकारको केसलाई ज्यादती, झुठ को आधार नलीईकन, सर्कीणताबाट हटी मात्र विचार गरोस।

मानवलाई युरोप र अमेरीकन को तरीमा आश्र्चय त छ कि तिनले अनेकौं वस्तुहरूको रहस्यलाई खोल्यो तर तीनले इस्लाम धर्मको वास्तविकतालाई भने चिन्न सकेनन। जब कि यो संसारको अति नै उत्तम कुरा हो र इस्लामको वास्तविक सौभाग्यको जमानत हो, त के तिनीहरू इस्लामको वास्तविकता देखि परिचित छन? वा तिनीहरू आफू पनि अंधो बनि रहेका छन र अरूलाई यसबाट रोकि रहेका छन?

### समापन र दअ्वत

इस्लामधर्मको महानतालाई दर्शाउनु को साथै यस कुरालाई दर्शाउनु को पछि यो मात्र नै अल्लाह निर मुक्तिको साधन हो र यसमा सम्पूर्ण मानव जगतलाई नै प्रवेश गर्नुको आवश्यकता छ। इस्लाममा प्रवेश गर्नुको निम्ति तपाईलाई निम्तो दिइदैं छ। तपाईको लागि यसकुराको आवश्यकता छ कि तपाईले आफू कसरी इस्लाममा प्रवेश गर्नुको बारेमा सोध्नु होस। सोको जवाफ यही नै हो कि मनुष्य इस्लाममा आफनो प्रकृति एवं वास्तविक स्वछन्दतामा प्रवेश गर्ने गर्दछन। यसैले इस्लामको दावी छ प्रत्येक मानव यस धर्तिमा स्वछन्द प्रकृतिको वातावरणमा नै जन्म लिने गर्दछ। जुन इस्लाम हो। यसरी त्यो नानी आफनो पालनकर्ता प्रति आस्था र विश्वासलाई कायम गरी एवं उहां नै आफनो पालनकर्ता र सृष्टिकर्ता हुनु को कुरामा विश्वास्थ भई उहां संगको प्रेम भावमा नै जनम लिने गर्दछ। जब उ यस प्रकृतिमा भूमिष्ठ हुनुको अवस्थामा थियो त उ शुद्ध इस्लामिक अवस्थामा थियो। अनि अब जब त्यही बालक क्रमिक प्रकारले बृद्ध अवस्थामा पुग्ने गर्दछ र इस्लाममा प्रवेश गर्दछ त तिनलाई पुनः कुनै नवीकरणको आवश्यकता नै छैन। तर जब त्यही शिशु अमुस्लिम माता पिताको कोखमा जन्मने गर्दछन र तिनको असत्य धर्मलाई स्विकार गरी लिने गर्दछन त तिनको निम्ति यस कुराको आवश्यकता छ कि तिनले त्यस असत्य धर्मलाई छोडी यस सत्य धर्ममा प्रवेश गरून र यस कुरालाई जिब्रो र मनले नै स्वीकार गरून कि अल्लाहलाई छोडी अरू कोई सत्य पुजनीय छैनन र मुहम्मद ﷺ अल्लाहको नै रसूल हुनु हुन्छ। यस पछि उस माथि आवश्यक छ कि तिनले अब धर्मीय शिक्षाको बारेमा जानकारी प्राप्त गरोस र अल्लाहको इबादत नमाजलाई कायम गरोस।

| क्र. | विषय-सूची | पृष्ठ संख्या |
|---|---|---|
| 1 | भूमिका | 01 |
| 2 | मानवता को कथा | 02 |
| 3 | मुहम्मद ﷺ को नबूवत र उहांको संक्षिप्त जीवनचार्य | 05 |
| (क) | उहांमा नबूवतको संकेत | 06 |
| (ख) | नबीको वंशावली र उहांको जीवनीको संक्षिप्त परिचय | 08 |
| (ग) | पवित्र मार्गदर्शनको आरम्भ | 11 |
| (घ) | तपाईको चरित्र र आचरण | 13 |
| 4 | उहांको नबूवतको सत्यतामा अंग्रेज दार्शनिक थामस कार - लायलको गवाही। | 14 |
| 5 | इस्लामका केही विशेषताहरू | 16 |
| 6 | इस्लामका केही गुणहरू | 21 |
| (क) | इस्लामका केही महान आदेशहरू | 21 |
| (ख) | इस्लाममा बुराईहरूको उन्मूलन र तिनलाई रोक्नुको आदेश | 23 |
| 7 | इस्लामके स्तम्भहरू | 24 |
| 8 | स्तंभहरूको अर्थ | 25 |
| (क) | यस कुराको साक्षी दिनु कि अल्लाह नै एक मात्र उपासक होई बक्सनु हुन्छ र मुहम्मद ﷺ अल्लाहको पैगम्बर होई बक्सनु हुन्छ। | 25 |
| (ख) | नमाज स्थापित गर्नु | 25 |
| (ग) | जकातलाई दिनु | 26 |
| (घ) | रमजानको महिनामा रोजा राख्नु | 26 |
| (ङ) | काबाको हज गर्नु | 26 |
| 9 | इस्लामी आस्थाको निवहरू | 27 |
| 10 | अल्लाहमा ईमान ल्याउनु | 27 |
| (क) | अल्लाहको एक हुनुको सत्यता र उहांमा ईमान ल्याउनुको बौद्धिक साक्षीदान | 27 |
| (ख) | अल्लाहको एकेत्ववाद र त्यसमा अनिवार्यता ईमान ल्याउनुको प्रमाण नबीहरूको सत्यता हो | 27 |
| 11 | देवदुतहरूमा ईमान ल्याउनु | 27 |
| (क) | फरिस्ताहरूमा इमानल्याउनुका लाभहरू | 28 |
| 12 | किताबहरूमा ईमान ल्याउनु | 33 |
| (क) | पछिल्लो ईश्वरीय वाणीहरूमा कुरआनको स्थान | 34 |
| (ख) | कुरआनको गुण | 34 |

| | | |
|---|---|---|
| (ग) | नबी ﷺ को सुन्नत | 35 |
| (घ) | किताबहरूमा ईमानल्याउनको लाभ | 35 |
| 13 | रसुलहरूमा ईमान ल्याउनु | 37 |
| (क) | रसुलहरूमा ईमान ल्याउनुको लाभ | 38 |
| 14 | प्रलयको दिनमा ईमान ल्याउनु | 38 |
| (क) | मरणपछी उठाइने छ को कुरालाई इन्कार गर्नुको खण्डन | 38 |
| (ख) | चिहानको याताना एवं त्यसको नेअ्मतलाई इन्कार गर्ने विचारको खण्डन। | 39 |
| 15 | तकदीर वा भाग्यमा ईमान ल्याउनु | 41 |
| 16 | इस्लाममा उपासनाको परिकल्पना | 43 |
| 17 | इस्लाममा नारीको स्थान | 45 |
| 18 | प्रश्न | 49 |
| 19 | समापन र दअ्वत | 52 |